सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१८ मंसिर २०८०, सोमबार (4 Dec 2023, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २२४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

एनसेलको सेयर बिक्रीमा कर छली भएको लेखा समितिको आशंका

तीनवटा नियामक निकायसँग नौ बुँदामा जवाफ माग



फाइल तस्बिर



● सहसचिव **एकराम गिरी**
समिति सचिव

सार्वजनिक लेखा समितिले यो विषयमा छलफल बोलाउनुअघि नियामक निकायहरूसँग प्रारम्भिक जानकारी मागेको हो। छलफल गर्नुअघि तथ्य-प्रमाण प्राप्त गरेर तयारीसहित छलफल गराउने उद्देश्य हो। एनसेल सेयर खरिद-बिक्रीमा त पुरानै विषय पनि बाँकी छन्।

पवन तिमिल्सिना/नयाँ पत्रिका

शंकास्पद रूपमा भएको एनसेलको सेयर खरिद-बिक्रीबारे संसद्को सार्वजनिक लेखा समितिले नियामक निकायहरूसँग जवाफ मागेको छ। नियामक निकायहरूलाई थाहै नदिई मलेसियन टेलिकम कम्पनी आजियाटा ग्रुपले एनसेलमा रहेको आफ्नो स्वामित्वको ८० प्रतिशत सेयर बेलायतमा दर्ता भएको स्पेक्टूलाइट कम्पनीलाई बिक्री गरेको तथ्य बाहिरिएपछि समितिले चासो देखाएको हो।

लेखा समितिले आइतबार तीनवटा नियामक निकाय आन्तरिक राजस्व विभाग, नेपाल दूरसञ्चार प्राधिकरण र कम्पनी रजिस्ट्रारको कार्यालयलाई पत्राचार गर्दै लेखेको छ, 'एनसेलको विदेशी होल्डिङ कम्पनीको स्वामित्वमा रहेको कम्पनीको सेयर खरिद-बिक्री वा हक हस्तान्तरण गर्दा कम्पनीले सेवा प्रवाह गरिरहेको मुलुकको कानुनी व्यवस्था परिपालना गर्नुपर्ने, नपर्ने के हो ?'

लेखाले यो विषयमा छलफलको तयारी गरिरहेको समिति सचिव एकराम गिरीले बताए। उनले भने, 'समितिले यो विषयमा छलफल बोलाउनुअघि नियामक निकायहरूसँग प्रारम्भिक जानकारी मागेको हो। छलफल गर्नुअघि तथ्य-प्रमाण प्राप्त गरेर तयारीसहित छलफल गराउने उद्देश्य हो। एनसेल सेयर खरिद-बिक्रीमा त पुरानै विषय पनि बाँकी छन्।'

गत शुक्रबार आजियाटाले प्रेस विज्ञप्ति जारी गर्दै सेयर खरिद-बिक्रीबारे जानकारी गराएको थियो। यसका आधारमा सञ्चारमाध्यममा आइरहेका टीका-टिप्पणीलाई आधार बनाई जानकारी माग गरिएको सहसचिव गिरीले बताए।

लेखा समितिले एनसेल सेयर खरिद-बिक्रीमा मूलतः

» पृष्ठ २ मा क्रमशः

सार्वजनिक लेखा समितिले जवाफ मागेका नौ विषय

१ आजियाटाले आफ्नो स्वामित्वको ८० प्रतिशत (सम्पूर्ण सेयर) स्पेक्ट्रलाइट कम्पनीलाई बिक्री गरेको विज्ञप्ति जारी भएको देखिन्छ। त्यसको आधिकारिकता के हो ?

२ एनसेलको विदेशी होल्डिङ कम्पनीको स्वामित्वमा रहेको कम्पनीको सेयर खरिद-बिक्री वा हक हस्तान्तरण गर्दा कम्पनीले सेवा प्रवाह गरिरहेको मुलुकको कानुनी व्यवस्था परिपालना गर्नुपर्ने, नपर्ने के हो ?

३ सेयर खरिद-बिक्री वा नामसारी गर्नुपूर्व दूरसञ्चार प्राधिकरणको अनुमति वा स्वीकृति प्राप्त गर्नुपर्ने कानुनी प्रावधान पूरा भएको छ वा छैन ? परिपालना नभएको अवस्थामा कानुनबमोजिम के कारबाही हुन्छ ?

४ यसअघि भएको कारोबारभन्दा निकै कम मूल्यमा सेयर कारोबार हुनुको कारणलाई नियमनकारी निकायले कुन रूपमा लिएको छ ?

५ आजियाटाले दोहोरो कर, नियमनमा अनिश्चितता र नेपालमा वैदेशिक लगानीलाई संरक्षण गर्ने वातावरण नभएको जिकिर गरेको छ। एनसेलको सेयर बिक्रीले नेपाललाई पर्न सक्ने प्रतिकूल प्रभाव के हुन् ? त्यहाँको धारणा के हो ?

६ नेपालबाहिर यसरी स्वामित्व हक हस्तान्तरण हुँदा कम्पनीले सरकारलाई तिर्नुपर्ने कर के हुन्छ ? करदाता (ठूला करदाता भएकाले)ले सेयर बिक्रीसहित यति रकम तिर्छु भनी स्वघोषणा गरेको छ वा छैन ? यस्तोमा आन्तरिक राजस्व विभागले 'जियोपार्डी एसेसमेन्ट' गर्ने गरेको छ वा छैन ?

७ पाँच करोडभन्दा बढी चुक्ता पुँजी भएको दूरसञ्चार सेवाप्रदायक कम्पनी दुई वर्षभित्र पब्लिक लिमिटेड कम्पनीमा परिणत भई सेयर कारोबार गर्न धितोपत्र बोर्डमा सूचीकृत हुनुपर्छ। तर, एनसेल बोर्डमा सूचीकृत भएको देखिँदैन। उसको सेयर कारोबारको प्रकृति हेर्दा प्राइभेट कम्पनीको जस्तो कारोबार भएको देखिन्छ, यस सम्बन्धमा सम्बन्धित निकायको भनाइ के छ ?

८ नेपालको कर प्रणाली छलेर भएको सेयर खरिद-बिक्री नियमनकारी संस्थाहरूलाई जानकारी नै नदिई भएको सुनिन आएको छ। यो खरिद-बिक्री प्रक्रिया र पारदर्शितामाथि नियमनकारी निकायको के भनाइ छ ?

९ ६ वर्षपछि सरकारको स्वामित्वमा आउने सुनिश्चित हुँदाहुँदै त्यसलाई असर पर्न सक्ने गरी भएको कारोबारलाई अनुमति वा स्वीकृति प्रदान गर्ने-नगर्ने सम्बन्धमा नियमनकारी निकायको भनाइ के छ ? नियमनकारी निकायले अनुमति नदिएको अवस्थामा कारोबारको वैधानिकता के हुन्छ ?

Ncell an axiata company

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

■ म्यानमारमा 'साइबर दास' बनाएर चिनियाँद्वारा नेपालीलाई यातना

उद्धार नभएपछि आठ-आठ लाख फिरौती बुझाएर फर्किए ५० नेपाली

दिनमा २० घन्टासम्म काम नगरे भोकभोकै राख्नेदेखि करेन्ट लगाउनेसम्मका यातना दिइन्थ्यो

पछिल्लो एक वर्षमा करिब ६० जना स्वदेश फर्किएको हामीलाई जानकारी छ



● **हरिश्चन्द्र घिमिरे**
म्यानमारका लागि नेपाली राजदूत

धेरैजसो नेपाली थाइल्यान्डको नजिक रहेको क्षेत्रमा छन्, ठ्याक्कै कति छन् भन्न सकिने अवस्था छैन। पछिल्लो एक वर्षमा करिब ६० जना भने स्वदेश फर्किएको हामीलाई जानकारी छ। कतिपय थाइल्यान्ड हुँदै फर्कने भएकाले म्यानमारको दूतावासले जानकारी पाउने गरेको छैन।

नवराज मैनाली/नयाँ पत्रिका

बर्मामा चिनियाँ गिरोहद्वारा 'साइबर दास' बनाइएका नेपाली उद्धार हुन नसकेपछि फिरौती रकम बुझाएर स्वदेश फर्किएका छन्। महिनौंको यातना र लाखौं रकम गुमाएका ५० भन्दा धेरै नेपाली हालै आफ्नै पहलमा स्वदेश फर्किएका हुन्।

उद्धारका लागि सात युवाको हारगुहार

यातना खप्न नसकेपछि प्रतिव्यक्ति ६ हजार अमेरिकी डलर (करिब आठ लाख नेपाली रुपैयाँ) बुझाएर आफूहरू नेपाल आइपुगेको पीडितहरूले बताएका छन्। उनीहरूमध्ये केहीले प्रहरीमा उजुरीसमेत दिएका छन्।

आकर्षक रोजगारीको प्रलोभनमा मानव तस्करीमा संलग्न समूहले ठूलो संख्यामा नेपालीलाई बर्मा लगेर बन्धक बनाई 'अनलाइन स्क्याम'मा लगाउने

» पृष्ठ २ मा क्रमशः

■ यसरी लगियो, यस्तो यातना दिइयो



नेपालीलाई बन्धक बनाइएको म्यानमारस्थित एक चिनियाँ क्याम्प

धादिङको नीलकण्ठ घर भएका सन्तोष (नाम परिवर्तन) पोखराको एक होटेलमा काम गर्थे। उनको कमाइ मासिक करिब ५० हजार थियो। सामान्य चिनजानकी सुनिता नेपालीले उनलाई म्यानमारमा कम्प्युटरबाट ट्रान्सलेसनसम्बन्धी काममा जाने प्रस्ताव गरिन्। लागत जम्मा डेढ लाख, मासिक कमाइ एक हजार डलर हुने प्रस्तावमा उनी पनि लोभिए।

सुनितामार्फत चिनेका अर्का एक व्यक्तिलाई सन्तोषले डकुमेन्ट लगेर बुझाए। उनको थाइल्यान्डको भिसा आयो। उनीसहित पाँचजना गत वर्ष भदौमा थाइल्यान्ड पुगे। थाइल्यान्डको विमानस्थलबाट तस्कर समूहले गाडीमा राखेर म्यानमारको सीमासम्म पुऱ्यायो। त्यहाँबाट डुंगामा खोला तारेर फेरि गाडीमा राखी म्याओडी भन्ने स्थानमा रहेको चिनियाँ अखडामा उनलाई पुऱ्याइयो। 'सुरुमा केटीहरूको फोटो राखेर ८-१० वटा फेसबुक आइडी खोल्न लगाइयो,' सन्तोषले भने, 'पछि उनीहरूसँग च्याट गर्दै बिटक्वाइनमा लगानीका लागि फकाउन लगाउँथ्यो, त्यसका लागि कसरी कुरा गर्ने भन्ने स्क्रिप्ट नै थियो।'

अमेरिकी नागरिकहरूलाई उनीहरूले त्यसरी ठग्न लगाउँथे। आफूहरू पनि अमेरिकी नागरिक नै भएको भनेर परिचय दिन लगाइन्थ्यो। एक दिनमा कतिजनालाई साथी बनाउने र उनीहरूलाई लगानी गर्न फकाउने लक्ष्य दिन थालियो। 'जब टार्गेटअनुसार काम गर्न सकिँदैन, त्यसपछि खान पनि नदिई करेन्ट लगाउनेसम्मको यातना दिन्थे,' सन्तोषले सुनाए, 'त्यसपछि नेपाल फर्कन्छु भन्दा तँलाई ६ हजार डलरमा किनेको हुँ, पहिला पैसा दे, अनि मात्र जान पाउँछस्' भने। कम्पाउन्डभित्र भएकाले भाग्न सक्ने अवस्था पनि थिएन, सबैतिर सिसिक्यामेरा थियो। बाहिर म्यानमारमा सेनाहरू बन्दुक लिएर बसेका हुन्थे।'

» पृष्ठ २ मा क्रमशः

विदेश यात्रामा रास्वपा सभापतिसहितका नेता, प्रवासी मतदातासँग नजिकिने रणनीति

प्रवासमा संगठन बलियो बनाउने र 'मिसन ८४' सफल पार्ने योजना



(विस्तृत पृष्ठ ३)

उखु क्रसिङ सुरु भइसक्दा पनि तोकिएन समर्थन मूल्य



समर्थन मूल्य नतोक्दासम्म चिनीको मूल्य निर्धारण हुन सकेन

स्थानीय तहको विद्युत् महसुल बक्यौता ६ अर्ब रुपैयाँभन्दा बढी

(विस्तृत पृष्ठ ६)



■ जलवायु सम्मेलनबाट फर्किएपछि प्रधानमन्त्रीले भने-

नेपालले क्षतिपूर्ति पाउने अवस्था बन्यो

अब हिमाल, पहाड र नेपाल विश्वभरि चर्चामा आयो। त्यसको नेतृत्व नेपालले लियो। आर्थिक र प्राविधिक सहयोग आउने ढुक्कको अवस्था भयो। अग्रपंक्तिमा नेपाल परेको छ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले जलवायु न्यायमा नेपाललाई उचित क्षतिपूर्ति प्राप्त हुने बताएका छन्। दुबईमा आयोजित जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (कोप- २८)मा नेपालले हिमालको एजेन्डामा नेतृत्व गरेको उनको दाबी छ।

सम्मेलनमा सहभागी भएर आइतबार स्वदेश फर्केपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारसँग प्रधानमन्त्रीले सम्मेलनमा नेपाल विश्वभरि चर्चामा रहेको र नेपालको भूमिका सफल रहेको बताए। 'अब हिमाल, पहाड र नेपाल विश्वभरि चर्चामा आयो। त्यसको नेतृत्व नेपालले लियो। आर्थिक र प्राविधिक सहयोग आउने ढुक्कको अवस्था भयो,' जलवायु परिवर्तनमा योगदान नभए पनि नेपालले क्षति व्यहोरेको सन्दर्भमा प्रधानमन्त्रीले भने, 'अग्रपंक्तिमा नेपाल परेको छ। राष्ट्रसंघका महासचिवको सूचीमा पनि नेपालको नाम अग्रपंक्तिमा छ। क्षतिपूर्ति पाउनेमा परिस्थिति बन्यो, हामी आशावादी छौं।'



कोप- २८ मा सहभागी भई स्वदेश फर्किएपछि विमानस्थलमा प्रधानमन्त्री प्रचण्ड।
तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

सम्मेलनमा विगतमा भन्दा यसपालि विकसित मुलुकहरूले जलवायु सम्झौता कार्यान्वयनमा प्रतिबद्धता जनाएको प्रधानमन्त्रीले सुनाए। साथै, नेपालले पनि अन्तर्राष्ट्रिय समुदायलाई जोडदार अपिल गरेको उनको भनाइ थियो। 'संयुक्त राष्ट्रसंघका महासचिव एन्टिनियो गुटेरेसको भ्रमणको ठूलो प्रभाव सम्मेलनमा पऱ्यो। सबैले नेपालको प्रशंसा गर्नुपर्ने अवस्था आयो। सबैलाई नेपालको नाम नलिइनहुने अवस्था आयो,' प्रधानमन्त्री प्रचण्डले भने, 'महासचिव गुटेरेसले नेपालको चर्चा गर्नुभयो। नेपाल जे-जति चर्चामा आयो, यसबाट म सन्तुष्ट छु। मैले सोचेभन्दा पनि राम्रो भयो।'

जलवायु सम्मेलनमा पहिलोपटक नेपालको आफ्नो छुट्टै पेभिलियन राखेको र यसले विशेष महत्त्व पाएको प्रधानमन्त्री प्रचण्डले बताए। प्रधानमन्त्रीले जलवायु परिवर्तनको असरविरुद्धको लडाइँमा युवा पुस्तालाई संलग्न गराउनुपर्नेमा जोड दिँदै विश्व तापमान वृद्धिको सीमा १.५ डिग्री कायम गर्ने प्रतिबद्धताको पालना गर्न विश्व समुदायलाई आह्वानसमेत गरेको पनि जानकारी दिए।

स्वदेश फर्किनुअघि आइतबार बिहान प्रधानमन्त्री प्रचण्डले संयुक्त राष्ट्रसंघअन्तर्गतका संघ-संस्थाहरूले आयोजना गरेको विपत्बाट पर्न सक्ने जोखिमको पूर्वजानकारीमा सबैको पहुँचका विषयमा बैठकलाई सम्बोधन गरेका थिए। संयुक्त राष्ट्रसंघका महासचिव गुटेरेससमेत सहभागी कार्यक्रममा

» पृष्ठ २ मा क्रमशः

प्रतिगमन सोच्ने देशद्रोही हो : ओली



एमालेले सञ्चालन गरेको 'झुलाघाट-चिवाभञ्ज्याङ समृद्धिका लागि संकल्प यात्रा'को चौथो दिन कर्णाली प्रदेशको राकम कर्णालीमा आयोजित जनसभा

दैलेखमा **विष्णु शर्मा**

एमाले अध्यक्ष केपी ओलीले अहिलेको अवस्थामा समेत प्रतिगमनका कुरा गर्ने र परिवर्तनलाई समस्या भयो भन्ने व्यक्तिहरू सबै देशद्रोही भएको बताएका छन् ।

एमालेले सञ्चालन गरेको 'झुलाघाट-चिवाभञ्ज्याङ, समृद्धिका लागि संकल्प यात्रा'को चौथो दिन कर्णाली प्रदेशको राकम कर्णालीमा आयोजित जनसभामा उनले लोकतान्त्रिक गणतन्त्रभन्दा राजतन्त्रलाई उत्तम ठान्ने, पछिल्लो राजनीतिक परिवर्तनलाई उपलब्धि नठान्ने तत्त्व जनताको हित नचाहने देशद्रोही भएको बताएका हुन् ।

'गठबन्धन सरकारका कारण देशमा निम्तिएको अस्थिरता र जनतामा देखिएको निराशापनलाई मौकाका रूपमा लिएर प्रतिगमनका दिवास्वप्ना देख्नु देशद्रोहबाहेक केही होइन,' उनले भने, 'प्रतिगमनको कुरा गर्नु विकासविरोधी, परिवर्तनविरोधी नेपाल र नेपालीको हितविपरीतबाहेक केही होइन ।' बैतडीको झुलाघाटबाट सुरु भएको अभियानको तीन दिनको सुदूरपश्चिमको भ्रमणका क्रममा बुझ्दा निराशा मात्रै छाएको ओलीले बताए । उनले सत्ता टिकाउन भइरहेको अनियमितता, कमिसन र तस्करीका कारण जनतालाई संघीय लोकतान्त्रिक गणतन्त्रको विकल्प खोज्ने हो कि भन्नेसम्मको अनुभूति गर्ने अवस्था आएको बताए ।

दैलेख र अछामको सिमानामा पर्ने राकमको पुलमा यात्रा गर्दै ओलीले यस्ता महत्त्वपूर्ण प्राकृतिक स्रोत र साधन कर्णालीमा प्रशस्त मात्रामा रहेकाले यसको सदुपयोग गरेमा नेपाल दुनियाँको आकर्षक गन्तव्य बन्न सक्ने विचार व्यक्त गरे । एमालेले दुर्गम ठाउँहरूको विकास, हिमाल, पहाड, तराई र मधेशका सबै पेसा व्यवसायको समृद्धि गर्ने, कृषिको आधुनिकीकरण गर्ने, देशलाई औद्योगिकीकरणतर्फ लग्ने, व्यापार सन्तुलन गर्ने नीति लिएको बताउँदै नेपाली जनतालाई शिक्षित बनाएर छोड्ने, निरोगी नेपालको परिकल्पना एमाले र यसको नेतृत्वले लिएको उनको भनाइ छ । ओलीले तीन दिनको कर्णाली बसाइका क्रममा गहिरो अध्ययन गर्ने बताए । एमालेको सरकारका पालामा 'समृद्ध नेपाल सुखी नेपाली'को दीर्घकालीन अभियान सञ्चालन गर्दा सामरिक महत्त्वको राकम कर्णालीमा अस्पताल बनाउने कामको सुरुवात आफैंले गरेको उनले दाबी गरे ।

भूकम्पपीडितका साढे ३२ हजार अस्थायी आवास बनाउन सम्झौता

नयाँ पत्रिका



भूकम्प प्रभावित चार जिल्लामा साढे ३२ हजार अस्थायी आवासका लागि सम्झौता भएको छ । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्काका अनुसार आइतबारसम्म रुकुम पश्चिम, जाजरकोट, बझाङ र बाजुरामा ३२ हजार पाँच सय एक अस्थायी आवासका लागि पालिका र लाभग्राहीबीच सम्झौता भएको हो ।

हालसम्म सबैभन्दा धेरै सम्झौता गर्नेमा रुकुम पश्चिमका पालिका छन् । यहाँ लाभग्राही कायम भएका २६ हजार पाँच सय ३१ घरपरिवारमध्ये १४ हजार दुई सय २४ ले सम्झौता गरेका छन् । जाजरकोटमा ३४ हजार पाँच सय एकमध्ये १३ हजार सात सय १८ ले सम्झौता गरेका छन् ।

बझाङमा १२ हजार पाँच सय ५९ घरपरिवारमध्ये दुई हजार चारले सम्झौता गरेका छन् । बाजुरामा पाँच हजार सात सय ७२ मध्ये दुई हजार पाँच सय ५५ले सम्झौता गरेको प्राधिकरणले जनाएको छ ।

भूकम्पबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० अनुसार पालिकाले अस्थायी आवासका लागि लाभग्राहीसँग सम्झौता गरेपछि जिल्लास्थित विपत् व्यवस्थापन समितिले अनुदानको पहिलो किस्ताबापत प्रतिपरिवार २५ हजारका दरले निकासा गर्छ ।

यी चार जिल्लामा हालसम्म १८ हजार तीन सय २८ लाभग्राहीका लागि ४५ करोड ८२ लाख निकासा भइसकेको छ । स्थानीय विपत् समितिमा निकासा भएको अनुदान लाभग्राहीको खातामा जम्मा गर्न थालिएको छ । बैंक खाता नरहेकालाई भने नगद दिइने गरिएको छ । विपत् प्राधिकरणले अस्थायी आवासका लागि पहिलो किस्ताबापत रुकुम पश्चिम र जाजरकोटमा ५०-५० करोड, बझाङमा २५ करोड, बाजुरामा १४ करोड र सल्यानमा दुई करोड गरी एक अर्ब ४१ करोड ४ मंसिरमा निकासा गरेको थियो ।

दोस्रो किस्ताबापतको थप २५ हजार भने घरको छानो हाल्ने तहसम्म पुगेपछि वा निर्माण सकिएपछि मात्र पाइनेछ । सल्यानमा एक हजार चार सय ८५ लाभग्राही कायम भए पनि अझै अनुदान निकासा भएको छैन ।

१७ कात्तिकमा जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर ६.४ म्याग्निच्युडको र १६ असोजमा बझाङ केन्द्रबिन्दु भएर ६.३ म्याग्निच्युडको भूकम्प गएका थिए ।

हालसम्म प्राप्त विवरणअनुसार पाँच जिल्लामा प्रभावित घरपरिवार संख्या (अस्थायी आवास निर्माण गर्नुपर्ने) ८० हजार आठ सय ४८ पुगेको छ । ०७८ को जनगणनाअनुसार रुकुम पश्चिम, जाजरकोट, सल्यान, बझाङ र बाजुरामा एक लाख ८७ हजार ८० घरधुरी संख्या छ ।

उद्धार नभएपछि...

पृष्ठ १ बाट क्रमशः

छन् । दिनमा २० घन्टासम्म काममा लगाउने र लक्ष्यअनुसार काम गर्न नसक्दा शारीरिक तथा मानसिक यातना दिने गरेको उनीहरूले बताएका छन् ।

स्वदेश फर्किएकामध्ये पाँचजना म्यानमार लैजानेहरूविरुद्ध कारबाहीको माग गर्दै प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोमा पुगेका छन् । पीडितहरूको उजुरीका आधारमा तीनजनालाई पक्राउ गरी अनुसन्धान थालिएको ब्युरोका निर्देशक एसएसपी जीवनकुमार श्रेष्ठले बताए । 'पीडितहरूले चिनियाँलाई फिरौती रकम बुझ्काएर फर्किएको बताएका छन्,' उनले भने, 'पछिल्लो समय फिरौती बुझ्काए धेरैजना नेपाल फर्किएका छन् ।'

ब्युरोमा भेटिएका एक पीडितका अनुसार पछिल्लो दुई महिनामा मात्र ५० जना भन्दा धेरै नेपाली फिरौती बुझ्काए फर्किएका छन् । 'हाम्रो क्याम्पमा करिब ६० जना नेपाली थिएँ,' धादिङको नीलकण्ठ स्थायी घर भएका एक पीडितले भने, 'उद्धारको पहल हुन नसकेपछि फिरौती बुझ्काउनुको विकल्प भएन ।' शरीरमा यातनाका खत, मानसिक पीडा र आर्थिक क्षति लिएर स्वदेश फर्किएका उनीहरू न्याय माग्दै प्रहरीमा पुगेका हुन् ।

साइबर स्क्यामको ट्रयाप

साइबर ब्युरोले अर्का दुईजनालाई यसरी नै म्यानमार पठाएको आरोपमा गत साता तीनजनालाई पक्राउ गरेको छ । जसमा श्रीकृष्ण घले, वाङ्गो लामा र प्रेमा लामा छन् । उनीहरूमध्ये श्रीकृष्ण र वाङ्गो आफैं पनि चिनियाँ गिरोहमा फसेका व्यक्ति हुन् । उनीहरूले अन्य व्यक्तिलाई पनि जागिरको प्रलोभनमा बोलाएर फसाएको ब्युरोका एसपी कृष्णप्रसाद पंगेनीले बताए ।

'एकले अर्कालाई फसाउने ट्र्यापसमेत बनाएको देखियो,' एसपी पंगेनीले भने, 'यसअघि पक्राउ परेका केही व्यक्तिले पनि पहिला आफू त्यहाँ पुगेपछि अन्यलाई बोलाएर फसाएका घटना छन् ।'

ब्युरोले म्यानमारमा मानवतस्करीसम्बन्धी पछिल्लो एक वर्षमा चारवटा मुद्दा दायर गरिसकेको छ । जसमा तीनजना चिनियाँ नागरिकहरूसमेत छन् । उनीहरूले दोभाषेमार्फत एजेन्टहरू राखेर नेपालीलाई अवैध रूपमा म्यानमार पठाउनले र त्यहाँ बन्धक बनाएर 'साइबर दास'का रूपमा अवैध काममा लगाउँदै आएका छन् । त्यो क्षेत्रमा अन्य देशका नागरिकलाई समेत राखिएको छ । थाई नागरिकसमेत त्यहाँ रहेकोमा हालै उद्धार गरिएको थियो ।

चिनियाँ गिरोहले म्यानमारका सैनिकलाई समेत प्रभावमा पारी यस्ता अवैध अखडा चलाएको आशंका गरिएको छ । जसकारण त्यहाँको सरकारलाई पटक-पटक आग्रह गर्दा पनि उद्धार हुन सकेको छैन । ऋण गरी फिरौती बुझ्काउन नेपाली बाध्य छन् । म्यानमारमा सैनिक शासन रहेको तथा सरकारको समेत बलियो उपस्थिति नभएको र माफियाहरूको चलखेल भएका ठाउँमा यस्ता क्याम्प बनाएर विश्वभरि अनलाइन स्क्यामको धन्दा चिनियाँले चलाउँदै आएका छन् ।

म्यानमारका लागि नेपाली राजदूत हरिश्चन्द्र घिमिरे चिनियाँबाट बन्धक बनाइएका नेपालीको उद्धारका लागि आफूहरूले अधिकतम प्रयास गर्दै आएको बताउँछन् । साथै, क्याम्पबाट निस्किएकालाई आफूहरूले समन्वय गरी स्वदेश फर्काउने गरेको उनको भनाइ छ । 'धेरैजसो नेपाली थाइल्यान्डको नजिक रहेको क्षेत्रमा छन्, ठ्याक्कै कति छन् भन्न सकिने अवस्था छैन,' उनले भने, 'पछिल्लो एक वर्षमा करिब ६० जना भने स्वदेश फर्किएको हामीलाई जानकारी छ ।' कतिपय थाइल्यान्ड हुँदै फर्कने भएकाले म्यानमारको दूतावासले जानकारी पाउने गरेको छैन ।

उद्धारका लागि सात युवाको हारगुहार

म्यानमारको म्याओडीमा चिनियाँले बन्धक बनाएर यातना दिन थालेपछि हालै सातजना नेपालीले उद्धारका लागि हारगुहार गरेका छन् । करेन्ट लगाउनेलगायतको यातना दिएको भन्दै उनीहरूले एक महिनाअघिदेखि नै उद्धारका लागि आग्रह गर्दै आएका छन् । नेपाली दूतावासले भने चिनियाँ क्याम्पबाट उद्धार गर्न कठिन रहेकाले म्यानमारको सरकारलाई आग्रह गरिएको बताएको छ ।

म्यानमारका लागि नेपाली राजदूत हरिश्चन्द्र घिमिरेले सात नेपालीको उद्धारका लागि समन्वय भइरहेको बताए । 'हामीले यहाँको परराष्ट्रमन्त्री, गृहमन्त्री, प्रहरी प्रमुख र अध्यागमनलगायतलाई उद्धार गरिदिनुपर्‍यो भनेर पत्र लेखेका छौं,' उनले भने, 'हाम्रोतर्फबाट सक्दो पहल भइरहेको छ ।'

यसरी लगियो...

पृष्ठ १ बाट क्रमशः

यसरी यातनाबीच सन्तोषले दैनिक २० घन्टासम्म केही महिना काम गरे । सुरुका केही महिना तलब पनि पाए । पछि सहनै नसक्ने भएपछि उनी नेपालबाट फिरौती पठाउन लगाएर त्यहाँबाट मुक्त भएका थिए । पैसा बुझ्काएपछि आफूलाई म्यानमारको सेनाले नै स्कर्टिङ गरेर थाइल्यान्डसम्मको सीमामा पुऱ्याइदिएको उनको भनाइ छ । तर, उनले पासपोर्ट भने पाएनन् । थाइल्यान्ड पुगेलगत्तै त्यहाँको प्रहरीमा आत्मसमर्पण गरे । प्रहरीले अध्यागमनमा बुझायो । अध्यागमनले करिब तीन साता हिरासतमा राखी दुई दिन जेल र जरिवाना गरेपछि गत १४ असोजमा उनी नेपाल आइपुगेका हुन् ।

यसरी जाँदाखेरि डेढ लाख तथा फिरौती र फर्कनका लागि करिब १० लाख खर्च भएको सन्तोषले बताए । उनलाई त्यसरी लैजाने सुनिता गत २ साउनमै अर्को व्यक्तिको जाहेरीमा पक्राउ परेकोमा हाल थुनामा छिन् भने अर्का व्यक्ति फरार छन् । चिनियाँ नागरिक लियान जुनसँग मिलेर नेपालीलाई म्यानमारको अनलाइन स्क्याम सेन्टरमा पठाउने गरेका थिए ।

आफू बसेको क्याम्पमा ६० जना नेपाली रहेको सबैजसो फिरौती बुझ्काएर फर्किएको उनले सुनाए । 'केही बिरामी भएका व्यक्तिबाहेक सबैजना फिरौती बुझ्काए मात्र त्यहाँबाट छुटेका हुन्,' उनले भने ।

यस्तै, कथा मकवानपुरका दुई युवकको पनि छ । उनीहरू गत वर्ष मंसिरमा त्यहाँ पुगेका थिए । उनीहरूलाई कोलकाता, बैंकक हुँदै विमानबाटै म्यानमार लगिएको थियो । उनीहरू पनि सामान्य चिनजान भएकी एक महिलामार्फत त्यहाँ पुगेका हुन् । ती महिला पनि एक महिना म्यानमारस्थित चिनियाँ क्याम्पमा काम गरेर आएकी थिइन् ।

आफू बिरामी भएर काम गर्न नसकेको र काम गर्न सक्नेले एक हजार डलर कमाउने आश्वासन उनले दिएकी थिइन् । सोहीअनुसार दुई लाख ६० हजारका दरले पैसा बुझ्काएर मकवानपुरे युवाहरू आकर्षक रोजगारीको आशामा म्यानमार पुगेका थिए । त्यहाँ पुगेलगत्तै पासपोर्ट र मोबाइल नियन्त्रणमा लिएर काममा लगाइएको उनीहरूले बताए । गत १७ साउनमा मुक्त भएका उनीहरू नेपाल फर्कनका लागि यांगुनमा दुई महिना बस्नुपरेको थियो । आफूहरूको प्रतिव्यक्ति फिरौतीसमेत गरी १४ लाख खर्च भएको र यातना भोगेको भन्दै उनीहरूले ब्युरोमा जाहेरी दिएका छन् ।

'नेपालले...

पृष्ठ १ बाट क्रमशः

उनले नेपाललगायत अतिकम विकसित मुलुकहरूमा विपत् र जलवायु परिवर्तनका कारण सिर्जित समस्याबारे ध्यानाकर्षण गराएका थिए ।

उनले परिस्थितिको सामना गर्न अतिकम विकसित मुलुकहरूलाई साधन-स्रोत उपलब्ध गराउन अन्तर्राष्ट्रिय समुदायलाई अपिल गरेका थिए । यो प्रयासमा नेपाललाई प्राथमिकता प्राप्त मुलुकको सूचीमा समावेश गरेकोमा राष्ट्रसंघीय महासचिव गुटेरेसलाई धन्यवाद दिएको प्रधानमन्त्रीको भनाइ थियो ।

आइतबारै बेलायतका विदेश राज्यमन्त्री एन्ड्रयु मिचेलले प्रधानमन्त्री प्रचण्डसँग शिष्टाचार भेट गरेका थिए । नेपाल-बेलायत सम्बन्ध, जलवायु परिवर्तनका क्षेत्रमा सहकार्य, ब्रिटिस गोर्खाका विषयलगायतमा कुराकानी भएको प्रधानमन्त्रीले जानकारी दिए ।

संयुक्त अरब इमिरेट्सका प्रधानमन्त्री तथा उपराष्ट्रपति शेख मोहम्मद विन रसिद अल मक्टोमको निमन्त्रणामा प्रधानमन्त्री मंसिर १३ देखि दुबईमा थिए । उनले कोप- २८ को उद्घाटन समारोहका अवसरमा उपस्थित विभिन्न देशका राष्ट्राध्यक्ष तथा सरकार प्रमुखहरूसँग भेटघाट गरेका थिए ।

सम्मेलनकै वेला भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटघाट भएको र उनले भूकम्पपछि नेपालको अवस्था सामान्यीकरण भए-नभएको जिज्ञासा राखेको प्रधानमन्त्रीले सुनाए । भूकम्पपीडितलाई आवश्यक पर्ने सहयोग उपलब्ध गराउन भारत तत्पर रहेको मोदीको भनाइ थियो ।

- **१३ मंसिरमा ३१ जना यात्रु छुटेकोबारे :**

नियमितभन्दा दुई घन्टा अगाडि उडान सार्रिदै छ र ३१ जना यात्रु छुटे भन्ने कुरा मलाई उहाँ पुगेपछि पो थाहा भयो । यहाँ मलाई भनिएको थिएन । मलाई थाहा भएको भए उनीहरू छुट्दैनथे । म दुई घन्टा अगाडि जानुपर्ने थिएन । काठमाडौंमा रहँदा मेरो कारण उनीहरू छुट्न लागेको थाहा भएको भए म लिएर जाने थिएँ ।

- **मन्त्रिपरिषद् पुनर्गठनबारे**

सरकार गठनदेखि नै मन्त्रिपरिषद् पुनर्गठन, हेरफेरको चर्चा चलेको हो । गृहमन्त्री हेरफेरको चर्चा पनि चलेको हो । त्यस्तो केही छैन । केही सोचिएको छैन । मेरो दिमागमा पनि यो कुरा छैन । गठबन्धनमा पनि छलफल भएको छैन ।

- **एनसेलको सेयर बिक्रीबारे**

यसबारेमा मैले बुझेको छैन । बुझेपछि भनौंला ।

एनसेल सेयर...

पृष्ठ १ बाट क्रमशः

आकर्षित हुने कानुन परिपालना भएकोमा संशय व्यक्त गरेको छ । दूरसञ्चार नियमावली, २०५४ को नियम १५ (ट) बमोजिम चुक्ता पुँजीको ५ प्रतिशत सेयर खरिद-बिक्री गर्नुअघि नेपाल दूरसञ्चार प्राधिकरणको स्वीकृति लिनुपर्छ । यो खरिद-बिक्रीमा कानुन पालना भएकोमा संशय व्यक्त गर्दै समितिले पालना नभएमा कारबाहीको व्यवस्थाबारे समेत जानकारी गराउन पत्राचार गरेको छ ।

कम मूल्यमा सेयर कारोबार सम्झौता भएको विषयमा नियमनकारी निकायको धारणा पनि समितिले मागेको छ । पत्रमा उल्लेख छ, 'यसअघि भएको कारोबारभन्दा निकै कम मूल्यमा होल्डिङ कम्पनीबीच सेयर कारोबार सम्झौता हुनुको कारणलाई नियमनकारी निकायले कुन रूपमा लिएको छ ?'

सन् २०१६ मा एक अर्ब ३६ करोड ५१ लाख डलर (तत्कालीन समयको विनिमय दरअनुसार करिब एक खर्ब ४३ अर्ब रुपैयाँ)मा खरिद गरेको सेयर आजियाटाले पाँच करोड अमेरिकी डलर (करिब ६ अर्ब ६६ करोड नेपाली रुपैयाँमा) बिक्री सम्झौता गरेको जनाएको छ । आजियाटाले खरिद गरेको मूल्यको अत्यन्तै कम मूल्यमा एनसेलको स्वामित्व बिक्री गर्दै बाहिरिने सम्झौता गरेपछि आशंका बढेको हो ।

एनसेलको सेयर बिक्रीले नेपाललाई पर्न सक्ने प्रतिकूल प्रभावसमेत उल्लेख गरिदिन समितिले पत्रमा भनेको छ । खासगरी आजियाटाले दोहोरो कर, नियमनमा अनिश्चितता र नेपालमा वैदेशिक लगानीलाई संरक्षण गर्ने वातावरण नभएको जिकिर गरेको थियो ।

धितोपत्र बोर्डमा सूचीकृत नभई सेयर कारोबार भएको विषयमा लेखा समितिले कम्पनी रजिस्ट्रारको कार्यालयबाट जवाफ मागेको छ । पाँच करोडभन्दा बढी चुक्ता पुँजी भएको दूरसञ्चार सेवाप्रदायक कम्पनी दुई वर्षभित्र पब्लिक लिमिटेड कम्पनीमा परिणत भई यस्तो कम्पनीले सेयर कारोबार गर्न बोर्डमा सूचीकृत हुनुपर्ने व्यवस्था छ । तर, एनसेल बोर्डमा सूचीकृत भएको देखिँदैन । समितिको जिज्ञासा छ, 'एनसेलको सेयर कारोबारको प्रकृति हेर्दा प्राइभेट (निजी) कम्पनीको जस्तो कारोबार भएको देखिन्छ, यस सम्बन्धमा सम्बन्धित निकायको भनाइ के छ ?'

यही विषयमा केन्द्रित रहेर उच्च अदालत पाटनमा एनसेल सेयर खरिद-बिक्रीविरुद्ध रिटसमेत दायर भइसकेको छ । अदालतले सरोकारवाला निकायसँग 'कारण देखाऊ' आदेश जारी गरिसकेको छ ।

एनसेल सेयर खरिद-बिक्रीमा कर छलीको आशंका गर्दै समितिले प्रक्रियाको पारदर्शितामाथि प्रश्न गरेको छ । समितिले सोधेको छ, 'नेपालको कर प्रणाली छलेर भएको सेयर खरिद-बिक्री वा हक हस्तान्तरण नेपालका नियमनकारी संस्थाहरूलाई जानकारी नै नदिई भएको भन्ने सुनिन आएकाले यो खरिद-बिक्रीको प्रक्रिया र पारदर्शितामाथि सम्बन्धित नियमनकारी निकायको के भनाइ रहेको छ ?'

लगभग ६ वर्षपछि कानुनबमोजिम नै सरकारको स्वामित्वमा आउने सुनिश्चित हुँदाहुँदै सेयर कारोबारलाई अनुमति दिने विषयमा नियामक निकायको धारणासमेत समितिले मागेको छ ।

नेपालबाहिर यसरी स्वामित्व हक हस्तान्तरण भएको सन्दर्भमा कम्पनीले सरकारलाई तिर्नुपर्ने करसमेत यकिन गर्नुपर्ने समितिको भनाइ छ । पत्रमा भनिएको छ, 'करदाता (ठूला करदाता भएकाले)ले सेयर बिक्रीसहित यति रकम तिर्छु भनी स्वघोषणा गरेको छ वा छैन ?'

करदाताले करको स्वघोषणा नगर्दा आन्तरिक राजस्व विभागले 'जियोपार्डी एसेसमेन्ट' गरेको वा नगरेको विषयमा लेखा समितिले जानकारी मागेको छ । कानुनतः विशेष अवस्थामा कुनै करदाताले नेपाल छाडिजाने वा आफ्नो सम्पत्ति अरू कसैलाई हस्तान्तरण गर्ने, हटाउने वा लुकाउने सम्भावना भई कर असुली हुन नसक्ने अवस्था छ भन्ने विश्वास गर्ने आधार भएमा कर अधिकृतले महानिर्देशकको स्वीकृति लिई त्यस्तो करदातासँग लाग्ने वा लागेको कर तुरुन्त निर्धारण गरी कर असुल गर्न वा धरौटी माग गर्न सक्ने व्यवस्था छ । जसलाई जियोपार्डी एसेसमेन्ट भनिन्छ ।

नबिल बैंक लिमिटेडको ३९ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस बैंकको मिति २०८०/०८/१४ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार निम्नलिखित मिति, स्थान र समयमा देहायका विषयहरुमा छलफल गर्नका लागि बैंकको ३९ औं वार्षिक साधारणसभा बोलाइएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदै उल्लिखित सभामा सहभागिता जनाईदिनु हुन सविनय अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ :

१. मिति, स्थान तथा समय

मिति : २०८० साल पौष १२ गते, बिहीबार (तदनुसार २८ डिसेम्बर २०२३) ।
स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।
समय : बिहान १०:०० बजेदेखि ।

२. छलफलका विषयहरु:

(क) सामान्य प्रस्ताव

१. सञ्चालक समितिको प्रतिवेदन २०७९/८० पारित गर्ने,
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु स्वीकृत गर्ने,
३. यस बैंकका सहायक कम्पनी "नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड" र "नबिल स्टक डिलर लिमिटेड (साबिक नबिल सेक्युरिटिज लिमिटेड)" को आ.व. २०७९/८० को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने,
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८० साल आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ११ प्रतिशतका दरले हुन आउने रु. २,९७,६२,६९,६४०/२१ बराबरको नगद लाभांश वितरण स्वीकृत गर्ने,
५. आ.व. २०८०/८१ (सन् २०२३/२४) का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(२) अनुसार वर्तमान लेखापरीक्षक SAR Associates & P.J. P.N. & Co. पुनः नियुक्त हुन योग्य हुनुहुन्न) ।

(ख) विशेष प्रस्ताव

१. बैंकको नियमावलीका नियमहरु २क.(झ), ६(९), ९(१), १०(४), १०(५), २०(१) र ३२(२) मा संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक परिमार्जन, संशोधन तथा समायोजन गर्न सञ्चालक समिति (वा समितिले तोकेको व्यक्ति) लाई अख्तियारी दिने ।
२. आ.व. २०७९/८० मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग)को प्रयोजनका लागि अनुमोदन गर्ने ।

(ग) विविध

वि.सं. २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाब तथा सञ्चालक समितिको प्रतिवेदन बैंकको वेवसाइट www.nabilbank.com मा समेत हेर्न सकिनेछ ।

सञ्चालक समितिको निर्णयानुसार
कम्पनी सचिव

साधारणसभा सम्बन्धी अन्य जानकारी

१. नगद लाभांश प्रयोजनको निमित्त मिति २०८०/०८/२९ गते एक दिनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गरिनेछ ।
२. सभामा भाग लिन इच्छुक शेयरधनीले सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका सो दिन बिहान ९:०० बजेदेखि खुल्ला हुनेछ ।
३. सभामा प्रवेशका लागि DMAT Account No. वा आफ्नो परिचय खुल्ने कुनै परिचय पत्र अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्षभित्र प्रवेश गर्न पाइने छैन ।
४. सभामा भाग लिनका लागि आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले आफ्ना सम्पूर्ण शेयरको एउटै प्रतिनिधि हुने गरी प्रोक्सी फाराम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगाडि नै बिहान १०:०० बजेभित्र श्री नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्सालमा दर्ता गरिसक्नु पर्नेछ । उक्त दिन सार्वजनिक बिदा परेको खण्डमा पनि उल्लिखित प्रयोजनको निमित्त उक्त कार्यालय खुल्ला रहनेछ । बैंकका शेयरधनीलाई मात्र प्रोक्सी नियुक्त गर्न सकिनेछ तथा एकभन्दा बढी व्यक्तिलाई शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्टयाएर दिइएको प्रोक्सी बदर हुनेछ ।
५. सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि नै बिहान १०:०० बजेभित्र श्री नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्सालमा प्राप्त हुने गरी सो को सूचना पठाउनु पर्नेछ । उक्त दिन सार्वजनिक बिदा परेका खण्डमा पनि उल्लिखित प्रयोजनको निमित्त उक्त कार्यालय खुल्ला रहनेछ ।
६. संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुका हकमा शेयरधनीको लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्तिले वा संयुक्त नाम मध्येबाट सर्वसम्मतिमा नियुक्त कुनै एकजना शेयरधनीले वा सर्वसम्मतिबाट नियुक्त प्रोक्सीले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ । कम्पनीको हकमा आधिकारिक पत्र सहित उपस्थित हुनुपर्नेछ ।
७. नाबालक तथा मानसिक रुपमा अशक्त शेयरधनीको तर्फबाट संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन तथा प्रोक्सी नियुक्त गर्न सक्नुहुनेछ ।
८. छलफलको विषय अन्तर्गत विविध शिर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनुभएमा सो विषय बारे सभा हुनुभन्दा ७ (सात) दिन अगावै कम्पनी सचिव मार्फत् बैंक सञ्चालक समितिका अध्यक्षलाई लिखित जानकारी दिनुपर्नेछ ।
९. शेयरधनी महानुभावले सभामा उपस्थित हुँदा सुरक्षाको दृष्टिकोणले यथाशक्य झोला, प्याकेट आदि नलिई आउनु हुन अनुरोध छ । सुरक्षाकर्मीले सभाकक्षमा प्रवेश गर्ने व्यक्तिको आवश्यकतानुरुप सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

हाम्रै बहुउद्देश्यीय सहकारी संस्था लि.

गोंगबु, काठमाडौं, फोन नं. ५९०६२६०

ऋणी सदस्यहरूलाई सूचना

प्रकाशित मितिः २०८०/०८/१८ गते

यस संस्थाबाट ऋण लिइ विभिन्न व्यवसाय तथा घरायसी कार्य गर्नु हुने तपाईं ऋणी सदस्यहरुलाई समयमै किस्ता/ब्याज नतिरी कर्जालाई नियमित नगरेको र बारम्बार लिखित तथा मौखिक सूचना वार्तालाप तथा लिखित प्रतिवद्धता कायम हुँदा समेत कार्यान्वयन नभएकोले यो सार्वजनिक सूचना निकाल्न बाध्य भएका छौं । हाल सहकारी संस्थाहरुलाई के-कस्तो अवस्था आइपरेको छ, यहाँहरु विदितै हुनुहुन्छ । अतः यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन भित्र यहाँहरुको नाममा रहेको कर्जाहरु नियमित गर्नुहुन अनुरोध गरेका छौं । उक्त अवधि भित्र किस्ता असूली वा कर्जा नियमित नभएमा तीनपुस्ते सार्वजनिक सूचना सहित ऋण असूली प्रक्रियातर्फ लाग्नेछौं ।

तपशिल :

क्र.सं.	नाम	ठेगाना	क्र.सं.	नाम	ठेगाना
१	दुर्गा बहादुर तामाङ	मदानपुर-८, नुवाकोट	२	रजनी के.सी	धापासी-२, काठमाडौं
३	सुमन लामा	ककनी-२, नुवाकोट	४	कृष्ण फूयाँल	काभ्रेस्थली-७, काठमाडौं
५	विष्णु माया थापामगर	धरान-१५, सुनसरी	६	प्रेम बहादुर बराल	बाशेश्वर-८, सिन्धुली
७	सुर्जे बहादुर तामाङ	मदानपुर-८, नुवाकोट	८	विश्वनाथ अधिकारी	निलकण्ठ-९, धादिङ
९	किन्जी तामाङ	दुप्चेश्वर-२, नुवाकोट	१०	सुमिता थापामगर	धरान-१५, सुनसरी
११	बैकुण्ठ आचार्य	दुप्चेश्वर-६, नुवाकोट	१२	ध्रुवराज के.सी	थप्रेक-६, नुवाकोट
१३	शिव शरण शाही	का.म.न.पा.-९	१४	उत्तर कुमारी रेग्मी	पर्वत-६, जलजला
१५	विरेन्द्र थापा	धैलाडुब्बा-५, झापा			

■ विदेश यात्रामा रास्वपा सभापतिसहितका नेता, प्रवासी मतदातासँग नजिकिने रणनीति

प्रवासमा संगठन बलियो बनाउने र 'मिसन ८४' सफल पार्ने योजना

अनिल यादव/नयाँ पत्रिका

गत निर्वाचनमा बिदेसिएका नेपालीबाट राम्रो समर्थन पाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आगामी निर्वाचनकेन्द्रित प्रवास रणनीति बनाएको छ। प्रवासमा संगठन बलियो बनाउने र 'मिसन ८४' सफल पार्ने उसको योजना छ। रास्वपाको हालै सम्पन्न बैठकले वैदेशिक रोजगारीमा गएका नेपालीलाई प्राथमिकतामा राख्ने निर्णय गरेको छ।

प्रवासमा रहेका मतदातासँग नजिकिन र उनीहरूको मन जित्न आवश्यक रहेको रास्वपाको विश्लेषण छ। यसैअनुसार रास्वपा नेताहरूले आइतबारबाट विदेश यात्रा थालेका छन्। रास्वपाले स्वदेशमा एक चरणको संगठन निर्माण, विस्तार र मतदाता भेटघाट सकिसकेको छ।

उल्लेख्य शुभेच्छुक संख्या रहेको दाबी गरेको मलेसियाबाट नेताहरूको यात्रा सुरु भएको छ। प्रवासमा संगठन निर्माण र विस्तार अभियानमा रास्वपा सभापति रवि लामिछाने स्वयं सक्रिय भएका छन्। विदेश यात्रामा लामिछानेसँगै पत्नी निकिता पौडेल, सहमहामन्त्री एवं संगठन विभाग प्रमुख कविन्द्र बुर्लाकोटी र सहकोषाध्यक्ष दीपक बोहरा सहभागी छन्।

रास्वपाका महामन्त्री मुकुल ढकालका अनुसार पहिलो चरणको विदेश यात्रा मलेसियाबाट कतार हुँदै बेलायतमा पुगेर टुंग्याउने तयारी छ। २९ मंसिरमा स्वदेश फर्कने तयारीमा रहेका लामिछानेले नेपालमा कार्यवाहक सभापतिको जिम्मेवारी उपसभापति डिपी अर्याललाई दिएका छन्। कार्यवाहक संसदीय दलको नेताको जिम्मेवारी भने उपनेता विराजभक्त श्रेष्ठले पाएका छन्।

'अहिले नेपाल नै विदेश गइरहेको अवस्था छ,' रास्वपा महामन्त्री एवं प्रवक्ता ढकालले भने, 'बिदेसिन बाध्य



मलेसियास्थित होटेल ग्रान्ड कन्टिनेन्टलमा प्रवासी नेपाली सम्पर्क विभागले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै रास्वपा सभापति रवि लामिछाने।

नेपाली र उनीहरूको भावनालाई कसैले नजरअन्दाज गर्न मिल्दैन। रास्वपाप्रति उहाँहरूको ठूलो साथ र विश्वास छ। यही क्रममा संगठन निर्माण, विस्तार र भेटघाटका लागि सभापतिसहितको रास्वपा टोली विदेश गएको हो।' मलेसियामा रास्वपाको सदस्यता संख्या बलियो रहेकाले लामिछानेले त्यहींबाट रास्वपाको विदेश यात्रा सुरु गरेको बुझिएको छ। रास्वपाका संगठन विभाग प्रमुख बुर्लाकोटीले मलेसियामा मात्रै त्यहाँको सम्पर्क विभागबाट एक वर्षमा ५० हजार सदस्य पुऱ्याउने दाबी रहेको बताए।

प्रवासका मतदातासँग नजिकिने रणनीतिमा रहेका रास्वपा सभापति लामिछानेले आफू राजनीतिमा आउनुको प्रमुख कारण नै विदेशमा रहेका नेपाली बताएका छन्। 'अवसर र रोजगारका लागि विदेश जानुपर्ने बाध्यता, जीविकोपार्जनकै लागि विभिन्न मुलुकमा दुःख-कष्ट सहनुपर्ने परिस्थिति र स्वाभिमानमै चोट लाग्ने गरी भुक्तनुपर्ने हाम्रो नियति परिवर्तन हुनुको सट्टा बढिरहेको छ,' उनले आइतबार मलेसिया टेकेपछि फेसबुकमै लेखे, 'म राजनीतिमा आउनुको एउटा मुख्य कारण, विदेशमा रहेका नेपाली पनि हुन्। विदेशमा रहँदा तपाईंकै समस्या समाधानका लागि सार्थक पहल गर्न सकूँ, देशमा बस्न सक्ने वातावरण बनाउँदै अघि बढूँ र तपाईंको विश्वासमा खरो उत्रन सकूँ भन्ने हो। मलेसिया, कतार र बेलायतमा रहनुभएका नेपाली दाजुभाइ, दिदीबहिनीसँग भेटघाट तथा अन्तर्क्रिया गर्न, उहाँहरूको साथ, सहयोग र शुभेच्छाका लागि धन्यवाद दिने कार्यक्रमअन्तर्गत अहिले म मलेसियामा छु।'

मलेसियास्थित होटेल ग्रान्ड कन्टिनेन्टलमा प्रवासी नेपाली सम्पर्क विभाग मलेसियाले आयोजना गरेको कार्यक्रममा सम्बोधन गर्दै सभापति लामिछानेले गत मंसिरमा सम्पन्न निर्वाचनमा आफूलाई विदेशमा रहेका नेपालीबाट ठूलो सहयोग भएको बताए। 'विदेशबाटै घरमा फोन गरेर धेरै नेपालीले चुनावमा यसपालि घन्टीलाई भोट दिनुस् भनेर भन्नुभयो। कतिले घन्टीलाई भोट हालेनौ भने पैसा पठाउँदैनौं सम्म भन्नुभयो,' लामिछानेले मञ्चबाटै आभार प्रकट गरे।



अहिले नेपाल नै विदेश गइरहेको अवस्था छ। बिदेसिन बाध्य नेपाली र उनीहरूको भावनालाई कसैले नजरअन्दाज गर्न मिल्दैन। रास्वपाप्रति उहाँहरूको ठूलो साथ र विश्वास छ। यही क्रममा संगठन निर्माण, विस्तार र भेटघाटका लागि सभापतिसहितको रास्वपा टोली विदेश गएको हो।

● **मुकुल ढकाल**, महामन्त्री, रास्वपा

मलेसियामा प्रवासी मतदातालाई सम्बोधन गर्ने क्रममा लामिछानेले आफूले अमेरिकाको फास्टफुड रेस्टुरेन्टमा काम गर्दाका दिनसम्म सम्झिएँ। 'हिजो गरेको वाचामा थप प्रतिबद्धता व्यक्त गर्न यहाँ आएको हुँ,' लामिछानेले भने, 'म पनि कुनै दिन अवसरको खोजीमा बिदेसिएको मान्छे हुँ। जुनसुकै देशमा बसेर रुनु परे पनि एउटा परदेशीको पीडा उस्तै हुन्छ, आँसु आँसु नै हुन्छ। मलाई अहिले पनि पहिलो दिन कुनै फास्टफुड रेस्टुरेन्टमा काम गर्न पाएको दिन सम्झना आइरहन्छ। ऐना हेरेर रोएको थिएँ म। आकाशतिर हेरेर आँसु लुकाउने धेरै प्रयत्न गरेको थिएँ।'

गत निर्वाचनका वेला विदेशमा रहेका नेपालीको मताधिकारको एजेन्डा उठाएको रास्वपाले विदेशमा पनि संगठन विस्तार गरिरहेको छ। प्रवासी नेपाली समन्वय विभागका रूपमा विभिन्न देशमा कमिटी गठन भइरहेका छन्। संगठन विभाग प्रमुख बुर्लाकोटीका अनुसार अहिलेसम्म मलेसिया, दुबई, कतार, साउदी, जापान, कोरिया, युके र अमेरिकामा विभाग गठन भइसकेका छन्। बाँकी देशमा पनि गठन हुने क्रममा छ।

रास्वपाले विदेशमा रहेकाको हकमा पासपोर्ट अपलोड गरेर अनलाइनबाटै सदस्यता लिन सक्ने व्यवस्था छ। विदेश रहेका नेपालीका हकमा 'पेमेन्ट सिस्टम'का कारण सदस्यता शुल्क उठाउन अप्ठ्यारो भइरहेको बुर्लाकोटीले बताउँछन्। उनका अनुसार विदेशमा रहेका पार्टी सदस्यले पनि संगठनको आन्तरिक निर्वाचनमा भाग लिन पाउने व्यवस्था छ।

महामन्त्री ढकालका अनुसार मधेश बैठकबाट रास्वपाले देश र विदेश सबैतिर राष्ट्रिय सेवक समाज गठन गर्ने निर्णय गरेको बताए। 'विदेशका लागि हामीले अंगुरको झुप्पाजस्तो ढाँचा बनाएका छौं। जस्तो, मलेसियाबाट राष्ट्रिय सेवक समाज मलेसिया-काठमाडौंलगायत विभिन्न भूगोलअनुसार समिति गठन हुन सक्छन्।'

रास्वपाको मधेश बैठकले 'देशमा व्याप्त बेथितिको सिकार भएर बाध्यताले विदेशमा श्रम गर्न गएका नेपाली नागरिक र नेपालमा रहेका उनीहरूको परिवारबारे हामीले विशेष ढंगले सोच्ने वेला आइसकेको' निष्कर्ष निकालेको छ। सभापतिको प्रतिवेदनमा छ, 'श्रम गर्न गएका नागरिकको आर्थिक, सामाजिक सुरक्षा, हक-अधिकारको सुनिश्चितता राज्यले गर्नुपर्छ, यो राज्यको दायित्व हो। पसिना बगाएर देश पालिरहेका श्रमिक मजदुरका लागि देशको चौथो राजनीतिक दलको हैसियतले हामीले गर्न सक्ने सबै प्रयास गरिरहेका छौं र गरी नै रहनेछौं।' रास्वपाले एकपटकका नेपाली सर्घैंका नेपाली भन्ने नारा बनाएको छ। 'हामीले विशेष विज्ञता, अनुभव र अध्ययन हासिल गरेका अन्य देशमा रहनुहुने गैरआवासीय नेपालीको ज्ञान, सीप र लगानीको सदुपयोग गरी राष्ट्र निर्माणमा जोड्ने अभियान सुरु गर्नुपर्छ। एकपटकको नेपाली सर्घैंका नेपाली हुन् भन्ने कुरामा रास्वपा स्पष्ट छ,' सभापतिको प्रतिवेदनमा छ।

कोशीका तीन मन्त्रीले जिम्मेवारी पाए

झापा/ कोशी प्रदेशमा नियुक्तिको डेढ महिनापछि तीन मन्त्रीले जिम्मेवारी पाएका छन्। प्रदेशका मुख्यमन्त्री केदार कार्कीको सिफारिसमा कांग्रेसका शमशेर राईले आन्तरिक मामिला तथा कानुन, माओवादीका गणेश उप्रेतीले पर्यटन, वन तथा वातावरण र एकीकृत समाजवादीका कमलप्रसाद जबेगूले भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारी पाएका हुन्। प्रदेश सभाबाट बजेट अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको विधेयक पारित भएसँगै तीन मन्त्रीको जिम्मेवारी तोकिएको हो।

२७ असोजमा कांग्रेसबाट नियुक्त भएका शमशेर तथा १७ कात्तिकमा नियुक्त भएका माओवादीका गणेश उप्रेती र कमलप्रसाद जबेगू जिम्मेवारीविहीन थिए। यसअघि एमालेका रामबहादुर मगर २२ दिन विनाविभागीय मन्त्री भएर बिदा भएका थिए। मुख्यमन्त्री कार्कीले गठबन्धन दलबाट माओवादी र एकीकृत समाजवादीलाई भित्र्याएपछि एमालेले मगरलाई फिर्ता बोलाएको थियो।

साइकल स्टोरमा आगलागी, ६० लाखबराबरको क्षति

लहान/ पूर्व-पश्चिम लोकमार्गसँगै टाँसिएको सिराहाको लहान नगरपालिका-३ स्थित साइकल स्टोरमा आइतबार दिउँसो आगलागी हुँदा करिब ६० लाख रुपैयाँ मूल्यको क्षति भएको छ। इलाका प्रहरी कार्यालय लहानका प्रमुख प्रहरी नायब उपरीक्षक भोलाकुमार भट्टका अनुसार स्थानीय सुनीलकुमार अग्रवालले सञ्चालन गरिरहेका नेपाल साइकल स्टोर्समा आइतबार दिउँसो करिब पौने १ बजेतिर भीषण आगलागी भएको हो।

आगलागीमा बिक्रीका लागि राखिएका नयाँ साइकल, साइकल, मोटरसाइकल, अटोरिक्साका टायर-ट्युब, साइकलका रिम, पार्टपुर्जासहित जल्दा करिब ६० लाख रुपैयाँको क्षति भएको प्रारम्भिक अनुमान गरिएको प्रहरी नायब उपरीक्षक भट्टले जानकारी दिए। इलाका प्रहरी कार्यालय लहानबाट पुगेका प्रहरी, स्थानीय बासिन्दा, लहान नगरपालिका तथा गोलबजार नगरपालिकाको वारुणयन्त्र, स्थानीयवासीको प्रयासमा आगलागी सवा एक घन्टापछि करिब २ बजेतिर पूर्ण रूपमा निभाइएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार आगलागीको कारण नखुलेको र प्रहरीले क्षतिको यकिन विवरण संकलनसहित घटनाको अनुसन्धान थालेको छ।

■ दोलखाका तत्कालीन सिडिओ रिजाल भ्रष्टाचारका पाँच मुद्दामा दोषी ठहर भएपछि न्यायाधीशको राय

'सरकारी सुविधा कसैलाई खातैखात, कसैलाई पुर्पुरोमा हात'

नयाँ पत्रिका

विशेष अदालतले सरकारी सुविधा वितरणमा असमानता भएकोप्रति टिप्पणी गरेको छ। दोलखाका तत्कालीन प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालको मुद्दामाथि फैसला गर्दै न्यायाधीशत्रय यमुना भट्टराई, शालिग्राम कोइराला र खुसीप्रसाद थारूको इजलासले यस्तो अवस्था आउनु दुर्भाग्यपूर्ण रहेको उल्लेख गरेको छ।

सिडिओ रिजाल दोलखामा हाजिर भएको साढे पाँच महिनाको अवधिमा करिब तीन महिना त काज/अनुगमन भन्दै कार्यालयबाहिर थिए। यस क्रममा उनले भ्रमण भत्ताबापत भन्दै एक लाख १२ हजार रुपैयाँभन्दा बढी बुझेको जिल्ला प्रशासनको तथ्यांकले देखाएको थियो। यसै प्रसंगमा विशेष अदालतले भनेको छ, 'सो कार्यालयमा कार्यरत अरू कर्मचारीले पनि सोही हिसाबबमोजिम सोही अनुपातमा भ्रमण भत्ता पाएको भन्ने मिसिलबाट देखिन आउँदैन। सरकारी सुविधा कसैलाई खातैखात, कसैलाई पुर्पुरोमा हात रहेको देखिनु दुर्भाग्यपूर्ण अवस्था हो। यो दण्डहीनताको पराकाष्ठा हो।'



सरकारी कामहरू प्रायः विद्युतीय प्रणाली (अनलाइन)मार्फत भइरहँदा काठमाडौंमा एउटै कार्यका लागि गइरहने कार्यमाथि पनि विशेषले प्रश्न गरेको छ। सार्वजनिक खर्च प्रणालीका सामान्य सिद्धान्तसमेत नअपनाएको, आफैंले आफूलाई भ्रमण तोकेको, आफैंले भुक्तानी सदर गरी रकम लिएको, आर्थिक कानुन एवं आन्तरिक नियन्त्रण प्रणालीका परिपालना नगरी अनावश्यक भ्रमण गरेको देखाई सरकारी रकम हिनामिना गरेकोजस्ता आरोप पुष्टि भएको विशेषको ठहर छ। त्यसपछि उक्त इजलासले पाँच महिना कैद, ७७ हजार ६ सय रुपैयाँ बिगो असुलउपर र उति नै रकम जरिवान हुने सजाय सुनाएको थियो।

रिजाल ३० साउनमा भ्रष्टाचारका पाँचवटा मुद्दामा कसुरदार ठहर भएका थिए। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २० माघ ०७६ मा दायर गरेका ती सबै मुद्दामा उनी दोषी ठहर भएका थिए। यही मुद्दाको पूर्णपाठ विशेषले हालै सार्वजनिक गरेको हो।

सिडिओ रिजालले आफैंले आफूलाई भ्रमण तोक्ने, विनाप्रयोजन अनुगमनमा जाने, जाँदै नगई भत्ता बुझ्ने, कानुनले तोकेका विविध विषय छिनोफानो गरेबापत पक्षहरूबाट रकम असुल्नेजस्ता कार्यमा संलग्न रहेको भन्दै अनुसन्धानपछि अख्तियारले पाँचवटा मुद्दा चलाएको थियो।

सार्वजनिक सुरक्षाविरुद्धको कसुरमा पक्राउ परेका कुमार लामालाई रिजालले नौ वर्ष कैद हुने धम्की देखाउँदै एक लाख रुपैयाँ मागेका थिए। जसमा उनलाई विशेषले ९० हजार बिगो र बिगोबमोजिम जरिवाना तथा पाँच महिना कैद हुने आदेश गरेको हो। सार्वजनिक सुरक्षाविरुद्धको अर्को कसुरमा पनि उनले घुस लिएको निष्कर्षमा पुगेको हो।

विशेषले अर्को मुद्दामा रिजाललाई चार महिना कैद, ५० हजार जरिवाना र बिगो तोकेको थियो। दोलखाको लामाबगरमा कार्यरत दुई सरकारी कर्मचारीसँग दुई-दुई लाख रुपैयाँ घुस लिएकोमा उनलाई एक वर्ष कैद, बिगो चार लाख रुपैयाँ तिराउने फैसला भएको थियो। भ्रष्टाचारको अर्को मुद्दामा उनलाई ३५ हजार रुपैयाँ बिगो भराउने तथा तीन महिना कैद हुने सजाय सुनाइएको छ।

■ धरौटी बुझाए पनि छुटेनन् भुटानी शरणार्थी प्रकरणका प्रतिवादी

सम्पत्ति शुद्धीकरण र अख्तियारले अनुसन्धान गरिरहेकाले तत्काल रिहा नहुने

नयाँ पत्रिका

नक्कली भुटानी शरणार्थी प्रकरणमा उच्च अदालत पाटनले धरौटी तथा साधारण तारेखमा रिहा गरेको प्रतिवादी केही अवधि हिरासतमै रहने देखिएको छ। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उनीहरूविरुद्धको अनुसन्धान जारी रहेकाले तत्काल रिहा नहुने देखिएको हो।

उच्चको आदेशपछि आइतबार प्रतिवादीमध्येका नरेन्द्र केसी, हरिभक्त महर्जन, आशिष बुढाथोकी र शमशेर मियाँ धरौटी रकम बुझाउन जिल्ला अदालत काठमाडौं पुगेका थिए। उनीहरूले आदेशबमोजिमको धरौटी रकम पनि बुझाएका थिए। तर, हिरासतमुक्त भएलगत्तै कार्यालयमा उपस्थित गराउन सम्पत्ति शुद्धीकरण र अख्तियारको पत्र केन्द्रीय कारागारमा पुगेपछि उनीहरू आइतबार रिहा हुन सकेनन्।

सुन्धारा जगन्नाथ देवलस्थित केन्द्रीय कारागारका प्रमुख ललितकुमार बस्नेतले धरौटीमा रिहा भएका प्रतिवादीलाई सम्पत्ति शुद्धीकरण विभाग र अख्तियारमा पेस गर्नुपर्ने भएकाले रिहा नभएको बताए। 'उच्च अदालतको आदेशपछि चार प्रतिवादीलाई आइतबार जिल्ला अदालतले धरौटी बुझाउन पत्र लेख्यो। पत्रअनुसार उनीहरूले अदालत पुगेर धरौटी रकम पनि बुझाए। तर, उनीहरूलाई सम्पत्ति शुद्धीकरण विभाग र



नरेन्द्र केसी हरिभक्त महर्जन शमशेर मियाँ

अख्तियारमा पनि बुझाउनुपर्ने भन्दै हामीकहाँ पत्र आएको थियो। आइतबार बुझाउन नसकिएकाले उनीहरूलाई कारागारमै राखिएको छ। सोमबार सम्बन्धित कार्यालयमा पेस गर्छौं,' उनले भने।

नौ दिनसम्म लगातारको सुनुवाइपछि उच्च अदालत पाटनले बहुचर्चित नक्कली भुटानी शरणार्थी प्रकरणमा १० प्रतिवादीलाई धरौटी तथा साधारण तारेखमा रिहा गर्ने ओदश गरेको थियो। जसमध्ये केसीलाई १० लाख, महर्जनलाई १५ लाख, मियाँलाई १० लाख, सन्दीप रायमाझीलाई ३० लाख, टेकनाथ रिजाललाई १५ लाख र रामशरण केसीलाई १५ लाख धरौटी रकम बुझाउन भनेको थियो। लक्ष्मी महर्जन, टंक गुरुङ, आशिष बुढाथोकी र केशव तुलाधरलाई भने साधारण तारेखमा छाड्न भनेको थियो। तर, जिल्ला अदालत काठमाडौंले आइतबार केसी, महर्जन र मियाँलाई मात्रै धरौटी रकम बुझाउन भन्दै पत्र लेखेको थियो। बाँकी प्रतिवादीको हकमा भने अदालतले पत्र लखेको छैन। त्यसो हुँदा उनीहरू पनि अहिले कारागारमै छन्।

गत १५ मंसिरमा भएको आदेशमा पूर्वमन्त्री तथा एमाले नेता टोपबहादुर रायमाझी, तत्कालीन गृहसचिव टेकनारायण पाण्डेसहितका 'हाई प्रोफाइल' नौजनालाई भने थुनामै राख्ने भनिएको छ। पूर्वगृहमन्त्री तथा कांग्रेस नेता बालकृष्ण खाणको हकमा न्यायाधीशद्वय जनक पाण्डे र प्रकाश खरेलकै मत बाझिएको थियो। निर्णयका लागि तेस्रो न्यायाधीशको मत आवश्यक पर्ने आदेशमा भनिएको थियो।

भुटानी शरणार्थीका नाममा नेपाली नागरिकलाई अमेरिका पुऱ्याइदिने प्रलोभनमा करोडौं रकम ठगी गरेको खुलेपछि मुद्दा दर्ता भएको थियो। प्रहरीले ठगी, लिखत किर्ते, राज्यविरुद्धको कसुर तथा संगठित अपराधसम्बन्धी कसुरमा कुल ३० जनामाथि मुद्दा चलाएकोमा २० जनालाई अदालतमा उपस्थित गराएको थियो।

उच्च अदालत पाटनमा ५ मंसिरदेखि सुनुवाइ प्रारम्भ भएकोमा गत १५ मंसिरमा संयुक्त इजलासले आदेश गरेको थियो। जसअनुसार पूर्वमन्त्री रायमाझी र तत्कालीन गृहसचिव पाण्डेसँगै डा. इन्द्रजित राई, केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई, गोविन्दकुमार चौधरी, सन्देश शर्मा र पूर्वसांसद आङटावा शेर्पा पुर्पक्षका लागि थुनामै रहनेछन्। उनीहरू सबैलाई १ असारमा जिल्ला न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासले पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको थियो, जसलाई उच्चले पनि सदर गरेको हो। भण्डारी र दुलाल यो ठगी प्रकरणका मुख्य योजनाकार हुन्।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०८/१८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लिखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धीत तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफुले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा सम्बन्धित पक्षहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

भैरहवा शाखा, रुपन्देही

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय सिद्धार्थनगर, रुपन्देहीमा प्र.फ.नं.घ.उ.का. ७२६७/०६७/६८, अन्तर्गत मिति २०६७/०६/१० मा दर्ता कायम भएको **भवानी फाइबरीर्स उद्योग** फर्म दर्ता ठेगाना : सिद्धार्थनगर न.पा. - १३, रुपन्देही स्थायी लेखा नं. ३०२३६७१४८, मिति २०६९/०४/१९ **प्रोप्राइटर : भवानी बुर्लाकोटी** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**भवानी बुर्लाकोटी** ना.प्र.नं. १६५१/०३४, जारी मिति २०५३/०४/१८ जि.प्र.का. चितवन बाबुको नाम : जगन्नाथ बुर्लाकोटी पतिको नाम : हरी प्रसाद पौडेल ससुराको नाम : जहेन्द्र मोहन पौडेल स्थायी ठेगाना : चैनपुर - १, चितवन	**हरी प्रसाद पौडेल** ना.प्र.नं. ११३६/०३४/३५ जारी मिति २०५३/१२/१८, जि.प्र.का. चितवन बाबुको नाम : जहेन्द्र मोहन पौडेल बाजेको नाम : चक्र मणी पौडेल स्थायी ठेगाना : भरतपुर - ११, चितवन

ईटहरी शाखा, सुनसरी

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय इटहरी, सुनसरीमा प्रा.फ.र.नं. ४८२१/०७२/०७३ अन्तर्गत मिति २०७३/०३/१३ मा दर्ता कायम भएको **मनकामना ईलेक्ट्रोनिक्स** फर्म दर्ता ठेगाना : ईटहरी उ.म.न.पा. - ८, सुनसरी स्थायी लेखा नं. ६०१०७७२५४, मिति : २०७०/०२/१२ **प्रोप्राइटर : राजेश प्रसाद रौनियार** **कर्जा शिर्षक : ओभरड्राफ्ट, आवधिक तथा सवारी साधन कर्जा**	**राजेश प्रसाद रौनियार** ना.प्र.नं. ३४१०५३/५१, जारी मिति २०६५/०८/०१, जि.प्र.का. पर्सा बाबुको नाम : छोटेलाल साह रौनियार बाजेको नाम : भुतेली साह रौनियार स्थायी ठेगाना : मिर्जापुर - ६, पर्सा	**पुनम देवी गुप्ता** ना.प्र.नं. ४६३१ जारी मिति २०६६/१२/०३ जि.प्र.का. पर्सा बाबुको नाम : शेषनाथ प्रसाद गुप्ता पतिको नाम : राजेश प्रसाद रौनियार ससुराको नाम : छोटेलाल साह रौनियार स्थायी ठेगाना : मिर्जापुर - ६, पर्सा

सुलिचौर शाखा, रोल्पा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
रेमबहादुर विष्ट ना.प्र.नं. ५४/३८३७, जारी मिति २०४२/०८/०५, जि.प्र.का. रोल्पा बाबुको नाम : चित्रबहादुर विष्ट बाजेको नाम : ललि जंग विष्ट स्थायी ठेगाना : बडाचौर - ९, रोल्पा **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**काली विष्ट** ना.प्र.नं. ३०८५, जारी मिति : २०४६/१२/०४ जि.प्र.का. रोल्पा पतिको नाम : रेमबहादुर विष्ट ससुराको नाम : चित्रबहादुर विष्ट स्थायी ठेगाना : बडाचौर - ९, रोल्पा	**दिपक विष्ट** ना.प्र.नं. १२३५४/३०९८ जारी मिति २०५८/०७/२४, जि.प्र.का. रोल्पा बाबुको नाम : चित्रबहादुर विष्ट बाजेको नाम : ललि जंग विष्ट स्थायी ठेगाना : बडाचौर - ९, रोल्पा

बाफल कलंकी शाखा, काठमाडौं

ऋणीको विवरण

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, नागार्जुन काठमाडौंमा प्रा.फ.र.नं. १३७१४८/०७४/०७५ अन्तर्गत मिति २०७४/०५/२५ मा दर्ता कायम भएको **भोल बम हार्डवेयर**
फर्म दर्ता ठेगाना : नागार्जुन न.पा. - १, काठमाडौं
स्थायी लेखा नं. ६०६९४१८१५, मिति २०७४/०५/२७
प्रोप्राईटर : प्रदिप कुमार जायसवाल
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

प्रदिप कुमार जायसवाल ना.प्र.नं. ३२३०४०/१०१ जारी मिति २०७०/०२/१४, जि.प्र.का. रौतहट बाबुको नाम : मौजेलाल साह बाजेको नाम : झमन साह कल्वार स्थायी ठेगाना : सरमुजवा - ९, रौतहट	**मौजेलाल साह** ना.प्र.नं. १४४१/२१२५ जारी मिति २०४४/१२/२५, जि.प्र.का. रौतहट बाबुको नाम : झमन साह कल्वार बाजेको नाम : बोतु साह कल्वार स्थायी ठेगाना : सरमुजवा - ९, रौतहट	**मंजु देवी** ना.प्र.नं. ३२/३/०४०/६६८, जारी मिति २०६३/११/२९, जि.प्र.का. रौतहट बाबुको नाम : रामलोचन साह कलवार पतिको नाम : मौजेलाल साह ससुराको नाम : झमन साह कल्वार स्थायी ठेगाना : सरमुजवा - ८,रौतहट

ट्राफिकचोक शाखा, विराटनगर, मोरङ्ग

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
हिरा लाल कामत ना.प्र.नं. १/२६०२, जारी मिति २०४५/०१/२१, जि.प्र.का. मोरङ्ग बाबुको नाम : देव लाल कामत बाजेको नाम : सुभक लाल स्थायी ठेगाना : विराटनगर - १६, मोरङ्ग **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**संगिता कुमारी कामत** ना.प्र.नं. १/१२१७, जारी मिति २०४६/०२/२६, जि.प्र.का. मोरङ्ग बाबुको नाम : बाशुदेव कामत पतिको नाम : हिरा लाल कामत ससुराको नाम : देव लाल कामत स्थायी ठेगाना : विराटनगर - ७, मोरङ्ग	**रिघु कामत** ना.प्र.नं. ०५-०२-७३-०२९२८ जारी मिति २०७३/०३/०९ जि.प्र.का. मोरङ्ग बाबुको नाम : हिरा लाल कामत बाजेको नाम : देव लाल कामत स्थायी ठेगाना : विराटनगर उ.म.न.पा. - १६, मोरङ्ग

कुलेश्वर शाखा, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रेजिष्ट्राको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ११२३९६/६९/०७० अन्तर्गत मिति २०७०/०१/२६ मा दर्ता कायम भएको **हाइड्रो इक्युपमेन्ट सोलुसन प्रा.लि.** कम्पनी दर्ता ठेगाना : काठमाडौं म.न.पा. - १४, कुलेश्वर, काठमाडौं स्थायी लेखा नं. ६०११८१६६७ मिति २०७०/०१/२७ **संचालक अध्यक्ष : राम बहादुर गौतम** **कर्जा शिर्षक : ओभरड्राफ्ट, अल्पकालिन तथा डिमाण्ड कर्जा**	**राम बहादुर गौतम** ना.प्र.नं. २८३७२/४८८४८ जारी मिति २०४५/०१/०६, जि.प्र.का. काठमाडौं बाबुको नाम : एक बहादुर गौतम बाजेको नाम : खड्ग बहादुर गौतम स्थायी ठेगाना : का.म.न.पा. - १४, काठमाडौं	**निर्मला खत्री क्षेत्री** ना.प्र.नं. ११७१९, जारी मिति २०४५/०४/३१ जि.प्र.का. मकवानपुर बाबुको नाम : भोज बहादुर खत्री क्षेत्री पतिको नाम : राम बहादुर गौतम ससुराको नाम : एक बहादुर गौतम स्थायी ठेगाना : दामन - ४, मकवानपुर

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

प्रतिगमनकारीहरूको बढ्दो चलखेल

दलाल पुँजीवाद तथा नोकरशाही अर्थराजनीतिको हालीमुहालीका कारण गणतन्त्र स्थापनाको १७ वर्षपछि पनि प्रतिगामी शक्तिको चलखेल घट्नुको साटो बढिरहेको छ



● रोशन जनकपुरी
अग्रलेख

मंसिर महिनाका प्रारम्भिक साताहरूमा राजधानी काठमाडौं तथा पूर्वी र मध्य नेपालका झापा, धनुषालगायत केही जिल्लाका सडकमा राजतन्त्रपक्षीय नारा सुनिए। काठमाडौंका सडकमा उनीहरूले प्रहरीसँग झडप र ढुंगा हानाहान पनि गरे। प्रहरीले केही राजतन्त्र पक्षधर प्रदर्शनकारीलाई गिरफ्तार पनि गर्‍यो।
यसपटक राजतन्त्र पक्षधरहरूको भिड जुन आयतनमा राजधानीका सडकमा देखिए, त्यसले उनीहरू भिड जुटाउन योजनाबद्ध रूपमै लागेको बुझ्न गाह्रो थिएन।
एकातिर एमाले अध्यक्ष ओली र नेता महेश बस्नेतको तेजोबध गर्ने निहुँ झिकेर विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईंले अनेक निहुँमा बाहिरबाट जनता ओसारेर राजतन्त्रपक्षीय नारा लगाएर सडकमा अराजकता फैलाए भने अर्कातिर राजेन्द्र लिङदेन नेतृत्वको राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल (राप्रपा)ले पूर्वराजा ज्ञानेन्द्रको उपस्थितिमा झापामा राजतन्त्रका पक्षमा नारा लगायो। यसैबाट उत्साहित भएर जनकपुरमा समेत केही राजतन्त्र समर्थकले जुलुस निकाले। राजतन्त्रवादीहरूको सहयोगी शक्तिका रूपमा धर्मनिरपेक्षताको विरोध र संकीर्ण हिन्दू धार्मिक राष्ट्रको वकालत गर्ने संकीर्ण धार्मिक शक्तिसमेत सतहमा देखिए। यो संकीर्ण धार्मिक जमात रूप र रंगमा भगवा चोला तथा चन्दन टीकामा देखिए पनि, सडकमा जसरी उनीहरू उग्र शैलीमा हिन्दुराष्ट्रको नारालाई राजतन्त्रसँग मिसाएर घन्काइरहेका थिए र अन्य धार्मिक समुदायप्रति घृणा प्रकट गरिरहेका थिए, त्यसले उनीहरूलाई देशमा साम्प्रदायिक अराजकता फैलाउन अराजक भिडका रूपमा प्रयोग गरिएको प्रस्ट देखिन्थ्यो। आफूलाई सन्त भन्ने आचार्य श्रीनिवास नामक युवा साधुले लगाएको 'विरोधीलाई खुकुरीले काट्नुपर्छ'जस्ता हिंस्रक र उत्तेजक नारा र तोडफोड यस्तै उदाहरण थिए।
यतिवेला देशमा लोकतान्त्रिक गणतान्त्रिक संविधान र लोकतान्त्रिक गणतान्त्रिक भनिने शक्तिनेतृत्वको राज्यसत्ता छ। यस्तो परिवेशमा राजतन्त्रवादीको यो प्रदर्शन सानो देखिन्छ। तर, वर्तमान राज्यसत्ताको नेतृत्वकारी राजनीतिक शक्तिहरूको वैचारिक, राजनीतिक र नैतिक स्खलन तथा जनताबाट हुने आक्रोशित आलोचनाको परिदृश्यमा हेर्दा राजतन्त्र पक्षधर शक्तिको क्रमबद्ध गतिविधिको गम्भीरतालाई उपेक्षा गर्न सकिँदैन। इटालियन मार्क्सवादी विचारक एन्तोनियो ग्राम्सीको फासीवादको अवतरणबारे एउटा भनाइ सान्दर्भिक छ। उनले भनेका थिए- 'फासीवादले अग्रगामी शक्तिहरू शिथिल हुन्जेल प्रतीक्षा गर्छ र त्यसपछि एउटा त्रासदीका रूपमा आफूलाई विस्तार गर्छ।' देशमा राजतन्त्र पक्षधर राजनीतिको विकासलाई एउटा क्रमबद्धतामा हेरेपछि ग्राम्सीको भनाइको गम्भीरतालाई बुझ्न सकिन्छ।
पहिलो संविधानसभामा राजतन्त्रपक्षधर राप्रपा (नेतृत्व कमल थापा)को सदस्य संख्या कुल ६०१ मा चारजना मात्र थियो, त्यो पनि समानुपातिक मतका आधारमा। अहिले देशमा संविधानसभाबाट पारित लोकतान्त्रिक गणतन्त्रको संविधान छ, सम्पूर्ण राज्यसत्ताको कमान आफूलाई गणतान्त्रिक भनेर गर्व गर्ने राजनीतिक शक्तिसँग छ, तैपनि संघीय संसद् र कैयौं प्रदेश सभामा समेत गठबन्धन समीकरणमा राप्रपा निर्णायक शक्तिका रूपमा उपस्थित छ। गणतान्त्रिक राज्यव्यवस्थाभित्र राजतन्त्रवादी शक्तिहरू समाप्त हुँदै जानुपर्नेमा झन् उनीहरूको अवस्थामा वृद्धि नै भएको छ। यसले वर्तमान गणतन्त्रको दिशाहीनता तथा उदारताका नाममा लोकतन्त्रबारे निरीहता र यान्त्रिकता अभिव्यक्त गर्छ। यस्तो लोकतान्त्रिक गणतन्त्र, जसले लोकतान्त्रिक अधिकारका नाममा आफूलाई सिध्याउन आफ्ना विरोधीलाई अधिकार दिन्छ, कसरी दीर्घजीवी हुन सक्छ ? जनताको अथक संघर्ष, त्याग, तपस्या र बलिदानबाट प्राप्त भएको लोकतान्त्रिक गणतन्त्र जनगणतन्त्र हुँदै समाजवादी दिशामा लाग्नुपर्ने थियो।
राजनीतिक अधिकारको आधारभूत समस्या हल गरेर गरिबी, भोकमरी, रोग, शिक्षा, स्वास्थ्य आदि जनजीवनका आधारभूत समस्याको योजनाबद्ध समाधानको दिशामा लाग्नुपर्ने थियो। तर, यस्तोमा व्यवस्था परिवर्तन भएको १७ वर्षपछि पनि प्रतिगामी शक्तिहरू विकासमान नै देखिनु चिन्ताको विषय हो ! छिमेकी देशहरूको अर्थ राजनीतिमा विद्यमान धार्मिक फासीवादी तत्त्वको बलियो र नेतृत्वकारी उपस्थितिले नेपाली राजनीतिका प्रतिगामी शक्तिलाई उत्साहित गरिरहेको तथ्यलाई उपेक्षा गर्न सकिँदैन। तैपनि, आन्तरिक पक्ष प्रधान हुने भनिएझैं देशभित्रको राजनीतिमा राज्यसत्ताको नेतृत्वकारी शक्तिभित्रको निकृष्ट अर्थपिपासु प्रवृत्तिको सत्ताको छिनाझपटी, पटक-पटक फेरिइरहने सत्ताकेन्द्रित गठबन्धन र जनउपेक्षालाई उपेक्षा गर्न सकिँदैन।
एउटा उखान छ, सिसाको घरमा बस्नेहरूले अरूको घरमा ढुंगा हान्नुहुँदैन। अहिलेको सत्ताधारी दलहरूलाई यस्तै प्रवृत्तिले निरीह बनाएको देखिन्छ। होइन भने, गणतन्त्रको विरोध तथा खुलेआम राजतन्त्रको पक्षमा गैरसंवैधानिक र प्रतिगामी गतिविधि सडक र सदनमा गर्ने स्थिति बन्ने कुनै सम्भावनै रहने थिएन। एउटा शक्तिशाली



राज्यसत्ताले यसलाई तत्कालै नियन्त्रण गर्न सक्नुपर्थ्यो। तर, राजनीतिक नेतृत्वको अर्थ जनवादी अधिनायकत्वमा अभिव्यक्त नभएसम्म, लोकतन्त्रले न त प्रतिगामी शक्तिलाई नियन्त्रण गर्न सक्छ, न त जनहितको रक्षा नै गर्न सक्छ। उसले न त पुँजीवादी अर्थराजनीतिलाई जितेर समाजवादी अर्थराजनीतिक दिशा पक्रन सक्छ। गणतन्त्र स्थापनाको १७ वर्षपछि पनि प्रतिगामी शक्तिको चलखेल र साम्राज्यवादी पुँजीवादको चाकर दलाल पुँजीवाद तथा नोकरशाही अर्थराजनीतिको हालीमुहाली बढ्दो स्थितिको कारण हो।
फ्रान्सिसी क्रान्तिमा सन् १७९३ मा सम्राट् लुई १६औँ लाई जनताले फाँसीको तख्ता (गिलोटिन) मा झुन्ड्याउने वेला, त्यत्रो जनताका बीचमा सातजना राजतन्त्रवादीहरू सम्राट्लाई बचाउन झुन्ड्याउने मञ्चमुनि पुगिसकेका थिए भनिन्छ। तर, अबेर भइसकेको थियो, उनीहरू पुनुभन्दा पहिले नै लुई १६औँ झुन्ड्याइसकिएका थिए। तात्पर्य के हो भने राजनीतिक विजय प्राप्त गरे पनि प्रतिगामी तत्त्वहरू वर्गका रूपमा समाजमा कायम रहेकै हुन्छन्। उनीहरूलाई योजनाबद्ध रूपमा आर्थिक र सामाजिक रूपमा हैसियतविहीन नगराएसम्म प्रतिगामी शक्तिहरू नयाँ समाजमा बिलय र अस्तित्वहीन हुँदैनन्। फ्रान्सिसी राजनीतिमा अहिले वामपन्थी र दक्षिणपन्थी शक्ति, दुवै तत्त्वको उपस्थिति छ। पुँजीवादी राजनीतिको अंगका रूपमा विकसित दक्षिणपन्थी शक्तिसँगको संघर्ष अलग्गै विषय भयो, तर त्यहाँ अहिले राजतन्त्र पक्षधर शक्ति छैनन्। संकीर्ण धार्मिक तत्त्वहरूले वर्तमान फ्रान्सिसी समाजमा नयाँ धरातलमा टाउको उठाउन अनेक प्रयत्न गरिरहेका छन्, तर त्यसलाई रोक्न त्यहाँको धर्मनिरपेक्ष शक्ति सबै एकजुट देखिन्छन्। यस स्थितिसँग तुलना गर्ने हो भने नेपालमा अग्रगामी शक्तिले लामो संघर्षपछि राजनीतिक रूपमा गणतन्त्र स्थापना गर्न सफल भए पनि अर्थराजनीतिक र सांस्कृतिक रूपमा नीति र कार्यक्रमको विकास गर्न सकेनन्। गणतन्त्र स्थापनापछि प्रत्यक्षमा राप्रपाजस्तो राजनीतिक शक्तिले राजतन्त्र पक्षधर वर्गशक्तिको नेतृत्व गरिरहेको छ। तर, मौन किसिमबाट पूर्वराजा ज्ञानेन्द्र र विगतमा राजतन्त्रबाट उपकृत भएको भारदार र चाकरवर्ग पनि सक्रिय नै देखिन्छन्। यसको एउटै कारण हो, ज्ञानेन्द्रलगायत राजतन्त्रका निर्णायक वर्गीय सामाजिक तत्त्वलाई सामाजिक र आर्थिक हैसियतमा निःशस्त्र नगरिनु। राजनीतिक रूपमा सत्ताविहीन भए पनि नेपालको आर्थिक संरचनामा पूर्वराजा ज्ञानेन्द्र, उनका सन्तान र तत्कालीन भारदारहरू अहिले पनि प्रभावशाली नै छन्। चियाबगान, कैयौं उद्योगधन्दा र सेयर बजारमा अहिले पनि उनीहरूकै प्रभावशाली लगानी छ, जसले वर्तमान राजनीतिक संरचनालाई प्रत्यक्ष-अप्रत्यक्ष प्रभावित गरिरहेको छ। यही आर्थिक तागतले पूर्वराजा र उनका राजनीतिक पक्षधरलाई प्रतिगामी एजेन्डा र अभियान

> वर्तमान राज्यसत्ताका नेतृत्वकारी राजनीतिक शक्तिहरूको वैचारिक, राजनीतिक र नैतिक स्खलन तथा जनताबाट हुने आक्रोशित आलोचनाको परिदृश्यमा हेर्दा राजतन्त्र पक्षधर शक्तिको क्रमबद्ध गतिविधिको गम्भीरतालाई उपेक्षा गर्न सकिँदैन

चलाउन बल दिन्छ। प्रश्न छ, राजा र उनका सन्तानले आर्जन गरेको आर्थिक सम्पत्तिको स्रोत के थियो ? निश्चय नै जनताको श्रम, सम्पत्ति र सम्पदाको शोषण नै हो। यस्तोमा गणतन्त्र स्थापनाका वेला राजतन्त्रलाई राजनीतिक मात्रै होइन, आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा समेत निःशस्त्र गर्न सक्नुपर्थ्यो।
यसरी नै सामन्तवादमा मठमन्दिरलगायत धार्मिकस्थल पूजापाठ र धार्मिक कार्यभन्दा पनि जमिन्दार तथा शासनको कर असुल्ने अंग बढी हुने गर्थे। पूजापाठ र धार्मिक कार्य मठमन्दिर, गुम्बा र मस्जिद नभए पनि हुन सक्छ र हुन्छ पनि। प्रायः सबै धर्मका आस्थावान मानिसको घरमा सानै भए पनि पूजाघर हुन्छ नै। मठमन्दिरको हातमा हजारौं बिघा जग्गा हुन्छ। सामन्तवादी शासन र धर्मबीचको यस गठबन्धनमा सामन्तवादी शोषणको अर्थराजनीति टिकेको हुन्छ। गणतन्त्र स्थापनापछि मठमन्दिर आदिको कब्जामा रहेका गुठीलगायत भूमि व्यवस्था र अन्य सम्पत्ति राज्यले आफ्नो प्रत्यक्ष नियन्त्रण वा जनसमुदायको नियन्त्रणमा राखेर जनहितमा उपयोग गर्न सक्नुपर्थ्यो। अहिले ती मठमन्दिरका महन्थ र प्रमुख ती सम्पत्तिलाई धार्मिकभन्दा पनि आफूअनुकूल व्यवसाय र राजनीतिमा प्रयोग गरिरहेका छन् र आफैं वा आफूअनुकूल पात्र छनोट गरेर नकारात्मक वातावरण सिर्जना गरिरहेका छन्। उनीहरूलाई डर के छ भने वर्तमान गणतन्त्र समाजवाद वा अग्रगामी दिशामा गयो भने उनीहरूको आर्थिक र सामाजिक सुखको स्वर्ग गुम्न सक्छ। त्यसकारण उनीहरू धार्मिक उत्तेजना फैलाएर आफ्नो 'स्वर्ग' सकेसम्म कायम राख्न चाहन्छन्। यस्तोमा राजतन्त्रजस्तो प्रतिगामी शक्तिलाई उनीहरूले आफूअनुकूल ठान्छन्।
गणतन्त्र स्थापनापछि नेतृत्वकारी शक्तिहरूले नेपाली समाजको यो दुवै पश्चगामी तत्त्वलाई अनुकूलन र नियन्त्रण गर्न सक्नुपर्थ्यो। यो नै भएन र अहिले वर्तमान राजनीतिको यथास्थितिवादिता, सत्तालोलुप छिनाझपटी तथा जनउदासीनताको फाइदा उठाउँदै प्रतिगामी शक्तिहरूले पुनः टाउको उठाउन खोज्दै छन्। कतिसम्म उत्साही छन् भने उनीहरू विभाजित राजतन्त्रवादीको मोर्चाका कुरा पनि उठाउँदै छन्। यस्तोमा आफ्ना कमजोरी केलाउँदै कम्तीमा गणतन्त्रलाई जनपक्षीय बनाउन गणतन्त्रवादी शक्तिले सडक र शासन दुवैमा प्रभावकारी उपस्थिति जनाउन जरुरी छ।
मार्क्स र एंगेल्सले 'भूत' (विगत)को गतिबारे सचेत गराएका छन्। अग्रगामी शक्तिले 'भूत'मा निहित गतिशील तत्त्वको उपयोग गर्न जान्नुपर्छ। भूतमा निहित गतिले वर्तमानलाई अग्रगामितातिर डोर्‍याउनु 'प्रगति' हो, भने पछाडि फर्कनु 'दुर्गति' हो। राजतन्त्र पक्षधरहरूले नेपाली जनताले गणतन्त्र ल्याउन गरेका संघर्ष र बलिदानका इतिहासलाई, विकृत गरेर तथा नयाँ पुस्ताका निम्ति विस्मृतिमा लग्ने प्रयत्न गर्दै इतिहासलाई दुर्गतिमा पुर्‍याउन खोज्दै छन्। 'प्रगतिवादी' शक्तिहरूले इतिहासबाट शिक्षा लिएर वर्तमान गणतन्त्रलाई वास्तविक अर्थमा जनताको गणतन्त्रमा परिणत गर्न सचेत प्रयत्नमा लाग्नु नै हितकर हुनेछ।

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **खेमराज नेपाल**लाई



स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पठाउन किन नसकिएको होला ?

हालसम्मको व्यवस्था र अभ्यासअनुसार स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत संघले पठाउँछ। तर, दरबन्दीबमोजिम प्रमुख प्रशासकीय अधिकृत पुगेका छैनन्। यसको प्रमुख कारण भनेको संघीय निजामती सेवा ऐन नबन्नु नै हो। ऐन नबन्दा प्रमुख प्रशासकीय अधिकृत भएर जानेहरूमा सरुवा, बढुवा, पदमा रहनुपर्ने अवधि र फिर्ता हुने अवस्था या समयबारे स्पष्ट निधो भएन। कर्मचारीले जागिर खाएपछि वृत्तिविकास हेर्छ। त्यसको आधार नदेखेका कारण पनि कर्मचारी तल गएनन्। संघले पठाउन सकेन र स्थानीय तहले पनि कर्मचारीलाई आकर्षित गर्न सकेनन्। बीचमा प्रदेशको भूमिका पनि देखिएन।

संघले पठाएको कर्मचारी स्थानीय तहले किन फिर्ता गरेका होलान् ?

संघले पठाएका कर्मचारीलाई स्थानीय तहले हाजिर नगराउन मिल्दैन। हाजिर नगराउनुको अर्थ त्यहाँ स्वार्थ छ भन्ने प्रस्ट हुन्छ। यसो नगर्न सम्बन्धित राजनीतिक दलले पनि जनप्रतिनिधिलाई निर्देशन दिनुपर्ने हो। जनप्रतिनिधि कानुन र व्यवस्थाभन्दा पनि दलप्रति बफादार हुँदा यस्तो समस्या भएको हो।

यस्तो समस्या समाधानका लागि के गर्नुपर्ला त ?

यो समस्या समाधानका लागि सबैभन्दा पहिले त संघीय निजामती सेवा ऐन नै बन्नु आवश्यक छ। कर्मचारीको वृत्तिविकासबारे ऐनमै निश्चित गरिदिनुपर्छ। कर्मचारी पठाउन नसक्नु संघको पनि अक्षमता हो। समस्या समाधानका लागि संघ र स्थानीय तहबीचको सम्बन्ध र संवादलाई सुमधुर बनाउनु र प्रदेशको भूमिकालाई पनि स्पष्ट गरिनु आवश्यक छ।

प्रेरक प्रसंग

बालकले गरेको चोरी

धेरै पहिले एक सन्तले आफ्नो आश्रममा बालबालिकालाई ध्यान सिकाउने शिविर सञ्चालन गरेका थिए। शिविरमा थुप्रै बालबालिका सहभागी थिए। एक दिन कुनै बालकलाई चोरी गर्दैगर्दा समातियो। यो खबर आश्रम व्यवस्थापकले सन्तलाई सुनाए र ती बालकलाई कडाभन्दा कडा सजाय दिएर शिविरबाट निष्कासन गर्न अनुरोध गरे। तर, सन्तले उनीहरूको यस्तो उजुरीमाथि कुनै ध्यान दिएनन्। उनले ती बालकलाई निष्कासन गर्नु त परैको कुरो, साथीहरूसँगै शिविरमा सहभागी हुनबाट समेत रोक लगाएनन्। साथै, उनले बालकलाई आफूले उनले चोरी गरेको थाहा पाएको छनक लाग्नसम्म दिएनन्। पहिलो चोरीको घटना भएको केही दिनपछि तिनै बालक पुनः चोरी गर्दैगर्दा समातिए। यसपटक उनलाई सीधै सन्तसामु हाजिर गराइयो। तर, यसपटक पनि सन्तले सबैको अपेक्षाविपरीत बालकलाई कुनै सजाय सुनाएनन्। सन्तको यस्तो व्यवहार देख्दा शिविरमा सहभागी सबै बालक क्रुद्ध भए। उनीहरूले सन्तलाई एउटा सामूहिक पत्र लेखेर चोरी गर्ने बालकलाई शिविरबाट निष्कासन नगर्ने भए आफूहरूले शिविर छाड्ने चेतावनी दिए।
पत्र पढिसकेपछि सन्तले सबै बालबालिकालाई ध्यानस्थलमा एकत्रित हुन आदेश दिए। सबै बालबालिका उपस्थिति भइसकेपछि उनले सबैलाई सम्बोधन गर्दै भने- तपाईंहरू सबै बुद्धिमान् हुनुहुन्छ। सबै के सही र के गलत हो भन्ने पनि खुट्याउन जान्नुहुन्छ। तपाईंहरू यो शिविर छाडेर जान चाहनुहुन्छ भने जान सक्नुहुन्छ। तपाईंहरू स्वतन्त्र हुनुहुन्छ। तर, चोरी गर्दैगर्दा समातिएका यी बालकलाई सही के हो र गलत के हो भन्ने थाहा छैन। यस्तो अवस्थामा मैले नै यी अबोध बालकलाई केही सिकाइनँ भने कसले सिकाउला ? त्यसैले, तपाईंहरू जान चाहनुहुन्छ भने जानुहोस्। म यिनलाई सिकाउँछु, पढाउँछु। सन्तको यस्तो भनाइ सुनिसकेपछि चोरी गर्ने छात्र डाँको छाडेर रुन थाले। आँखाबाट बगेको आँशुसँगै उनीभित्र रहेको चोरी गर्ने भावना पनि सदाका लागि बिलायो। उनले सन्तको पाउमा परेर माफी मागे। साथै, उनले साथीहरूसित पनि माफी मागे। उनको अवस्था देखेर बाँकी शिष्यले पनि सन्त र चोरी गर्ने बालक दुवैसित क्षमा मागे र शिविर छाडेर नजाने प्रण गरे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सबैले सिक्नुपर्ने पाठ

गत २९ भदौमा भक्तपुरको सूर्यविनायक नगरपालिका- ३ स्थित एक घरको तेस्रो तलाबाट खसेर अढामका आठ वर्षीय बालकको ज्यान गयो। घरको झ्यालमा ग्रिल नहुनाले झ्यालबाट खसेर बालकको ज्यान गएको हो। तीन तलामाथिबाट खस्दा पर्खालको बारमा रहेको भालामा रोपिएका बालकलाई अस्पताल पुर्‍याइए पनि उनको पहिल्यै ज्यान गइसकेको घोषणा चिकित्सकहरूले गरे।
बालकका बुबा काममा गएको र आमा पनि कपडा धुन गएको वेलामा दुर्घटना हुँदा बालकको ज्यान गयो। घटनाअघि नै घरधनी र भाडामा बस्ने मृतक बालकका परिवारले होस पुर्‍याएर झ्यालमा ग्रिल हालेको या हाल्न लगाएको भए बालकको ज्यान जाने थिएन। तर, अहिले सो घरको झ्यालमा ग्रिल हालिसकिएको छ। तर, त्यस क्षेत्रका अधिकांश घरमा तल्लोबाहेक अन्य तलामा ग्रिल लगाएको अझै देखिन्न। अबका दिनमा थप कसैका बालबालिका या अन्य जोकोहीले पनि झ्यालबाट खसेर यसरी अकालमा ज्यान गुमाउन बाध्य हुनुनपरोस् भन्नेतर्फ सबैको ध्यान जानु जरुरी छ। एउटा अकल्पनीय दुर्घटना भइनैसक्यो। एक बालकले अनाहकमा ज्यान गुमाउनुपर्‍यो। बाबु-आमाले आफ्नो सन्तान गुमाउनुपर्‍यो। यस दुर्घटनाबाट पाठ सिकेर अब भविष्यमा यस्तो दुर्घटना नहोस् भन्नेतर्फ नगरपालिकाको पनि ध्यान जानु जरुरी छ। घरमा ग्रिल राखिएको छैन भने तत्काल राख्न लगाउने र नयाँ बन्ने घरमा ग्रिलसमेत राखिसकेपछि मात्र निर्माण सम्पन्नको प्रमाणपत्र दिने व्यवस्था गर्नेतर्फ नगरपालिकाको नेतृत्व तहले ध्यान दिन सक्नुपर्छ।

● **रमादेवी सापकोटा**, बालकोट, भक्तपुर

एचआइभीबारे सचेत बनौं

'सुदूरपश्चिममा एक वर्षमा थपिए ३५२ एचआइभी संक्रमित' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो। एचआइभी संक्रमणबाट प्राणघातक एड्स लाग्ने निश्चित छ। एड्स लागिसकेपछि उपचार सम्भव छैन। तर, एचआइभी कोभिड या अन्य कुनै भाइरसजस्तो हावा, पानी, श्वासप्रश्वास आदिबाट सर्ने होइन। हामी आफू सचेत भयौं भने हामीमा एचआइभी संक्रमण असम्भव नै छ। त्यसैले यसबारे समयमै सचेत बनौं।

● **भूमिका परियार**
बागेमुडा, काठमाडौं

भूकम्पपीडितप्रति बेवास्ता किन ?

बाजुराका भूकम्पपीडित दुई महिनासम्म पालमुनि बस्न बाध्य हुँदा पनि राज्यले अस्थायी बसोवासका लागि अनुदान नदिनु र पीडितलाई सुरक्षित आवासको प्रत्याभूति गराउन नसक्नु दुःखको विषय हो। दुई महिनासम्ममा पनि सरकारले भूकम्पपीडितको वास्तविक तथ्यांक पहिचान गर्न नसक्नु भनेको लाजमर्दो विषय हो। यसरी आफ्ना नागरिक अलपत्र पर्दा पनि रमिता हेरिरहने स्थानीय तह आखिर किन चाहियो ? पीडितप्रति बेवास्ता किन ?

● **गौरव स्याङ्तान**
वीरेन्द्रनगर- ८, सुर्खेत

समाचारप्रति आपत्ति

१२ मंसिरको नयाँ पत्रिका राष्ट्रिय दैनिकको अनलाइन तथा प्रिन्ट संस्करणमा प्रकाशित 'एनआरएनए चुनावमा प्रविधिको दुरुपयोग गरी म्यानुपुलेसन भएको पुष्टि : सिआइबी' शीर्षकको समाचारप्रति गैरआवासीय नेपाली संघको ध्यानाकर्षण भएको छ। सिआइबीले 'निर्वाचन निष्पक्ष तवरबाट नभई म्यानुपुलेसन भएको हुन सक्ने सम्भावना देखिएकाले कानुनी रूपमा भेरो इन्गेजमेन्ट सोलुसन लिमिटेड, अस्ट्रेलियाबाट मतदान केन्द्रको स्थलगत निर्क्योल गर्नुपर्ने देखिन्छ' भनेर प्रतिवेदन तयार गरेर दिएको छ। सिआइबीले आफ्नो प्रतिवेदनमा 'सम्भावना' अर्थात् निर्वाचनमा अनियमितता भएको आशंका गर्दै थप अनुसन्धान गर्न स्थलगत निर्क्योल गर्नुपर्ने भनेर सरकारलाई सुझाब दिएको छ। तर, यसलाई नयाँ पत्रिकाले धाँधलीको पुष्टि नै भएजस्तो गरी समाचार बनाएको हुनाले यसमा प्रयोग भएको भाषाप्रति हाम्रो गम्भीर आपत्ति छ।

● **फणीन्द्र पन्त**, प्रवक्ता
अन्तर्राष्ट्रिय समन्वय परिषद्, गैरआवासीय नेपाली संघ

अपांगता, उपचार र पुनर्स्थापना

पुनर्स्थापना सेवाले अपांगता भएका व्यक्तिको जीवन सरल बनाउन, जीविकोपार्जनको व्यवस्था मिलाउन र सामाजमा सम्मानित जीवन जिउन सहयोग पुर्‍याउँछ



● विनय कँडेल

हरेक वर्ष ३ डिसेम्बरमा अपांगता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस विश्वभर विभिन्न कार्यक्रम गरेर मनाइन्छ। यस वर्ष पनि नेपाललगायत विभिन्न देशमा यो कार्यक्रम मनाइयो। यस दिनको मुख्य उद्देश्य समाजका हरेक तहमा अपांगता भएका व्यक्तिहरूको अधिकार र हित प्रवर्द्धन गर्नु र राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक सबै पक्षमा अपांगता भएका व्यक्तिको अवस्थाबारे चेतना जगाउनु हो।
विद्यमान स्थिति : विश्व जनसंख्याको १५ प्रतिशतभन्दा बढी (१.३ बिलियन) व्यक्तिमा कुनै न कुनै प्रकारको अपांगता रहेको तथ्य प्रकाशित भएको छ। यिमध्ये ८० प्रतिशत अपांगता भएका व्यक्तिहरू कम विकसित मुलुकमा रहेको पनि आकलन गरिएको छ। ६० वर्षमाथिका व्यक्तिको कुल जनसंख्याको ४५ प्रतिशत व्यक्तिमा अपांगता रहेको तथ्यांक विभिन्न अध्ययन प्रतिवेदनले सार्वजनिक गरेका छन्। महिला तथा बालबालिकाको कुरा गर्ने हो भने हरेक पाँचजनामा एकजना महिला र हरेक १० मा एकजना बालबालिका जीवनको कुनै एक समयमा अपांगता भोग्न बाध्य भइरहेका देखिन्छन्। नेपालको जनगणना ०७८ ले नेपाली जनसंख्याको २.२ प्रतिशतमा कुनै न कुनै प्रकारको अपांगता रहेको देखाएको छ। यद्यपि, अपांगताको सही पहिचानको कमी, समान परिभाषा नहुनु र अपांगतालाई सामाजिक खेदको विषयका रूपमा हेरिने गलत प्रवृत्तिजस्ता कारणले गर्दा सही तथ्यांक आउन नसकेको विज्ञहरू बताउँछन्।
अपांगता र पुनर्स्थापना : नेपाल सरकारको अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ ले अपांगताको वर्गीकरण दुई किसिमले गरेको छ। पहिलो, शारीरिक अंग वा प्रणालीका आधारमा १० किसिम र दोस्रो अशक्तताको गम्भीरताका आधारमा चार किसिम। अपांगता स्वास्थ्यसँग मात्र सम्बन्धित नरही शिक्षा, सीप विकास र रोजगारी, सुरक्षा व्यवस्था, महिला तथा बालबालिकाको अधिकार, लैंगिक समानता, सामाजिक सुरक्षा र मनोरञ्जन आदिसँग समेत प्रत्यक्ष सम्बन्ध राख्ने हुनाले यसलाई सामाजिक विषयका रूपमा हेर्नुपर्ने तर्क विश्वभर यस क्षेत्रमा काम गर्ने सरोकारवालाहरूले सुझाएका छन्। नेपालमा अपांगताको पहिचान गरी अशक्तता गम्भीरताका आधारमा चार किसिमको अपांगता पहिचानपत्र वितरण गर्ने व्यवस्था कायम छ। उक्त पत्रका आधारमा अपांगता भएका व्यक्तिले विभिन्न सुविधा पाउने व्यवस्थासमेत छ। जस्तै, सामाजिक सुरक्षा भत्ता, बिमा, उपचारका सहुलियत, सरकारी सेवामा प्राथमिकता आदि। अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ अनुसार पुनर्स्थापना सेवा भन्नाले अपांगता भएका व्यक्तिलाई समाजमा सक्रिय जीवन निर्वाह गर्न सक्षम हुने गरी प्रदान गरिने चिकित्सकीय सेवा, जीवनोपयोगी व्यावसायिक तथा सीपमूलक तालिम, सहायक सामग्री औषधिउपचार, नियमित परामर्श तथा शैक्षिक र आर्थिक कार्यक्रम भन्ने बुझिन्छ। अपांगता भएका व्यक्तिलाई फिजियोथेरापी, सहायक सामग्री, मनोसामाजिक परामर्श तथा व्यावसायिक तालिमको जीवनभर आवश्यकता पर्छ। राष्ट्रिय स्वास्थ्य नीति २०७६ ले पुनर्स्थापना तथा परामर्श सेवा सर्वसुलभ र पहुँचयोग्य बनाउन संघ, प्रदेश र स्थानीय तहमा स्थापना गर्ने उल्लेख गरेको छ। पुनर्स्थापना सेवाले अपांगता भएका व्यक्तिको दैनिक जीवन सरल बनाउन, जीविकोपार्जनको व्यवस्था मिलाउन र सामाजमा सम्मानित जीवन जिउन सहयोग पुर्‍याउँछ।



फिजियोथेरापी सेवा अपांगता भएका व्यक्तिको पुनर्स्थापनाका लागि महत्त्वपूर्ण पाटो हो जुन हरेक किसिमका अपांगता भएका व्यक्तिलाई आवश्यक हुन्छ। फिजियोथेरापीद्वारा गरिने दुखाइ व्यवस्थापन, मांशपेसी सशक्तीकरण, गमनशीलता प्रशिक्षण आदिद्वारा दैनिक जीवनका क्रियाकलाप गर्न सहयोग पुग्छ। आधुनिक चिकित्सा प्रणालीको अभिन्न अंग फिजियोथेरापी सेवा अस्पताल, निजी पुनर्स्थापना केन्द्र, मेडिकल कलेज, खेलकुद क्लब आदिमा केही हदसम्म उपलब्ध भए पनि अपांगता भएका व्यक्तिका लागि सीमित सरकारी तथा गैरसरकारी संस्थाद्वारा प्रदान गरिँदै आएको छ। यस विषयमा फिजियोथेरापी सेवाको पहुँच बढाउन योग्य जनशक्तिको उत्पादन, रोजगारीको सुनिश्चितता, सरकारी पुनर्स्थापना केन्द्रको स्थापना गरिनुपर्छ। यद्यपि, नेपाल सरकारले गरेका केही क्रियाकलाप सराहनीय छन्। अपांगता र पुनर्स्थापनासम्बन्धी नेपाल सरकारले मेडिकल अफिसर र अन्य स्वास्थ्यकर्मीलाई दिने तालिम विश्वकै नमुना मानिन्छ। यसैगरी, सहायक सामग्रीको प्राथमिकता सूची तयार गर्ने नेपाल दोस्रो राष्ट्र हो। हालसालै बन्दै गरेको पुनर्स्थापनासम्बन्धी राष्ट्रिय रणनीति पनि नेपाल सरकारको पुनर्स्थापनाप्रति बलियो प्रतिबद्धता हो।
यस वर्षको लक्ष्य : संयुक्त राष्ट्रसंघद्वारा गरिएको अपांगता र विकास प्रतिवेदन २०२३ को प्रारम्भिक निष्कर्षमा अपांगता भएका व्यक्तिका लागि दिगो विकासका लक्ष्य पूरा गर्नमा अझै कठिनाइ देखिन्छन्। अतः सन् २०२३ को अपांगता भएका व्यक्तिको अन्तर्राष्ट्रिय दिवस 'दिगो विकासका लक्ष्य पूरा गर्न अपांगता भएका व्यक्तिका लागि र अपांगता भएका व्यक्तिद्वारा एकीकृत कार्य' भन्ने मूल नाराका साथ मनाउने संयुक्त राष्ट्रसंघद्वारा घोषणा गरिएको थियो। नेपालमा पनि सरकारी तथा गैरसरकारी संघसंस्थाद्वारा यही नारा र उद्देश्यका साथ अपांगता भएका व्यक्तिसम्बन्धी चेतना जगाउने र उनीहरूका हक र अधिकार सुनिश्चित गराउने अवधारणाले विभिन्न कार्यक्रम आयोजना गरी मनाइयो। यस्ता कार्यक्रमलाई निश्चित दिवसमा मात्र सीमित नगरी निरन्तर सञ्चालन गरिनु जरुरी छ।

(नेपाल फिजियोथेरापी संघका महासचिव कँडेल वीर अस्पतालको फिजियोथेरापी युनिटका प्रमुख हुन्)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

● भारतमा विधान सभा निर्वाचन

तीन राज्यमा भाजपाको जित पक्का



भाजपाले मध्यप्रदेशसहित यसअघि कंग्रेसको बहुमत रहेको राजस्थान र छत्तिसगढलाई आफ्नो पोल्टामा पार्ने देखिन्छ

पछिल्लो मतपरिणामले ६ महिनाभित्र हुने लोकसभा चुनावमा भाजपाका लागि सुखद संकेत गरेको छ

भारतमा आमनिर्वाचन आउन ६ महिनाभन्दा कम समय बाँकी रहँदा भाजपाले महत्त्वपूर्ण सफलता हासिल गरेको छ। देशका पाँचवटा राज्यका विधान सभा निर्वाचनमा भाजपाले तीन राज्यमा भारी मतसहित बहुमतउन्मुख देखिएको छ। राजस्थान, मध्यप्रदेश, तेलंगना, छत्तिसगढ र मिजोरममा भएका निर्वाचनमा भाजपाले राजस्थान, मध्यप्रदेश र छत्तिसगढलाई आफ्नो पोल्टामा पारेको छ। यीमध्ये राजस्थान र छत्तिसगढमा यसअघि कंग्रेसको बहुमत थियो। त्यस्तै, उसले हाल आफ्नै सरकार रहेको मध्यप्रदेशमा भाजपाले यसअघिको भन्दा बढी सिट जित हासिल गर्ने देखिएको छ। भाजपाले जित हासिल गर्न लागेका तीनै राज्य हिन्दी भाषा बोलिने र बुझिने क्षेत्र हो, जुन भाजपाको परम्परागत पकड क्षेत्र हो। यही भेगमा भारतको केन्द्रीय संसद्का लागि हुने लोकसभाका अधिकांश सिट छन्। यसैले पछिल्लो मतपरिणामलाई भाजपा अझै सो क्षेत्रमा लोकप्रिय रहेको र ६ महिनाभित्रै हुने लोकसभा चुनावका लागि सुखद संकेत हुन सक्छ।

कंग्रेसको एक मात्र सफलता दक्षिणी राज्य तेलंगनामा देखिएको छ, जहाँ उसले सो राज्यमा बलियो पकड रहेको भारत राष्ट्र समिति(बिएसआर)बाट सत्ता खोस्न सफल भएको छ। पछिल्लो विधान सभा चुनाव भएका पाँच राज्यमध्ये मिजोरममा भने अरू राज्यमा भन्दा एक दिन ढिलो गरी सोमबार मात्र मतगणना हुनेछ। पहिले डिसेम्बर ३ मै मतगणना हुने समयतालिका रहे पनि शुक्रबार भारतको निर्वाचन आयोगले एक दिनपछि सारेको थियो। क्रिस्चियन बहुल राज्य मिजोरममा आइतबार धेरैजना साप्ताहिक प्रार्थनामा सरिक हुने भएकाले त्यस्तो निर्णय गरिएको बताइएको छ। मतगणनाअघि जारी एक्जिट पोलले मध्यप्रदेशमा भाजपाको जित निश्चित रहेको, राजस्थानमा भाजपाको सम्भावना रहेको देखाएको थियो। त्यस्तै, तेलंगना र छत्तिसगढमा कंग्रेसको जितको प्रक्षेपण गरिएको थियो। भाजपाले एक्जिट पोलले अनुमान गरेभन्दा बढी सफलता हासिल गरेको छ।

राजस्थानमा कंग्रेसभित्र गुटको असर

राजस्थानमा भएका पछिल्ला ६ विधान सभा निर्वाचनमा भाजपा र कंग्रेस पालैपालो चुनिने गरेको देखिन्छन्। चार राज्यमध्ये सबैभन्दा धेरै सिटसंख्या भएको यस राज्यलाई भाजपा र कंग्रेस दुवैले प्रतिष्ठाको विषय बनाएका थिए। त्यसैले त्यहाँ ठूलो प्रचार अभियान सञ्चालन गरेका थिए। भाजपाले निर्वाचन प्रचारमा वरिष्ठ मन्त्रीदेखि प्रधानमन्त्री नरेन्द्र मोदीसम्म उतारेको थियो। कंग्रेसले तल्लो तहमा अभियानलाई केन्द्रित गर्दै केन्द्रीय नेताहरूलाई पनि प्रचारमा सहभागी गराएको थियो। र, अन्ततः बाजी भाजपाले मारेको छ।

राजस्थानमा कंग्रेसको कमजोर प्रदर्शनमा राज्य एकाइका दुई गुटमा देखिएको चर्को विवादलाई पनि कारण मानिएको छ। राजस्थानमा वर्तमान कंग्रेस मुख्यमन्त्री अशोक गहलोत र अर्का कंग्रेस नेता सचिन पाइलटबीचको गुटगत लडाइँ सार्वजनिक रूपमा बाहिरिएको थियो। लामो समय चलेको यस आन्तरिक विवाद सन् २०१८ को विधान सभामा कंग्रेसले जितेपछि सुरु भएको थियो। र, विवादको कारण थियो को मुख्यमन्त्री हुने भन्ने विषय। पार्टीले विवाद मिलाउन गेहलोतलाई मुख्यमन्त्री र पाइलटलाई उपमुख्यमन्त्री बनायो। तर, विवाद सेलाएन। विवाद चर्किँदै गएर सन् २०२० मा चरमचुलीमा पुग्यो, जब पाइलटले झन्डै गेहलोतको सरकार गिराए। त्यसपछि पार्टीको केन्द्रले पाइलटलाई उपमुख्यमन्त्रीबाट मात्र होइन, राज्यको पार्टी नेता पदबाट समेत बर्खास्त गरेको थियो।

यस चुनावमा भाजपाले गुज्जर समुदायको बाहुल्य रहेको पूर्वी राजस्थान भारी सफलता हासिल गरेको देखिन्छ।

मध्यप्रदेशमा सिन्धिया फ्याक्टर निर्णायक

मध्यप्रदेशमा यसअघि सन् २०१८ मा सम्पन्न विधान सभा चुनावमा कंग्रेस पार्टीले सबैभन्दा बढी सिट जितेर सरकार बनाएको थियो। तर, दुई वर्षपछि नै ज्योतिरादित्य सिन्धियाको नेतृत्वमा २२ विधायकले विद्रोह गरेर भाजपा प्रवेश गरे। लगत्तै कंग्रेस मुख्यमन्त्री कमलनाथ नेतृत्वको सरकार ढलेर भाजपाको सरकार गठन हुने बाटो खुल्यो। सन् २०१८ को कंग्रेस जितको मुख्य कारण सिन्धियाको पकड क्षेत्र 'चम्बल–ग्वालियर'मा हासिल गरेको बलियो मत नै थियो। र, उनै सिन्धिया अहिले भाजपामा हुँदा सो क्षेत्रको अधिकांश मत भाजपाको खातामा गएको छ। जितपछि बोल्ने क्रममा सिन्धियाले केही समयअघि कंग्रेस नेतृ प्रियंका गान्धीले उनको (होचो) कदबारे गरेको टिप्पणीलाई इंगित गर्दै भने, 'केहीले मेरो उचाइबारे कुरा गरेका थिए, अहिले ग्वालियर–मल्वाका जनताले उनीहरू कति अग्ला रहेछन् देखाइदिएका छन्।'

तेलंगनामा कंग्रेसको बहुमत

उता दक्षिण भारतीय राज्य तेलंगनामा भने सत्तारूढ बिआरएस लामो समय सत्तामा रहँदा उत्पन्न हुने 'एन्टिइन्कुम्बेन्सी'को घानमा परेको छ। यसले तेलंगनाका मुख्यमन्त्री के चन्द्रशेखर रावको लगातार तेस्रो कार्यकाल मुख्यमन्त्री हुने सपनामा ब्रेक लाग्ने भएको छ। कंग्रेसले सो राज्यमा ठूलो जित मात्र हासिल गरेको छैन कि मुख्यमन्त्री राव आफैँ उनी लडेका दुईमध्ये एक सिटमा पछाडि परेका छन्। पछिल्लो समय भारत राष्ट्र समिति(बिआरएस)को नामले चिनिने रावको दल 'तेलंगना राष्ट्र समिति(केआरएस)'कै नेतृत्वमा भएको आन्दोलनको कारण सन् २०१४ मा तेलंगना राज्य निर्माण भएको थियो। तर, आन्दोलनको रापले राज्यमा छाएको प्रभाव एक दशकमै खुइलियो। यसमा राव र उनको दलका शीर्ष नेतृत्वहरू पछिल्लो समय जोडिएका भ्रष्टाचारको मुद्दाले काम गरेको विश्लेषण गरिँदै छ।

फाँट - १ (जीवन) ०७९-CP-४१०६ (लेनदेन)

श्री पर्सा जिल्ला अदालतबाट जारी भएको जिल्ला पर्सा गा.वि.स. भौराटार वडा नं. ३ हाल परिवर्तित ऐ. बहुदरमाई न.पा. वडा नं. ७ मा बस्ने रामवृक्ष महतो कोइरीको नाती इनरदेव महतो कोइरीको छोरा वर्ष ३३ को विनोद महतो कोइरीको नाउँको २१ दिने इतलायनामा म्याद ......



उप्रान्त वादी विना देवी मानन्धरले तपाई उपर मिति २०८०/३/२९ गतेमा लेनदेन मुद्दा यस अदालतमा दायर भई तपाईका नाउँमा यस अदालतबाट जारी भएको म्याद बेपत्ते तामेल भई आएकोले सो वेपत्ते म्याद बदर भई यस अदालतको मिति २०८०/६/०४ गतेको आदेशानुसार यो म्याद सूचना प्रकाशित गरिएको छ। यो म्याद प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१ दिन भित्र आफुसँग भएको सबुत प्रमाण सहित प्रतिउतर पत्र लिई आफै, कानुन व्यवसायी वा कानुन वमोजिमको वारेस पठाउनु होला। म्याद गुजारी बसेमा मुद्दा कानुन बमोजिम हुनेछ, तपाईको कुनै उजुर लाग्ने छैन।

जोर अनुरमा बचत तथा ऋण सहकारी संस्था लि.
(एकिकरण अनुरमा बचत तथा ऋण सहकारी संस्था लि.
जोरपिपल बचत तथा ऋण सहकारी संस्था लि.)
गैरीधारा-२, काठमाडौं, फोन नं ४००४६९०, ४५४२०८७

कर्जा चुक्ता गर्ने बारे ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०८/१८

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको सावाँ तथा व्याज रकम समयमा नबुझाइ संस्थासँग गरेको लिखित बमोजिम कर्जा चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाइ बस्नु भएकोले यो सूचना प्रकाशित गरीएको छ। अतः तपाईले यस संस्थालाई तिर्न बुझाउन बाँकी रहेको सम्पुर्ण रकम सावाँ व्याज र लाग्ने अन्य दस्तुर समेत यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र यस संस्थाको कार्यालयमा उपस्थित भई कर्जा चुक्ता गर्नहुन जानकारी गर्दछौं। अन्यथा तपाई लगायत व्यक्तिगत धनजमानी दिने समेतको घरघरानाको अन्य चल अचल सम्पतिबाट लेना रकम असूल उपर गरीने प्रक्रिया अगाडी बढाइनुका साथै कालो सूचीमा समेत समावेश गरी सम्बन्धित निकायमा मुद्दा दायर गरीने व्यहोरा यसै सूचनाबाट सूचित गरीन्छ।

क्र.सं.	ऋणीको नाम, थर र ठेगाना	क्र.सं.	जमानी कर्ताको नाम, थर र ठेगाना
१.	हर्षमानन्द बज्राचार्य (ना.प्र.न. ६४३९/६५३६) बाबु : देवानन्द बज्राचार्य बाजे : गौतमानन्द बज्राचार्य ठेगाना : काठमाडौं २७ 	७.	श्रृष्टि ताम्राकार (ना.प्र.न. १७६५) बाबुः रोशन रत्न ताम्राकार पति : हर्षमानन्द बज्राचार्य ठेगाना : काठमाडौं १८ 
२.	अजय प्रताप सिंह (ना.प्र.न. ७७७९) बाबु : स्व. केशव सिंह ठकुरी बाजे : भैरव सिंह ठकुरी ठेगाना : काठमाडौं ६ 	८.	सर्मिला सिंह ठकुरी (ना. प्र.न.१६९२७/०४६२/२५) बाबु शिव प्रसाद देवकोटा ठेगाना : बानेश्वर ३० 
३.	विजय विष्ट (ना.प्र.न. ९९८९१) बाबु जनक विष्ट बाजे : हर्क बहादुर विष्ट ठेगाना : इमाडोल २ 	९.	बद्रि विक्रम कार्की हातिगौडा
४.	अनिल तामाङ्ग (ना.प्र.न. १३२८६५ काभ्रे) बाबु : हर्क ब. तामाङ्ग बाजे : सुरविर तामाङ्ग ठेगाना : काभ्रे ४ (हाल काठमाडौं) 	१०.	दावा सिंह तामाङ्ग (ना.प्र.न. ३८८५) बाबु : हस्त बहादुर तामाङ्ग ठेगाना : काभ्रे ०४ (हाल काठमाडौं) 
५.	नकुल रावत बाबु : क्षत्र ब. रावत बाजे : नर ब. रावत ठेगाना : भक्तपुर , चाँगुनारायण ०९ 		
६.	बम ब. पहरी (ना.प्र.न. ७२२४५-२११-०४२) बाबु : खडग ब. पहरी बाज : दिल ब. पहरी ठेगाना : रामेछाप ०९ (हाल काठमाडौं) 	११.	बल बहादुर घले (ना.प्र.न. ६३०२२) बाबुकोः धन ब. पहरी बाजे : मिन विन पहरी ठेगाना : रामेछाप १२ (हाल काठमाडौं) 

कुमारी बैंक लिमिटेड शाखा कार्यालय भिमाद, तनहुँको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०८/१८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय भिमाद, तनहुँबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० पुस ०३ गते मंगलबार**का दिन शाखा कार्यालय भिमाद, तनहुँमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

१. ऋणीको विवरण:
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा कम्पनी ऐन, २०६३ को दफा ५ उपदफा १ बमोजिम दर्ता नं. २२९९८५/०७६/०७७ मा दर्ता कायम भई, तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **ससिन संस्कार कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सि** (प्रोप्राईटर टिकाराम परियारको नाती, पृथ्वी राज परियार/बालुसरा परियारको छोरा, मन्दिरा दर्जि परियारको पती, तनहुँ जिल्ला, छाङ गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ०७ बस्ने **चुन बहादुर परियार**, ना.प्र.नं.४३१०३४/१००९८६, जारी मिति २०६४/०४/३२, जिल्ला प्रशासन कार्यालय तनहुँ)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. टिकाराम परियारको नाती, पृथ्वी राज परियार/बालुसरा परियारको छोरा, मन्दिरा दर्जि परियारको पती, तनहुँ जिल्ला, छाङ गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ०७ बस्ने **चुन बहादुर परियार** (ना.प्र.नं.४३१०३४/१००९८६, जारी मिति २०६४/०४/३२, जिल्ला प्रशासन कार्यालय तनहुँ)।
२. दुर्गा बहादुर परियारको नातिनी, कवि राज दर्जि/मैना देवि दर्जिको छोरी, चुन बहादुर परियारको पत्नी, तनहुँ जिल्ला, छाङ गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ०७ बस्ने **मन्दिरा दर्जि परियार** (ना.प्र.नं. ४३१०३४/५२५, जारी मिति २०६९/०३/११, जिल्ला प्रशासन कार्यालय तनहुँ)।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **मन्दिरा दर्जि परियार**को नाममा मालपोत कार्यालय, दमौली, तनहुँमा दर्ता कायम रहेको तनहुँ जिल्ला भीमाद गा.वि.स वडा नं. २/ग स्थित कित्ता नं. ५८३ र ९२९ को क्षेत्रफल ०-३-३-१ र ०-०-३-१ (रोपनी) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. ऋणीको विवरण:
टिकाराम परियारको नाती, पृथ्वी राज परियार/बालुसरा परियारको छोरा, मन्दिरा दर्जि परियारको पती, तनहुँ जिल्ला, छाङ गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ०७ बस्ने **चुन बहादुर परियार** (ना.प्र.नं.४३१०३४/१००९८६, जारी मिति २०६४/०४/३२, जिल्ला प्रशासन कार्यालय तनहुँ)।

व्यक्तिगत जमानीकर्ताको विवरण:
१. दुर्गा बहादुर परियारको नातिनी, कवि राज दर्जि/मैना देवि दर्जिको छोरी, चुन बहादुर परियारको पत्नी, तनहुँ जिल्ला, छाङ गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ०७ बस्ने **मन्दिरा दर्जि परियार** (ना.प्र.नं. ४३१०३४/५२५, जारी मिति २०६९/०३/११, जिल्ला प्रशासन कार्यालय तनहुँ)।

लिलाम हुने सम्पत्तिको विवरण:
१. धनि कुमारी बैंक र ऋणी **चुन बहादुर परियार** कायम भई गण्डकी प्रदेश यातायात व्यवस्था कार्यालय, कास्कीमा दर्ता कायम रहेको ई.नं. 4100FL83I770811F9, चे.नं. DZBSG781504S3, सवारी नं. ग १ त ५९३९ को Tractor थान १।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० पुस ०२ गते** भित्र बैंकको शाखा कार्यालय भिमाद, तनहुँमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय भिमाद, तनहुँबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमाले लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० पुस ०३ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय भिमाद, तनहुँमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय भिमाद, तनहुँमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०.धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११.गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२.प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३.धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० पुस ०३ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय भिमाद, तनहुँ फोन नं. ०६५-५७२४८०,

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड

कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०८/१८

यस फाइनान्सको शाखा कार्यालय, ड्राइभरटोल, रुपन्देहीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने कर्जाको बक्यौता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट तरताकेता गर्दा एवं राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने कर्जाको सावाँ ब्याज रकम चुक्ता गर्ने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई फाइनान्ससँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपसिल बमोजिमको सम्पत्ति तथा फाइनान्सको नाममा दर्ता रही सुरक्षण राखिदिएको तपसिल बमोजिमको सवारी साधन जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी फाइनान्सको लेना रकम असूल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। साथै सुरक्षणमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्री गर्दा पनि फाइनान्सको सम्पूर्ण लेना असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ तथा सोको नियमावली २०५९ अनुसार ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल-अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणीहरु, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। यसै सूचनालाई आधार मानी ऋणीहरु, धितो जमानत तथा व्यक्तिगत जमानी दिनुहुने व्यक्तिहरुले सो दिन अगावै फाइनान्समा उपस्थित भई सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य स्थगित गरिने व्यहोरा समेत जानकारी गराईन्छ। अन्यथा, नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा सम्बन्धित सबै पक्षहरुलाई कालोसूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

१. ऋणीको विवरण	व्यक्तिगत जमानी दिनेहरुको विवरण
नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, रुपन्देहीमा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ अर्न्तगत मिति २०६७/०८/१५ मा प्रा.फ.र.नं. २५४५७/०६७ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय बुटवलबाट स्थायी लेखा नं. ३०४४१४५०३ को प्रमाणपत्र प्राप्त **गंगा डिस्ट्रिव्युटर सेन्टर।** प्रोप्राइटरको नाम : गंगा क्षेत्री ठेगाना : सौ. फर्साटिकर वडा नं.१,रुपन्देही, ।	**क) नाम : गंगा क्षेत्री** बाबु : अम्मर बहादुर थापा पति : राम बहादुर क्षेत्री ससुरा : कृष्ण बहादुर क्षेत्री ना.प्र.नं. : ३७२०३०/६३१४९, जि.प्र.का. रुपन्देही मिति : २०६७/०७/१६ ठेगाना : सौ.फर्साटिकर १, रुपन्देही, हाल : शुद्धोधन गा.पा. ४, रुपन्देही।
ख) नाम : राम बहादुर क्षेत्री बाबु : कृष्ण बहादुर क्षेत्री बाजे : टिकाराम क्षेत्री ना.प्र.नं. : १७५१०, जि.प्र.का. रुपन्देही मिति : २०६३/०७/२७ ठेगाना : प. अमवा ३, रुपन्देही, हाल : शुद्धोधन गा.पा. ४, रुपन्देही।	**ग) नाम : डासिराम भुसाल** बाबु : शिवलाल भुसाल बाजे : भद्रमनी भुसाल ना.प्र.नं. : ३८२०/१९४/१८५७, जि.प्र.का. अर्घाखाँची मिति : २०५८/०९/०३ ठेगाना : अर्घातोष १, अर्घाखाँची हाल : देवीनगर-११, बुटवल, रुपन्देही।

धितोमा रहेको सुरक्षणको विवरण

मालपोत कार्यालय बुटवल, रुपन्देहीमा गंगा क्षेत्रीको नाममा दर्ता श्रेस्ता कायम रहेको, लुम्बिनी अञ्चल, रुपन्देही जिल्ला आनन्दवन वडा नं. ८ ख मा रहेको कित्ता नं. १६७८ को क्षेत्रफल ०-०-११-०(बि.क.धु) को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत...।

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवा, रुपन्देहीमा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ अर्न्तगत मिति २०७६/१०/२३ मा प्रा.फ.र.नं. ४६२२०/०७६/७७ दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय बुटवलबाट स्थायी लेखा नं. ११७२६५३१८ को प्रमाणपत्र प्राप्त **श्री कृष्ण किराना स्टोर सप्लायर्स।**
प्रोप्राइटरको नाम : गोविन्द क्षेत्री।
ठेगाना : शुद्धोधन गा.पा. वडा नं. ४, रुपन्देही।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

क) नाम : गोविन्द क्षेत्री बाबु : कृष्ण बहादुर क्षेत्री बाजे : टिकाराम क्षेत्री ना.प्र.नं. : ३७३०३३/७३, जि.प्र.का. रुपन्देही मिति : २०६३/११/०९ ठेगाना : प. अमुवा - ३, रुपन्देही, हाल : शुद्धोधन गा.पा. ४, रुपन्देही।	**ख) नाम : राम बहादुर क्षेत्री** बाबु : कृष्ण बहादुर क्षेत्री बाजे : टिकाराम क्षेत्री ना.प्र.नं. : १७५१०, जि.प्र.का. रुपन्देही मिति : २०६३/०७/२७ ठेगाना : प. अमवा ३, रुपन्देही, हाल : शुद्धोधन गा.पा. ४, रुपन्देही।
ग) नाम : मेनुका राई बाबु : इन्द्र बहादुर राई पति : गोविन्द क्षेत्री ससुरा : कृष्ण बहादुर क्षेत्री ना.प्र.नं. : ०२३००२-३८५, जि.प्र.का. पाँचथर मिति : २०६३/१०/१६ ठेगाना : याङवरक-१, पाँचथर हाल : शुद्धोधन गा.पा. ४, रुपन्देही।	**घ) नाम : गंगा क्षेत्री** बाबु : अम्मर बहादुर थापा पति : राम बहादुर क्षेत्री ससुरा : कृष्ण बहादुर क्षेत्री ना.प्र.नं. : ३७२०३०/६३१४९,, जि.प्र.का. रुपन्देही मिति : २०६७/०७/१६ ठेगाना : सौ-फर्साटिकर १, रुपन्देही, हाल : शुद्धोधन गा.पा. ४, रुपन्देही।

धितोमा रहेको सुरक्षणको विवरण

क) मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा गोविन्द क्षेत्रीको नाममा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला आ.अमवा वडा नं. ३/ग मा रहेको कित्ता नं. २७५ र ४१६ को क्षेत्रफल क्रमशः ०-०-११-० र ०-२-०-० (बि.क.धु) को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत...।
ख) मालपोत कार्यालय परासी, नवलपरासीमा गोविन्द क्षेत्रीको नाममा दर्ता श्रेस्ता कायम रहेको, लुम्बिनी अञ्चल, नवलपरासी जिल्ला माकर वडा नं. २/छ, मा रहेको कित्ता नं. ४०८ को क्षेत्रफल ०-१-२-० (बि.क.धु) को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत...।
ग) धनी आइ.सि.एफ.सि. फाइनान्स लि. रही ऋणी श्री कृष्ण किराना स्टोर सप्लायर्स कायम रहेको बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता नं. प्रदेश ३-०१ ०२४ च ७६०७ भई दर्ता रहेको इन्जिन नं. 1.5CRAIL01JPYW19885, च्यासिस नं. MAT627121KLJ36403 भएको १ थान TATA NEXON RTQ XM कार।

लिलाम बिक्री सम्बन्धी शर्तहरुः

(१) बोलपत्र फारम फाइनान्सको मुख्य कार्यालय, भाटभटेनी, काठमाडौं तथा फाइनान्सको सबै शाखा कार्यालयहरुबाट रु. १,०००।- तिरी प्राप्त गर्न सकिने छ।
(२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् मिति २०८०/०९/०२ गते भित्र फाइनान्सको प्रधान कार्यालय, भाटभटेनी काठमाडौं वा सबै शाखा कार्यालय मध्ये कुनै एकमा प्राप्त भैसक्नुपर्नेछ र प्राप्त बोलपत्रहरु मिति २०८०/०९/०४ गते दिनको २:०० बजे फाइनान्सको शाखा कार्यालय ड्राइभरटोल, रुपन्देहीमा बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन।
(३) बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको सूचनामा उल्लेखित चल-अचल सम्पत्ति एकमुष्ट वा अलग अलग्गै खरिद गर्ने गरी बोलपत्र फारम पेश गर्नुपर्ने छ। बोलपत्र फारममा आफुले लिन चाहेको चल- अचल सम्पत्तिको आवश्यक विवरण प्रष्ट बुझिनेगरी भर्नुपर्ने छ।
(४) बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित समयमा नै बोलपत्र खोलिनेछ।
(५) उल्लेखित चल-अचल सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।
(६) बोलपत्रमा आफुले सकार गरी लिन चाहेको चल-अचल सम्पत्ति के/कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरले लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ र धेरै नै केरमेट भै कवुल गरेको मुल्य रकम नवुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन। आफूले कबूल गरेको रकमको कम्तीमा १०% ले हुन आउने रकम फाइनान्सको Tender Deposit Margin खाता नम्बर 9264013851014 मा धरौटी वापत नगदै जम्मा गरी सोको नगदी रसिद वा यस फाइनान्सको नाममा खिचिएको चेक वा ड्राफ्ट/पेमेन्ट अर्डर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ। धरौटी वापत जम्मा गरिएको रकमको ब्याज दिईने छैन।
(७) नेपाल सरकारको आर्थिक नियम तथा प्रचलित कानून बमोजिम खरिद गरि लिन चाहेको सम्पत्तिको नामसारी/दाखिल खारेज गर्दा लाग्ने कर, शुल्क, दै-दस्तुर लगायत सम्पूर्ण खर्चहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ।
(८) बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सोको जानकारी भएको मितिले ७ (सात) दिन वा फाइनान्सले तोकेको समयावधिभित्र कबोल गरेको सम्पूर्ण रकममा धरौटी राखेको रकम घटाई बाँकी रकम जम्मा गर्नुपर्नेछ। उक्त समयभित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखेको जमानत रकम फाइनान्सले जफत गर्न सक्नेछ।
(९) रितपूर्वक पेश नभएको बोलपत्रहरु लिलाम बढाबढ प्रकृयामा समावेश गरिने छैन। बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोसिएशन गर्ने सम्पूर्ण अधिकार फाइनान्समा सुरक्षित रहनेछ।
(१०) लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनु हुने महानुभावले शाखा कार्यालय ड्राइभरटोल, रुपन्देहीमा सम्पर्क राख्न सक्नु हुनेछ।
(११) लिलाम बिक्री हुने भनिएको उल्लेखित चल-अचल सम्पत्ति कसैले सकार नगरेमा, वा शिलबन्दी बोलपत्रमा उल्लेखित रकम फाइनान्सलाई चित्त बुझ्दो नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित ऐन, कानून तथा फाइनान्सको नीति नियम अनुसार उक्त सम्पत्तिहरु बिक्री गर्न वा यस फाइनान्सले आफै सकार गरी सोको स्वामित्व लिन वा अन्य कुनै व्यवस्था गर्न सक्नेछ।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२
www.icfc.com.np

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार १८ मंसिर ०८०

स्थानीय तहहरूको विद्युत् महसुल बक्यौता ६ अर्ब रुपैयाँभन्दा बढी

सबैभन्दा धेरै काठमाडौं महानगरको बक्यौता एक अर्ब ७८ करोड, गुल्मी दरबार गाउँपालिकाको तीन सय २७ रुपैयाँ

कृष्ण रिजाल/नयाँ पत्रिका

स्थानीय तहको विद्युत् महसुल बक्यौता ६ अर्ब रुपैयाँभन्दा बढी पुगेको छ। नेपाल विद्युत् प्राधिकरणका अनुसार तीन सय ३१ पालिकाको गत असारसम्मको सडकबत्तीको बक्यौता ६ अर्ब आठ करोड रुपैयाँ पुगेको हो।

सबैभन्दा बढी विद्युत् महसुल बक्यौता काठमाडौं महानगरपालिकाको एक अर्ब ७८ करोडबराबर भुक्तानी गर्न बाँकी रहेको प्राधिकरणले जनाएको छ। त्यस्तै, सबैभन्दा कम बक्यौता हुनेमा गुल्मी दरबार गाउँपालिका रहेको छ। गुल्मी दरबारले तीन सय २७ रुपैयाँ विद्युत् महसुल बक्यौता भुक्तानी गर्न बाँकी रहेको प्राधिकरणको तथ्यांक छ।

प्राधिकरणका अनुसार १० करोड रुपैयाँभन्दा बढी बक्यौता हुने पालिका आठवटा रहेका छन्। त्यस्तै, पाँच करोडभन्दा बढी बक्यौता हुने पालिका २१ वटा रहेका छन्। एक सय हाराहारी पालिकाको बक्यौता प्रतिपालिका एक करोड रुपैयाँभन्दा बढी रहेको देखिन्छ। अधिकांश पालिकाहरूको बक्यौता ०७४ सालपछिको हो।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले सम्बन्धित स्थानीय तहबाट सडकबत्तीको बक्यौता महसुल उठाउने प्रक्रिया अघि बढाइसकिएको बताए। उनले सार्वजनिक सूचना जारी महसुल बक्यौता तिर्न अनुरोध गर्नुका साथै वितरण केन्द्रबाट ताकेतासमेत गरिएको जानकारी दिए।

■ बक्यौता महसुल नतिरे लाइन काटिने

प्राधिकरणले सडकबत्तीको बक्यौता रकम तिर्न अनुरोध गर्दै ४५ दिनको समयावधि दिई गत २१ असोजमा सार्वजनिक सूचना प्रकाशित गरेको थियो। प्राधिकरणले गत ६ मंसिरमा पुनः सार्वजनिक सूचनामार्फत सडकबत्तीको बक्यौता तिर्न पालिकालाई अनुरोध गरेको थियो।

वितरण केन्द्रहरूले आफ्नो क्षेत्रमा रहेका पालिकालाई बक्यौता तिर्न ताकेता गरिरहेको र नतिर्ने पालिकाको सडकबत्तीको लाइन काट्न सुरु गरिएको प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवालले बताए।



■ धेरै विद्युत् महसुल बक्यौता हुने पालिका

स्थानीय तह	बक्यौता रकम
काठमाडौं महानगरपालिका	१ अर्ब ७८ करोड ९६ लाख
ललितपुर महानगरपालिका	२४ करोड ४१ लाख
नेपालगन्ज उपमहानगरपालिका	१९ करोड ९१ लाख
वीरगन्ज महानगरपालिका	१७ करोड २८ लाख
पोखरा महानगरपालिका	१३ करोड ३५ लाख
भरतपुर महानगरपालिका	१० करोड ६२ लाख
धनगढी उपमहानगरपालिका	१० करोड ५७ लाख
रत्ननगर नगरपालिका	१० करोड ५ लाख
भीमदत्त नगरपालिका	९ करोड ८६ लाख
बनेपा नगरपालिका	९ करोड ८ लाख
विराटनगर महानगरपालिका	८ करोड ६६ लाख
तानसेन नगरपालिका	८ करोड ५२ लाख
बुटवल उपमहानगरपालिका	८ करोड १८ लाख
जनकपुर उपमहानगरपालिका	७ करोड ११ लाख
कलैया उपमहानगरपालिका	६ करोड ९० लाख
धुलिखेल नगरपालिका	६ करोड ८५ लाख
मध्यपुर ठिमी नगरपालिका	६ करोड ३२ लाख
भक्तपुर नगरपालिका	६ करोड १९ लाख
पनौती नगरपालिका	५ करोड ८३ लाख
सिद्धार्थनगर नगरपालिका	५ करोड ६६ लाख
दमक नगरपालिका	५ करोड ५५ लाख
राजविराज नगरपालिका	४ करोड ७० लाख
कृष्णनगर नगरपालिका	४ करोड ६४ लाख
गरुढा नगरपालिका	४ करोड ५० लाख
बोधिमाई नगरपालिका	४ करोड ४९ लाख
वीरेन्द्रनगर नगरपालिका	४ करोड

स्रोत : विद्युत् प्राधिकरण

■ पालिकाबाट महसुल बक्यौता असुल्न अर्थ मन्त्रालयको निर्देशन

अर्थ मन्त्रालयले सडकबत्तीको महसुल बक्यौता सम्बन्धित पालिकाबाटै असुल गर्न नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिएको छ। अर्थ मन्त्रालयको गत २२ कात्तिकको निर्णयबाट सडकबत्तीसहित विभिन्न सरकारी निकायबाट प्राधिकरणलाई भुक्तानी हुन बाँकी बक्यौता रकम सम्बन्धित कार्यालयबाट नै असुलउपर गर्न निर्देशन दिइएको हो। सरकारी कार्यालयहरूमध्ये सबैभन्दा बढी विद्युत् महसुल बक्यौता सडकबत्तीको छ।

प्राधिकरणले आफ्नो तेस्रो वित्तीय पुनर्संरचनाको एउटा प्रस्तावमा सडकबत्तीसहित सरकारी कार्यालयहरूको नाममा रहेको महसुल बक्यौता सरकारसँगको हिसाबमा मिलान गर्ने उल्लेख थियो। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले अर्थ मन्त्रालयबाट सरकारी निकायको बक्यौता रकम हिसाब मिलान गर्न नसकिने र उक्त रकम सम्बन्धित कार्यालहरूबाटै असुलउपर गर्ने निर्णय भएको जानकारी प्राप्त भएको बताए।

'विभिन्न सरकारी निकायबाट प्राधिकरणलाई भुक्तानी हुन बाँकी बक्यौता रकमलाई सरकार र प्राधिकरणबीचको हिसाबमा मिलान गर्न प्रस्ताव गरेका थियौं, तर अर्थ मन्त्रालयबाट उक्त बक्यौता रकम तत्तत् निकायबाट असुलउपर गर्ने निर्णय भएको छ,' घिसिङले भने, 'सोही आधारमा हामीले बक्यौता रकम असुलीको प्रक्रिया अगाडि बढाएका छौं।'

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

दरले थप दस्तुर लागेको ६०औं दिनसम्म पनि बक्यौता महसुल नबुझाउने उपभोक्ताको विद्युत् लाइन जुनसुकै वेला काट्न सकिने प्रावधान छ।

■ मिटर जडान गर्न आग्रह

कतिपय स्थानीय तहका वडा कार्यालयले मिटर जडान नगरी वितरणलाइनबाट सीधै विद्युत् जोडेर चलाएको भन्दै प्राधिकरणले मिटर जडान गर्नसमेत आह्वान गरेको छ। 'एक हिसाबले चोरी नै गरेर वडा कार्यालयहरूले बिजुली बालिरहेका छन्, उनीहरूलाई मिटर जडान गर्न आग्रह गरेका छौं,' प्राधिकरणका एक अधिकारीले भने, 'हामीले चोरी रोक्न, मिटर जडान गर्न तथा बक्यौता तिर्न भनेपछि स्थानीय तहले पोलभाडा, सम्पत्ति करलगायतका नाममा बखेडा झिकिरहेका छन्।'

उखु क्रसिङ सुरु भइसक्दा पनि तोकिएन समर्थन मूल्य

समर्थन मूल्य नतोक्दा चिनीको मूल्य निर्धारण हुन सकेन



भोजराज भण्डारी/नयाँ पत्रिका

तराईका जिल्लामा उखु क्रसिङ सुरु भइसक्दा पनि सरकारले उखुको समर्थन मूल्य तोकन ढिलाइ गरेको छ। किसानले कात्तिक दोस्रो साताबाटै क्रसिङ सुरु गरिसकेका छन्। तर, सरकारले समर्थन मूल्य नतोक्दा विगत वर्षहरूमा जस्तै यस वर्ष पनि किसानले मूल्य नपाउने जोखिम बढेको हो।

सर्लाहीका उखु किसान राकेश यादवका अनुसार २० कात्तिकदेखि रौतहटको बाबाबज्युनाथ सुगरमिल र सर्लाहीको महालक्ष्मी सुगर मिलले किसानसँग उखु लिन थालिसकेका छन्। उनले भने, 'यस वर्ष पनि सरकारले समर्थन मूल्य तोकेको छैन, हामीले कुन मूल्यमा बेच्ने अन्योल भयो, पुरानै मूल्यमा बेच्न बाध्य छौं।'

सरकारले अघिल्लो वर्ष ०७९/८० मा प्रतिक्विन्टल अनुदानसहित ६ सय १० रुपैयाँ तोकेको थियो। प्रतिक्विन्टल पाँच सय २० रुपैयाँ निर्धारण गरिएकोमा सरकारले अनुदानस्वरूप प्रतिक्विन्टल ७० रुपैयाँ थपेको थियो। आर्थिक वर्ष ०७८/७९ को भन्दा २० रुपैयाँ बढाएर गत वर्ष समर्थन मूल्य तोकिएको थियो। तर, यो वर्ष सरकारको निर्णयको पर्खाइमा रहेको उखु किसान रवीन्द्र यादवले बताए। उनले भने, 'हामीले उखुको मूल्य कति पाउने हो ? मूल्य तोक्न जति ढिला हुन्छ, हामीलाई चिनी उद्योगीले उति ठग्छ।'

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका प्रवक्ता सबनम सिवाकोटीले उखुको समर्थनको मूल्य तोक्ने विषयमा छलफल भइरहेको बताइन्। उनले भनिन्, 'गत वर्ष नै किसानको अनुदानबापतको रकम बक्यौता तिर्न बाँकी छ, त्यसैले पुराना बक्यौतालाई समेत सम्बोधन गरेर मात्र समर्थन मूल्य तोक्ने निष्कर्षमा पुगेका छौं।'

मन्त्रालयका अनुसार गत वर्षको अनुदानबापत मात्रै करिब ४० करोड बक्यौता रहेको छ। पुरानो बक्यौता तिर्न अर्थ मन्त्रालयबाट बजेट विनियोजन गरिदिन पत्र काटिएको मन्त्रालयको भनाइ छ। उखुको समर्थन मूल्य तोक्न कृषि र उद्योग मन्त्रालयबीच समन्वय गरेर निर्धारण गरिएको समर्थन मूल्यको प्रस्तावलाई मन्त्रिपरिषद्ले निर्णय गर्नुपर्छ।

■ मूल्यमा ठगिँदै उपभोक्ता

सरकारले उखुको समर्थन मूल्य निर्धारण नगर्दा चिनीको मूल्यमा उपभोक्ता ठगिन बाध्य भएका छन्। चाडपर्वको समयमा बजारमा चिनीको हाहाकार भएपछि सरकारकै समन्वयमा उद्योगीसँग मूल्य बढाएर चिनी खरिद गरिएको थियो। प्रतिकिलो ८५ रुपैयाँमा पाइँदै आएको चिनीलाई बढाएर पहिलो चरणमा प्रतिकिलो एक सय ११ रुपैयाँ र दुवानी थप बढेको भन्दै दोस्रो चरणमा ६ रुपैयाँ थप गरेर एक सय १७ रुपैयाँमा उद्योगीबाट खुद्रा व्यापारीले चिनी किनेका थिए। उपभोक्ताले बाध्य भएर प्रतिकिलो एक सय ३० देखि एक सय ५० रुपैयाँसम्म तिर्नुपरेको थियो। अहिले उखुको क्रसिङ सुरु भएर नयाँ चिनी आउने वेलासम्म पनि मूल्य उही कायम राखिँदा उपभोक्ता चौतर्फी मारमा परेको उपभोक्ता अधिकारी अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिनाले बताए। उनले भने, 'हिजोको दिनमा चिनीको मूल्य बढाउन भूमिका खेल्ने राजनीतिक दल र सरकारी निकाय समर्थन मूल्य तोक्न र मूल्य घटाउन आनकानी गर्नु उपभोक्तामाथि गरेको अपराध हो।'

उखुको समर्थन मूल्य तोकिएपछि मात्र चिनी मूल्यबारे निर्णय गर्न सकिने उद्योग वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागका प्रवक्ता आनन्दराज पोखरेलले बताए।

उनले भने, 'अब मन्त्रिपरिषद्बाट उखुको समर्थन मूल्य तोकिन्छ र उत्पादनका आधारमा चिनीको पनि मूल्य निर्धारण हुन्छ। अहिले नै चिनीको मूल्यबारे कुनै छलफल भएको छैन।' खुद्रा व्यापार संघका कोषाध्यक्ष ध्रुव अधिकारीले भने बजारमा चिनीको अभाव नै रहेको बताए। उनले भने, 'बजारमा चिनी आउँदै छ, मूल्य घट्छ भनेर चिनी खरिद गरेनौं, अबको केही दिनमा नयाँ चिनी आउँदै छ भन्ने सुनिएको छ।'

सरकारले साल्ट ट्रेडिङमार्फत चिनी खरिद गर्न निर्देशन दिए पनि साल्ट ट्रेडिङले चिनी नभएको बताएको उनको भनाइ छ। उनले भने, 'दसैं र तिहारबीचमा सरकारले भनेअनुसार उपभोक्तालाई सहजीकरण गर्न उद्योगीसँग ४२ टनजति खरिद गर्‍यौं, तर अहिले अभाव भनियो।' साल्ट ट्रेडिङका प्रवक्ता कुमारराज भण्डारीले भने चिनी मौज्दात नभएको बताए।

नवलपरासीका किसानले पाए अनुदानबापतको रकम

कृषि मन्त्रालयले कृषि विभागमार्फत नवलपरासी पश्चिममा १५ करोड १२ लाख १५ हजार पाँच सय ५८ रुपैयाँ अनुदान रकम वितरण गरेको कोष तथा लेखा नियन्त्रक कार्यालय नवलपरासीले जनाएको छ।

कृषि मन्त्रालयले आर्थिक वर्ष ०७९/८० का लागि अनुदान रकम प्रतिक्विन्टल ७० रुपैयाँ तोकेको छ। सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा अनुदान रकम वितरण गरिएको हो। चिनी उद्योगबाट प्राप्त विवरणका आधारमा किसानको बैंक खातामा अनुदान रकम पठाउने काम भइरहेको समिति संयोजक एवं सहायक प्रमुख जिल्ला अधिकारी प्रकाश देवकोटाले बताए।

सिमरा विमानस्थलमा हवाई इन्धन रिफ्युलिङ स्टेसनको उद्घाटन

नयाँ पत्रिका

नेपाल आयल निगमले बाराको सिमरा विमानस्थलमा हवाई इन्धन वितरण गर्न रिफ्युलर स्टेसन स्थापना गरेको छ। उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले आइतबार हवाई इन्धन रिफ्युलिङ स्टेसनको उद्घाटन गरेका हुन्। उद्घाटन कार्यक्रममा बोल्दै मन्त्री रिजालले सिमरामा हवाई इन्धन भर्ने सुविधा भएपछि विमान कम्पनीलाई उडान र अवतरणका लागि सहज हुने बताए। उनले नाफा-नोक्सान नहेरी जनताको सेवाका लागि सिमरामा रिफ्युलर स्टेसन स्थापना गरिएको बताए।

सिमरा विमानस्थलबाट हाल दैनिक नौवटा उडान हुने गरेको र एक हजारसम्म यात्रु आवतजावत हुने सिमरा विमानस्थल कार्यालयले जनाएको छ। सिमरामा हवाई इन्धन भर्ने सुवधा उपलब्ध भएपछि सबैभन्दा भरपर्दो वैकल्पिक विमानस्थलका रूपमा प्रयोग गरिने नागरिक उड्डयन प्राधिकरणका उपमहानिर्देशक प्रेमनाथ ठाकुरले जानकारी दिए। उनले भने, 'खराब मौसमका कारण काठमाडौं विमानस्थलमा अवतरण हुन नसकेका विमानलाई भैरहवा वा विराटनरसम्म लैजानुपर्ने बाध्यता पनि हटेको छ।'

आयल निगमका कार्यकारी निर्देशक उमेशप्रसाद थानीले उपभोक्ताको सेवाका लागि सिमरामा हवाई इन्धन सुविधा उपलब्ध गराएको बताए। उनले चाँडै भरतपुर र जुम्ला विमानस्थलमा समेत हवाई इन्धन भर्ने सुवधा उपलब्ध गराउने गृहकार्य भइरहेको जानकारी दिए। निगमका नायब कार्यकारी निर्देशक वीरेन्द्र गोइतले चालू आर्थिक वर्ष ०८०/८१ को नीति कार्यक्रममै राखेर सिमरा विमानस्थलमा इन्धन भर्ने सुविधा उपलब्ध गराइएको बताए। हाल सिमराबाट काठमाडौंमा मात्रै भइरहेको उडानको कार्यतालिका इन्धन भर्ने सुविधा सुरु भएपछि थप गन्तव्यमा विस्तार हुने अपेक्षा छ।

निगम प्रवक्ता मनोज ठाकुरका अनुसार हाल जनकपुरस्थित डिपोबाट हवाई इन्धन ढुवानी गरी सिमरामा उपलब्ध गराइएको छ। 'निकट भविष्यमा सिमरामै भण्डारणगृह तयार गरिनेछ। त्यतिन्जेलसम्म भने जनकपुरबाट नौ हजार लिटर क्षमताको डिस्पेन्सरबाट इन्धन ओसारेर उपलब्ध गराइनेछ,' उनले भने।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय शहिदचोक, नारायणगढको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०८/१८ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी बैंक लि.) शाखा कार्यालय शहिदचोक, नारायणगढबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० पुस ०३ गते मंगलबार**का दिन शाखा कार्यालय शहिदचोक, नारायणगढमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण :

मनिलाल गुरुङ्गको नाति, सतवीर गुरुङ्गको छोरा, मनु कुमारी गुरुङ्गको पति, चितवन जिल्ला, मंगलपुर गा.वि.स/न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा, वडा नं. १६ बस्ने **मोहन गुरुङ्ग** (ना.प्र.नं. २४०६, जारी मिति २०४४/१२/०७, जिल्ला प्रशासन कार्यालय, चितवन) ।

व्यक्तिगत जमानीकर्ताहरुको बिवरण

१. सतवीर गुरुङ्गको बुहारी, कुल बहादुरको छोरी, मोहन गुरुङ्गको पत्नी, नवलपरासी जिल्ला, मुकुन्दपुर गा.वि.स वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १६ बस्ने **मनु कुमारी गुरुङ्ग** (ना.प्र.नं. १०३१/८१, जारी मिति २०४५/०१/१५, जिल्ला प्रशासन कार्यालय, नवलपरासी) ।
२. सतवीर गुरुङ्गको नाति, मोहन गुरुङ्गका छोरा, चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १६ बस्ने **विशाल गुरुङ्ग** (ना.प्र. नं. ३५-०१-७१-१०५५८, जारी मिति २०७१/१०/१८, जिल्ला प्रशासन कार्यालय, चितवन) ।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **मोहन गुरुङ्ग**को नाममा मालपोत कार्यालय चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला भरतपुर म.न.पा. वडा न. १६ (साबिक चितवन जिल्ला मंगलपुर गा.वि.स/न.पा. वडा नं. ६/ख) स्थित कित्ता नं ८२८ को क्षेत्रफल ०-१-१७ (बि-क-धु) को घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० पुस ०२ गते** भित्र बैंकको शाखा कार्यालय शहिदचोक, नारायणगढमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय शहिदचोक, नारायणगढबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० पुस ०३ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय शहिदचोक, नारायणगढमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय शहिदचोक, नारायणगढमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० पुस ०३ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय शहिदचोक, नारायणगढ फोन नं. ०५६-५९८८३६/३७

कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि.प्रदेश कार्यालय, भैरहवाको ३५ दिने सूचना

यस बैंकको शाखा कार्यालय खस्यौली, रुपन्देहीका तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१(एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानतदिनेहरू समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

तपसिल

कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८०।०८।११ सम्मको ब्याज	जम्मा तिर्नु पर्ने रकम
सन्जु फर्निसिङ प्रो.सन्जु अधिकारी	देवदह ०७, रुपन्देही	महिला उद्यमशिल कर्जा	६,६६,५८८/-	६७,२०४/-	७,३३,७९२/-

फर्मको दर्ता नं. २७२ दर्ता भएको कार्यालय: देवदह नगरपालिका कार्यालय, रुपन्देही दर्ता मिति: २०७४/०५/२७
पान नं. ६०८७९६३७८
प्रोप्राईटर/साझेदार/संचालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	पति	ससुरा
सन्जु अधिकारी	देवदह ०७, रुपन्देही	१३७५६/०५६	चितवन, २०५६।०२।२८	खिल बहादुर अधिकारी	शेर बहादुर अधिकारी

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
खिल बहादुर अधिकारी	देवदह ०७, रुपन्देही	१९३२	चितवन, २०४४/१२/०३	शेर बहादुर अधिकारी	.....
उपेन्द्र राज गिरी	देवदह ०७, रुपन्देही	१३/९५०१	मकवानपुर, २०६०/०८/२१	श्याम बहादुर गिरी	राम बहादुर गिरी
एलिशा अधिकारी	देवदह ०७, रुपन्देही	३७-०२-७६-०६८९९	रुपन्देही, २०७६/१०/२३	खिल बहादुर अधिकारी	शेर बहादुर अधिकारी

कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजे/ससुराको नाम	उद्देश्य	साँवा रकम रू.	मिति २०८०।०८।१२ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
रुकमाया भण्डारी क्षेत्री	शुद्धोधन-४, केवलपुर, रुपन्देही	७१२९, रुपन्देही, २०५०।१०।२८	जगत बहादुर भण्डारी	तिल बहादुर	सरल कृषि कर्जा	१०,००,०००/-	१,७६,३९०/-	११,७६,३९०/-

२. धितो मन्जुरी दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
जगत बहादुर भण्डारी	शुद्धोधन-४, केवलपुर, रुपन्देही	३९९३	रुपन्देही, २०५६।०८।०२	तिल बहादुर	भिम बहादुर
अर्जुन भण्डारी क्षेत्री	शुद्धोधन-४, केवलपुर, रुपन्देही	३७३०३०/४६३	रुपन्देही, २०६३।११।१४	जगत बहादुर भण्डारी	तिल बहादुर

कृषि विकास बैंक लिमिटेड
लुम्बिनी प्रदेश कार्यालय, भैरहवा रुपन्देही

एनआइसी एसिया बैंकले ३ प्रतिशतभन्दा बढी प्रिमियम नलिने

काठमाडौं/ एनआइसी एसिया बैंकले सबै प्रकारका कर्जामा ३ प्रतिशतभन्दा बढी प्रिमियम नलिने भएको छ। बैंकले देशको वर्तमान आर्थिक अवस्थाका कारण आफ्ना ऋणी ग्राहकमा समस्या परेको निष्कर्षका साथ सम्पूर्ण प्रकारका कर्जाको अधिकतम प्रिमियम दर ३ प्रतिशत कायम गरेको हो।

यो निर्णयभन्दा पहिले ऋणीले लिएको कर्जामा पनि ३ प्रतिशतभन्दा बढी प्रिमियम भएका ग्राहकको कर्जामा ३ प्रतिशत प्रिमियम कायम गरिसकेको बैंकले जनाएको छ। जसअनुसार बैंकको मंसिर महिनाको औसत आधारदर १०.७ प्रतिशत रहेकामा त्यसमा ३ प्रतिशत प्रिमियम थप गरी कर्जाको अधिकतम ब्याजदर १३.७ प्रतिशत कायम गरिएको उल्लेख छ।

बैंकले ल्याएको यो नयाँ प्रिमियम दर फोन लोन र क्रेडिट कार्डबाहेक बैंकबाट प्रवाह भएका घर कर्जा, व्यवसाय कर्जा, सवारी कर्जा, सेयर कर्जालगायतका सम्पूर्ण कर्जामा लागू हुने व्यवस्था गरिएको बैंकले जनाएको छ।

आर्थिक गतिविधि संकुचन भइरहेको समयमा ग्राहकमा परेको आर्थिक भारलाई कम गर्ने उद्देश्यले बैंकले ल्याएको यस सहुलियतबाट ब्याजदर कम हुन गई कर्जा भुक्तानीमा सहज हुने बैंकले विश्वास व्यक्त गरेको छ। बैंकले हाल देशभरमा तीन सय ६० शाखा, ६ सय ५६ एटिएम, एक सय ११ विस्तारित काउन्टर तथा ५५ वटा शाखारहित बैंकिङ इकाइमार्फत सेवा दिइरहेको जनाएको छ।

वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रुकुम, जुम्ला, सल्यानजस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लामा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको बैंकले जनाएको छ।

आइएमई लाइफको तालिम

काठमाडौं/ आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले तीन प्रदेशका कर्मचारीलाई सम्पत्ति शुद्धीकरण निवारण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी तालिम दिएको छ। कम्पनीले लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश कार्यालयअन्तर्गत शाखा कार्यालयमा कार्यरत कर्मचारीलाई कैलालीको टीकापुरमा तालिम दिएको हो।

प्रभु क्यापिटलका ग्राहकलाई मेरिना इम्पेक्समा छुट



काठमाडौं/ प्रभु क्यापिटलका हितग्राही ग्राहकले मेरिना इम्पेक्स एन्ड टेलरिङ सेन्टरमा छुट पाउने भएका छन्। क्यापिटलका ग्राहकलाई छुट दिने सम्झौतामा क्यापिटलका प्रमुख कार्यकारी अधिकृत आशिष गौचन र मेरिना इम्पेक्सका प्रबन्ध निर्देशक मोहनमान जोशीले हस्ताक्षर गरेका हुन्।

सम्झौताअनुसार प्रभु क्यापिटलमा हितग्राही खाता खोलेका ग्राहकले मेरिना इम्पेक्सबाट सेवा लिँदा २५ प्रतिशत छुट अफर पाउने जनाइएको छ। यो अफरबाट लाभ लिन प्रभु क्यापिटलमा डिम्याट खाता रहेको आधिकारिक प्रमाण तथा आफ्नो आइडी कार्ड प्रस्तुत गर्नुपर्ने जनाइएको छ। यो सुविधा मेरिना इम्पेक्सका बागबजार, न्युरोड, गाबाल, सामाखुसीमा रहेका चारवटा आउटलेटमार्फत लिन सकिने उल्लेख छ। यो सुविधा दुई वर्षसम्म प्राप्त हुने सम्झौतामा उल्लेख छ।

क्यापिटलका प्रमुख कार्यकारी अधिकृत गौचनले प्रभु क्यापिटलमा हितग्राही खाता खोलेका ग्राहकका लागि प्रभावकारी रूपमा मर्चेन्ट बैंकिङ सेवा दिनुका अतिरिक्त ग्राहकलाई थप सन्तुष्टि दिन यस प्रकारको व्यावसायिक सम्झौता गरेको बताए।

सातदोबाटोमा नेपाली जुत्ताघर

काठमाडौं/ नेपाली जुत्ता-चप्पल उत्पादक समूहद्वारा 'नेपाली उत्पादनको प्रवर्द्धन हाम्रो अभियान' भन्ने मुख्य नारासहित नेपाली ब्रान्डका जुत्ता-चप्पलको सामूहिक सोरुम सातदोबाटोमा नेपाली जुत्ताघर सञ्चालनमा आएको छ। सोरुमको उद्घाटन बागमती प्रदेश उद्योग वाणिज्य, भूमि तथा प्रशासनमन्त्री माननीय रामकृष्ण चित्रकारले गरेका हुन्।

सोरुमको उद्घाटन गर्दै मन्त्री चित्रकारले नेपाली उत्पादनको प्रवर्द्धनका लागि सक्दो सहयोग गर्ने र नीतिगत रूपमा सिंगो उत्पादन क्षेत्रलाई अगाडि बढाउनका लागि महत्त्वपूर्ण भूमिका निभाउने बताए। उद्घाटन कार्यक्रममा उद्योग वाणिज्य महासंघका पूर्वकार्यकारी सदस्य, वर्तमान कार्यकारी सदस्य तथा फुटवेयर व्यवसायीको उपस्थिति थियो।

स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यले नेपाली जुत्ता उत्पादक समूहद्वारा सामूहिक सोरुम अवधारणअन्तर्गत खोलिएको सातदोबाटो नेपाली जुत्ताघर पाँचौं सोरुम रहेको जनाइएको छ। यसअघि पोखरा, बुटवल, जनकपुर र न्युरोडमा चारवटा सामूहिक सोरुम सञ्चालनमा आइसकेको उल्लेख छ। जुत्ताघरमा बिएफ डियर हिल र बिएफ स्पोर्ट, रोयल सुज, फस्टवाक सुज, क्रसरोड सुज, डिजे सुज, कोसेली छाला जुत्ता, रन सुज र स्मार्ट सुज गरी आठवटा ब्रान्डका जुत्ता-चप्पल छुटमा उपलब्ध रहेको जनाइएको छ।

बिमालेख हरायो

मिति २०८०/८/१३ गते ठेचादेखि लगनखेलसम्म जादा सानिमा लाईफ इन्स्योरेन्स कम्पनी लि.बाट जारी भएको मेरो निम्न ब्यहोराको बीमाअभिलेख हराएको हुँदा पाउनुहुने महानुभावले निम्न ठेगाना, सम्पर्क नम्बर अथवा नजिकैको प्रहरी चौकीमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम : दिपेश बस्नेत
बीमालेख नं. : 3010000715
सम्पर्क नं. : 9851242643

बिमालेख हरायो

मिति २०८०/८/१२ गते कोटेश्वर देखि कलंकीसम्म जादा सानिमा लाईफ इन्स्योरेन्स कम्पनी लि.बाट जारी भएको मेरो निम्न ब्यहोराको बीमाअभिलेख हराएको हुँदा पाउनुहुने महानुभावले निम्न ठेगाना, सम्पर्क नम्बर अथवा नजिकैको प्रहरी चौकीमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम : भरत गिरी
बीमालेख नं. : 3010000716
सम्पर्क नं. : 9851242843

अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) प्रकाशनको सूचना

ए जी हेल्थ इण्डष्ट्रिज प्रा. लि. द्वारा उत्पादीत NS-587 चिन्ह प्राप्त 'Sagun Sanitary Pad' को अधिकतम खुद्रा बिक्रि मुल्य प्रति प्याकेटको मुल्य सुचि निम्न अनुसार रहेको छ।

विवरण	प्रकार	साइज	परिमाण	मुल्य
Cotton Comfort Sagun pad	Regular	240 mm	8	75
Cotton Comfort Sagun pad	Ultra	240 mm	8	100
Cotton Comfort Sagun pad	Regular	280 mm	8	100
Cotton Comfort Sagun pad	Ultra	280 mm	8	120
Cotton Comfort Sagun pad	Ultra	280 mm	6	100
Sagun Cotton Comfort pad	Regular-Trifold	290 mm XL	8	100
Cotton Comfort Sagun pad	Regular-Trifold	320 mm XXL	8	130
Cotton Comfort Sagun pad	Ultra	320 mm	8	150

ए जी हेल्थ इण्डष्ट्रिज प्रा. लि.
तिलोत्तमा न.पा. १६, मधवलिया, रुपन्देही
फोन नं: ०७१-५६१३१५
An ISO 9001:2015 certified company

हार्दिक श्रद्धाञ्जली



जन्म : वि.सं. २००३/५/११
स्वर्गारोहण: वि.सं. २०८०/८/७

स्व. इन्दु हमाल

यस संस्थाका सदस्य श्रद्धेय इन्दु हमालज्यूको मिति २०८०/०८/०७ गते दुःखद् स्वर्गारोहण भएको आज १२औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस भन्ने कामना सहित समवेदना व्यक्त गर्दछौं ।

सरदार हरिदयाल सिंह हमाल
सेवा समिति परिवार
धोविघाट, ललितपुर

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

कोष प्रवर्द्धक: NIC ASIA एन आई सी एशिया बैंक लि.
योजना व्यवस्थापक: NIC ASIA CAPITAL

एन आई सी एशिया बैंक म्युचुअल फण्ड
अन्तर्गत सञ्चालन हुने
एन आई सी एशिया ग्रोथ फण्ड-२ (NIC ASIA Growth Fund-2)
को
इकाई सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना

एन आई सी एशिया ग्रोथ फण्ड-२ (NIC ASIA Growth Fund-2) को प्रति इकाई अंकित मूल्य रु.१०/- अंकित दरको १०,००,००,००० (दश करोड) इकाई मध्ये बीज पूँजी वापत न्यूनतम १,५०,००,००० (एक करोड पचास लाख) इकाई अर्थात रु.१५,००,००,०००/- (अक्षेरेपी पन्ध्र करोड मात्र) वा कुल बिक्री भएको इकाईको १५ प्रतिशत इकाई कोष प्रबर्द्धक एन आई सी एशिया बैंक लिमिटेडलाई सुरक्षित राखी बाँकी न्युनतम ८,५०,००,००० (आठ करोड पचास लाख) इकाईहरु मिति २०८० मंसिर ४ गतेदेखि कुनै पनि संघ संस्था/सर्वसाधारणहरुको लागि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा **आज मिति २०८०/०८/१८ गते (बैंकिङ्ग समय पश्चात्)** सो इकाई खरीदका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

यस निष्कासन कार्यमा संलग्न नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुले यसै सूचनालाई आधिकारीक मानी इकाईका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८०/०८/१८ गते (बैंकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं।

यस एन आई सी एशिया ग्रोथ फण्ड-२ मा लगानी गर्नुहुने सम्पूर्ण लगानीकर्ता, निष्कासन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, मिडियाकर्मी लगायत सम्बन्धित सबै निकायहरुमा धन्यबाद ज्ञापन गर्दछौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:
एन आई सी एशिया क्यापिटल लिमिटेड
ट्रेड टावर नेपाल, चौथो तल्ला, थापाथली, वडा नं. ११, काठमाण्डौ
फोन: ९७७-१-५७०५९९४, फ्याक्स: ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com

कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिनेबारे कृषि विकास बैंक लि., प्रदेश कार्यालय, भैरहवाको ३५ दिने सूचना

यस बैंकको **शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देही**का तपशिलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउनेबारेको २१ (एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याजलगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालो सूचीसम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधिबमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सो को प्रोप्राइटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जुरीनामा/व्यक्तिगत जमानत दिनेहरू समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानुनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

तपशिल

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं., जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रू.	मिति २०८०/०८/११ सम्मको ब्याज र अन्य रकम	जम्मा तिर्नुपर्ने रकम
१.	विनोद कुमार पाण्डेय	सिद्धार्थनगर वडा नं. १ बेलहिया	३०२,२०४४/१२/२५, रुपन्देही	चन्द्रिका पाण्डेय	दुनियामान पाण्डेय	घरायसी कर्जा	१६,५०,०००.	१,९५,०००.	१८,४५,०००.
२.	राम नरेश तेली	मायादेवि_१, अमौली	५/३/३७५५, २०४६/१२/२१, रुपन्देही	निवर तेली	बद्री तेली	सरल कृषि कर्जा	९,००,०००.	९०,०००.	९,९०,०००.
३.	गौरी शंकर पाण्डेय	मायादेवि_७, वनगाई	१३/५३, २०४५/२/१५, रुपन्देही	विष्णु प्रसाद पाण्डेय	कलपत प्रसाद पाण्डेय	घरायसी र सरल कृषि कर्जा	३०,००,०००.	२,९५,०००.	३२,९५,०००.

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८०/०८/११ सम्मको ब्याज र अन्य रकम	जम्मा तिर्नुपर्ने रकम
४.	किसान ट्रेक्टर सप्लायर्स	सि. न. पा. ८, लुम्बिनीरोड, रुपन्देही	व्यापार कर्जा	२७,५०,०००.	१३,८०,०००	४१,३०,०००.

फर्मको दर्ता नं. २४४/०६९ दर्ता भएको कार्यालय : वाणिज्य कार्यालय, भैरहवा, रूपन्देही, दर्ता मिति : २०६९/०९/१९, पान नं. ३०५६४४७०७, मिति २०६९/०९/१९, आन्तरिक राजस्व कार्यालय, भैरहवा

प्रोप्राइटर/साझेदार/सञ्चालकहरुको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
अखिलेन्द्र पाण्डेय	सिद्धार्थनगर वार्ड नं. ८, रुपन्देही	२६५९८	रुपन्देही, २०६०/०६/०५	विरेन्द्र नाथ पाण्डेय	कृष्णदत्त पाण्डेय
ओम प्रकाश लोध	बर्सौली वार्ड नं. ५, रुपन्देही	१८७३	रुपन्देही, २०४५/२/७	बरसु लोध	सुदई लोध

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा कम रू.	मिति २०८०/०८/११ सम्मको ब्याज र अन्य रकम	जम्मा तिर्नुपर्ने रकम
५.	शितल माछा फार्म प्रा.लि., प्रो. हरिबहादुर जि.सी.	सियारी-२, रुपन्देही	व्यवसायिक कृषि कर्जा	९५,००,११८.	१०,७२,०००.	१०,५७२,११८.

फर्मको दर्ता नं. १९०३३/०७६/७७ दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालया सिद्धार्थनगर, रूपन्देही, दर्ता मिति : २०७६/०५/२२, पान नं. ३०१८४२७३४, मिति २०६२/०४/१०, आन्तरिक राजस्व कार्यालय, भैरहवा।

प्रोप्राइटर/साझेदार/सञ्चालकहरुको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	पिता	बाजे
हरि बहादुर जि.सी.	सिद्धार्थनगर ५, रुपन्देही	३९५९३	पाल्पा, २०४९/११/२७	रण बहादुर जि.सी.	मान बहादुर जि.सी

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८०/०८/११ सम्मको ब्याज र अन्य रकम	जम्मा तिर्नुपर्ने रकम
६.	श्री गणेश स:मिल	गंगोलिया १, रुपन्देही	उद्योग कर्जा	१३५०,०००.	९०,५००.	१,४४०,५००.

फर्मको दर्ता नं. ७९७० दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, रूपन्देही, सिद्धार्थनगर, दर्ता मिति : २०६८/०५/०८, पान नं. ३०४७१९५१०, मिति २०६८/०५/०८, आन्तरिक राजस्व कार्यालय, भैरहवा।

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बुवा	बाजे
सुदमा प्रसाद बढई	सिक्टहन वार्ड नं. २, रुपन्देही	९/१५०७	रुपन्देही, २०४६/०२/१०	राजबली बढई	दलसिगंर

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८०/०८/११ सम्मको ब्याज र अन्य रकम	जम्मा तिर्नुपर्ने रकम
७.	वि.एण्ड वि हार्डवेयर	सिद्धार्थनगर ३, रुपन्देही	व्यापार कर्जा र फोर्स लोन	३,७०३,२०१.	३,४१,५००	४०,४४,७०१.

फर्मको दर्ता नं. ३६९८/०७२/७३४, दर्ता भएको कार्यालय : वाणिज्य कार्यालय, रूपन्देही, दर्ता मिति : २०७४/०१/१०, पान नं. ३००२३३०९०, मिति २०६४/०७/२७, आन्तरिक राजस्व कार्यालय, भैरहवा

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बुवा	बाजे
बिनय ज्ञवाली	सिद्धार्थनगर -९, रुपन्देही	४३५	रुपन्देही, २०५२/२/११	भगत वहादुर ज्ञवाली	यम वहादुर ज्ञवाली

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८०/०८/११ सम्मको ब्याज र अन्य रकम	जम्मा तिर्नुपर्ने रकम
८.	मि. मो.मो. रेष्टुरेन्ट	सि.न.पा.-८, वि.पि.पथ	व्यापार कर्जा	३९,१३,५००.	४,३५,०००.	४३,४८,५००.

फर्मको दर्ता नं. ६४३२ दर्ता भएको कार्यालय : सिद्धार्थनगर नगरपालिका कार्यालय, रूपन्देही, दर्ता मिति : २०७५/०४/२०, पान नं. ६०८१७२६४२ मिति: २०७५/०४/२३, आन्तरिक राजस्व कार्यालय, भैरहवा।

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	पति	ससुरा
गायत्री चौधरी	विष्णुपुर वार्ड नं.३, रुपन्देही	४६७८०	कपिलवस्तु, २०६०/४/२१	देव नारायण थारु	रोगाई

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८०/०८/११ सम्मको ब्याज र अन्य रकम	जम्मा तिर्नुपर्ने रकम
९.	सुरज किराना एण्ड गल्ला पसल	सि.न.पा.-११, पिपरैया	व्यापार कर्जा	६४,००,०००.	३,८०,०००.	६७,८०,०००.

फर्मको दर्ता नं. २९०८/०६९/०७०, दर्ता भएको कार्यालय: वाणिज्य कार्यालय, रूपन्देही, दर्ता मिति : २०६९/०६/१६, पान नं. ३०५६४०३२९, मिति २०६९/०६/१६, आन्तरिक राजस्व कार्यालय, भैरहवा।

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बुवा	बाजे
चुलाही जयसवाल	सि.न.पा._११, पिपरैया	३७३०२३/२११४	रुपन्देही/२०६३/११/२५	काशी प्रसाद जयसवाल	गोली प्रसाद जयसवाल

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८०/०८/११ सम्मको ब्याज र अन्य रकम	जम्मा तिर्नुपर्ने रकम
१०.	कोटहीमाई गल्ला भण्डार	सिद्धार्थनगर वार्ड नं १, बेलहिया, रुपन्देही	व्यापार कर्जा	६,७००,०००.	५१८,५००.	७,२१८,५००.

फर्मको दर्ता नं. १२३६८, दर्ता भएको कार्यालय: वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण कार्यालय, भैरहवा, रूपन्देही, दर्ता मिति : २०७५/१२/२६, पान नं. ३००३९५८९१, मिति २०५८/०६/०७ आन्तरिक राजस्व कार्यालय, भैरहवा।

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बुबा	बाजे
तिरथ कलवार	सिद्धार्थनगर वार्ड नं १, बेलहिया, रुपन्देही	२/५०६०	रुपन्देही/२०५२/१०/२८	मोहारी कलवार	सान्तु कलवार

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८०/०८/११ सम्मको ब्याज र अन्य रकम	जम्मा तिर्नु पर्ने रकम
११.	गुड्डु सः मिल	लु.सा. न .पा. वार्ड नं. १७, मोगलहा	उद्योग कर्जा	७८,००,०००.	४,६५,०००.	८२,६५,०००.

फर्मको दर्ता नं. १३३८, दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर, भैरहवा, रूपन्देही, दर्ता मिति : २०५३/०२/२८, पान नं. ६०२२४८१८३, मिति २०७१/०४/०८, आन्तरिक राजस्व कार्यालय, भैरहवा

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बुवा	बाजे
मुस्ताक अहमद मुसलमान	मधुवनि वार्ड नं २, रुपन्देही	४/२४२१	रुपन्देही, २०४५/१/२७	दुखी मु	अलिरजा मु.

कृषि विकास बैंक लिमिटेड
लुम्बिनी प्रदेश कार्यालय
भैरहवा, रूपन्देही

नेपाल सुपर लिग

एरिकको उत्कृष्ट फ्री किक गोल

मिडफिल्डर एरिक विष्टले ३५ यार्ड टाढाबाट उत्कृष्ट फ्री किक गोल गरेपछि इलाममाथि बुटवलको २-१ को जित

रमेश सुवेदी / नयाँ पत्रिका

कप्तान एरिक विष्टले करिअरकै चौथो उत्कृष्ट फ्री किक गोल गरेपछि बुटवल लुम्बिनीले नेपाल सुपर लिग (एनएसएल)मा पहिलो जित निकालेको छ। दशरथ रंगशालामा भएको आइतबार दोस्रो सिजनको एनएसएलमा बुटवलले स्पोर्टिङ इलाम एफसीलाई २-१ ले हराउँदै पहिलो जित निकालेको हो। बुटवलको जितमा एरिक नायक बने। उनले चालू एनएसएलकै उत्कृष्ट गोल गरे। एन्फा एकेडेमीका उत्पादक एरिकले करिअरकै स्मरणीय गोल रहेको बताएका छन्।

खेलको ८८औँ मिनेटमा बुटवलले पोस्टभन्दा करिब ३५ यार्ड टाढाबाट फ्री किक प्रहार गर्ने अवसर पायो। मार्की खेलाडीसमेत रहेका एरिकले फ्री किक प्रहार गर्दा गोलरक्षक विकेश कुथूलाई छेक्ने अवसर नदिई नै दोस्रो बारको कुना च्याप्दै उत्कृष्ट गोल गरे।

सहिद स्मारक 'बी' डिभिजन लिगमा बाँसबारी क्लबमा हुँदा पनि एरिकले यस्तै फ्री किक गोल गरेका थिए। उनले इलामविरुद्धको गोललाई सम्भवत करिअरकै उत्कृष्ट गोलका रूपमा लिएका छन्। 'करिअरमा यस्तो फ्री किक चौथोपटक पूरा गरेको हुँ, त्यसमध्ये यो गोल सबैभन्दा उत्कृष्ट लाग्छ,' एरिकले भने। 'ए' डिभिजन लिगमा डेब्यु गरेको सिजनमै चर्च ब्वाइजलाई लिग च्याम्पियन बनाउन उनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। एरिकले ०७८ को लिगमा न्युरोड टिम (एनआरटी)बाट खेल्दा तत्कालीन साबिक विजेता मच्छिन्द्र फुटबल क्लबविरुद्ध पनि यस्तै गोल गरेका थिए।

संयोग दुवै गोल दशरथ रंगशालामा दक्षिणतर्फको पोस्टमा भएको थियो, जुन गोल गर्दा मच्छिन्द्रको गोलरक्षक विशाल श्रेष्ठ थिए। यसपटक विकेश कुथू रहे। दुवै गोल गर्दाका किपर राष्ट्रिय टोलीका हुन्। 'आज विकेश दाईविरुद्ध भयो, त्यसवेला विशाल दाइविरुद्ध गरेको थिएँ, त्यो गोलभन्दा आजको उत्कृष्ट लाग्यो,' एरिकले भने।

त्यसअघि एरिकले बाँसबारीबाट बी डिभिजन लिग खेल्दा यसै किसिमका दुई उत्कृष्ट फ्री किक गोल गरेका थिए। सातदोबाटोस्थित एन्फा मैदानमा मध्यपुर युथ एसोसिएसन र एनआरटीविरुद्ध उनले फ्री किक गोल गरेका थिए। स्वामित्व परिवर्तनसँगै बुटवल लुम्बिनीले एरिकलाई मार्की बनाएको हो। चलनचल्ती र नेपालमै खेलिरहेका विदेशी खेलाडीलाई समेट्दै बुटवलले टिम बनाएको छ। लगातार दोस्रो खेलमा पराजित बुटवल तेस्रो खेलमा पराजित भए प्लेअफबाट टाढा हुने थियो।

एरिक नायक हुँदा बुटबलले प्लेअफको सम्भावना कायमै राखेको छ। 'फ्री किक हान्दा सधैँ गोल हुँदैन, तर आज सफल भएको छु,' उनले भने, 'प्रहार गर्दा दबाबमा थिएँ। खेल जित्दा खुसी लाग्यो।' एरिकले दुई वर्षअघि बंगलादेशविरुद्ध खेल्दै राष्ट्रिय टोलीबाट डेब्यु गरेका थिए। त्यसयता २४ खेल खेल्दा राष्ट्रिय टोलीमा भने उनी गोलविहीन छन्।



इलामका खेलाडीविरुद्ध बल खोस्ने प्रयासमा बुटवलका खेलाडी (सेतो), फ्री किकमा गोल गरेपछि बुटवलका एरिक विष्ट (इन्सेट)। तस्बिर : नयाँ पत्रिका

बुटवलको पहिलो जित

बुटबलले एनएसएलको १२औँ खेलमा पहिलो जित निकालेको छ। बुटवलका लागि थप एक गोल स्टेफन बिनोडले गरे। इलामका अमाथ ड्वले एक गोल फर्काएका थिए। जितसँगै बुटवलले प्रतियोगितामा तीन खेलबाट ३ अंक जोडेको छ। यसअघि पहिलो खेलमा ललितपुरसँग २-० ले पराजित बुटवलले दोस्रो खेलमा धनगढीविरुद्ध १-० को हार बेहोरेको थियो।

प्रतियोगितामा इलामको यो दोस्रो हार हो। उद्घाटन खेलमा साबिक विजेता काठमाडौं रेजर्ससँग १-० ले हारेको इलाम दोस्रो खेलमा नयाँ टोली झापा एफसीलाई १-० ले हराउन सफल भयो।

जितपछि बुटवलका प्रशिक्षक विजय महर्जन जित एकदमै आवश्यक रहेको जनाउँदै ३ अंक हासिल गर्दा दंग परेका छन्। 'आज जित एकदमै आवश्यक थियो। ३ अंक जसरी पनि चाहिएको थियो,' उनले भने, 'खेलाडीले धेरै राम्रो खेलेका छन्, एरिकको विश्वस्तरीय गोल नै जितको आधार बन्यो।' इलामका प्रशिक्षक मेघराज केसीले खेलाडी गम्भीर नभएको र फिनिसिङ नभएको प्रतिक्रिया दिए। 'हाम्रो खेल राम्रो थियो, खेलाडीले स्कोर गर्न नसक्नु दुर्भाग्य हो,' उनले भने, 'खेलमा अवसर बनाउनु ठूलो कुरा हो र भाग्यले पनि साथ दिएन, खेलाडी गम्भीर नभएर स्कोरमा समस्या भयो।'

स्टेफनको अग्रता

खेलको पहिलो हाफ गोलरहितमा सकियो। दोस्रो हाफमा दुवै टोली आक्रामक देखिए। दोस्रो हाफ सुरु भएको चौथो मिनेटमै विदेशी खेलाडी स्टेफन बिनोडले बुटवललाई १-० को अग्रता दिलाए। राष्ट्रिय टोलीका स्ट्राइकर जिलेस्पीजंग कार्कीले मिलाएको पासलाई सिक्स यार्ड बक्समा अनमार्क रहेका बिनोडले गोल गरे।

इलामका अमाथ ड्वले ७८औँ मिनेटमा १-१ को बराबरीमा ल्याएका थिए। खेलको ५८औँ मिनेटमा इलामले पेनाल्टी पायो। तर, फोडे कामाराले पेनाल्टी सदुपयोग गर्न सकेनन्। डिबक्सभित्र अर्नेस्ट टाम्पीले हयान्ड गरेपछि भारतीय रेफ्री राम दासनले इलामलाई पेनाल्टी दिएका थिए। कामाराले बायाँतर्फ गरेको प्रहारलाई बुटवलका गोलरक्षक मोहमोडोउले विफल तुल्याए।

आइपिएल अक्सनमा १ हजार १ सय ६६ खेलाडी

२०२४ को आइपिएल अक्सनमा भारतबाट सर्वाधिक आठ सय ३० र विदेशी तीन सय ३६ खेलाडीको नाम दर्ता

एजेन्सी

यस सिजनको इन्डियन प्रिमियर लिग (आइपिएल)को खेलाडी अक्सन १९ डिसेम्बरमा दुबईमा हुने भएको छ। भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)ले अक्सनमा सहभागी प्रत्येक फ्रेन्चाइज टोलीलाई पाँच करोड भारु थप खर्चन पाउने बताएको छ। गत वर्षको सिजनमा फ्रेन्चाइज टोलीलाई ९५ करोड भारु मात्र खर्चन पाउने नियमावली बनाएको थियो। बिसिसिआईले खेलाडीमाथि धेरै बोली लगाउन सहज बनाउन नै थप पाँच करोड भारु खर्चन अनुमति दिएको हो। यसपटकको अक्सनमा एक हजार एक सय ६६ खेलाडीले रजिस्टर गरेका छन्।



जसमा आठ सय ३० भारतीय र तीन सय ३६ विदेशी खेलाडी छन्। विदेशी खेलाडीको सूचीमा इंग्ल्यान्डका फास्ट बलर जोफ्रा आर्चरले आफ्नो नाम समावेश गरेका छैनन्। टी-२० फर्म्याटकै राम्रा खेलाडी मानिने मिचेल स्टार्क, प्याट क्युमिन्स, ट्रेभिस हेड, जेराल्ड कुट्सी तथा रचिन रविन्द्रा यसपटक अक्सनमा परेका छन्। भारतका हर्षल पटेल, शार्दूल ठाकुर, उमेर यादव र जयदेव पनि अक्सनमै रहेका छन्। भारतीय मिडियाका अनुसार यी विश्वचर्चित खेलाडी कम्तीमा १० करोड भारुमा बिक्न सक्छन्।

२५ खेलाडीको प्रारम्भिक मूल्य दुई करोड भारु

आइपिएलमा आबद्ध फ्रेन्चाइज टोलीहरूले अक्सनअगाडि खेलाडीसँग सम्झौता गरेका छन्। कतिपय टोलीले खेलाडीको नवीकरण गरेनन्। धेरैजसो टोलीले खेलाडीसँग सम्झौता गर्दा नाम चलेका ७७ खेलाडी अक्सनमा परेका हुन्। जसमध्ये ३० विदेशी खेलाडीले आफ्नो नाम अक्सनमा राखेका छन्। अहिले प्रत्येक टोलीसँग दुई अर्ब ६२ करोड ९५ लाख भारु सञ्चित बजेट छ।

बिसिसिआईले २५ खेलाडीको सुरुवाती बोली नै दुई करोड भारु राखेको छ।

यसमा सात अस्ट्रेलियन र चार भारतीय खेलाडीको सुरुवाती मूल्य नै दुई करोड भारु हुनेछ। बिसिसिआईका अनुसार क्युमिन्स, हेड, स्टार्क, जोस हेजलउड, स्टिभ स्मिथ र सिन एबोटको प्रारम्भिक बोली नै दुई करोड भारु राखिएको छ। यसैगरी भारतका हर्षल, केदार ज्यादव, शार्दूल र उमेशको न्यूनतम मूल्य नै दुई करोड भारु रहेको छ।

यसैगरी, २० खेलाडीको औसत मूल्य नै एक करोड ५० लाख भारु रहेको छ। १६ खेलाडीले सुरुवातमै एक करोड भारु पाउनेछन्। त्यसपछि एक हजार एक सय पाँच खेलाडीको प्रारम्भिक मूल्य २० देखि ९५ लाख भारु राखिएको बिसिसिआईले जनाएको छ।

एसोसिएटबाट ४५ खेलाडी

१९ डिसेम्बरमा हुने आइपिएल अक्सनमा एसोसिएट राष्ट्रका ४५ खेलाडीले अक्सनमा नाम दर्ता गराएका छन्। एसोसिएटमा नेपाल, नामिबिया, नेदरल्यान्ड्स, स्कटल्यान्ड, युएई र अमेरिकाबाट छन्। आइपिएलले ती एसोसिएट राष्ट्रका खेलाडीको नाम सार्वजनिक गरेको छैन।

आइपिएलले केही दिनमै सबै खेलाडीको नाम सार्वजनिक गर्नेछ। अक्सनमा जानका लागि खेलाडीहरू सर्टलिस्टमा पर्नुपर्ने हुन्छ। आइपिएलले अक्सनमा मूल्य लाग्न सक्ने खेलाडीलाई मात्रै सर्टलिस्टमा राख्ने गर्छ। अहिलेसम्म नेपालबाट लेग स्पिनर सन्दीप लामिछाने मात्र सर्टलिस्टमा परेका थिए।

खेल संक्षेप

विश्व जुनियर बक्सिङमा नुर्बु पराजित

काठमाडौं / नेपालका मुक्केबाज नुर्बु थेन्डुप शेर्पा विश्व जुनियर बक्सिङ च्याम्पियनसिपमा पराजित भएका छन्। प्रतियोगिताको पुरुष ७० केजी तौल समूहमा उनी भारतका पूर्वएसएसबिसी च्याम्पियन आर कुन्दुसँग आरएससीका आधारमा पराजित भएका हुन्। प्रतियोगिता २३ नोभेम्बरदेखि ४ डिसेम्बरसम्म चल्नेछ। प्रशिक्षक लालबहादुर पौडेल र खेलाडी शेर्पालाई केही दिनअघि राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङ र नेपाल बक्सिङ महासंघका अध्यक्ष राम अवाले बिदाइ गरेका थिए।

रेडियन्ट र जेसिसलाई रेडियन्ट कप

काठमाडौं / आयोजक रेडियन्ट पब्लिक, जेनिथ र जेसिसले नवौं रेडियन्ट कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन्। जेनिथ सिनियर पुरुष, रेडियन्ट जुनियर पुरुष र जेसिस सिनियर महिला विधामा च्याम्पियन भए। आइतबार भएको सिनियर पुरुषको फाइनलमा जेनिथले आयोजक रेडियन्टलाई ५८-४५ ले पराजित गऱ्यो। जेनिथको जितमा प्रज्वल बस्नेतले २३ स्कोर गरे। जुनियर पुरुषको फाइनलमा विधान कार्कीको १२ स्कोरको सहयोगमा रेडियन्टले ग्रिनफिल्डमाथि २०-१९ को साँघुरो अन्तरको जित निकाल्यो।

स्युचाटारस्थित आयोजक रेडियन्टको कोर्टमा भएको महिला उपाधि भिडन्तमा जेसिसले रिब्समाथि १८-१३ को जित दर्ता गऱ्यो। जेसिसकी कृति मोक्तानले ७ स्कोर गरिन्।

ज्ञान सागरको क्लिन स्विप

काठमाडौं / सिर्जना ज्ञान सागरले दोस्रो तार्केश्वर मेयर रनिङ सिल्ड खेलकुद प्रतियोगिताअन्तर्गत टेबलटेनिसको स्वर्णमा क्लिन स्विप गरेको छ। टेबलटेनिसमा तीन स्वर्णका लागि आइतबार प्रतिस्पर्धा भएको थियो। ज्ञान सागरले तीनै स्वर्ण जित्यो। मनमैजुस्थित एन्जल्स हार्टमा भएको पुरुष फाइनलमा सन्तोष थापाले ग्रिन हिल्सका रोहित भण्डारीलाई ११-५, ११-४ र ११-६ को सोझो सेटमा पराजित गरे। प्रतियोगिताको महिला एकल फाइनलमा विपिना थापाले लालीगुराँस नेसनल एकेडेमी (एलएनए)की रक्षा थापालाई सीधा सेटमा ११-२, ११-४ र ११-७ ले हराइन्।

फ्लावर ८४ रनले विजयी

धनगढी / लिटल फ्लावर प्रिमियर लिग (एलपिएल) टी-२० मा लिटल फ्लावर बोर्डिङ स्कुलले आइतबारको उद्घाटन खेलमा सुदूरपश्चिमाञ्चल एकेडेमी (एसपिए) लाई ८४ रनले हराएको छ। पहिलो ब्याटिङ गरेको लिटल फ्लावर १९.२ ओभरमा अलआउट हुँदै १३६ रनमा समेटियो। फ्लावरका कप्तान कृष्ण कार्कीले सर्वाधिक ६५ रनको योगदान गरे। एसपिए १६ ओभरमा ५१ रनमै अलआउट भयो। लिटल फ्लावर स्पोर्टस् क्लबको आयोजनामा सुरु भएको आठौं संस्करणको उपाधि विजेताले दुई लाख ५५ हजार र उपविजेताले एक लाख २८ हजार रुपैयाँ पुरस्कार पाउनेछन्। प्रतियोगितामा काठमाडौं, रौतहट, दाङ, कैलाली र कञ्चनपुरका गरी १६ टोलीले भाग लिइरहेका छन्। मोफसलबाट क्रिकेटको विकास गर्ने उद्देश्यले आठ वर्षदेखि एलपिएल सञ्चालन गरिरहेको आयोजक क्लबका अध्यक्ष रामचन्द शाहीले बताए।

महेन्द्र पाँचौंपटक विजेता

कास्की / पाचौं राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको उपाधि महेन्द्र मावि लाहाचोकले जितेको छ। महेन्द्रले योसँगै पाँचौंपटक उपाधि जितेको हो। प्रतियोगितामा ११ स्वर्ण, पाँच रजत र दुई कांस्य गरी १८ पदकसहित महेन्द्रले उपाधि हात पारेको हो। उपविजेता बनेको निष्पक्ष मावि‌ले सात स्वर्ण, ६ रजत र तीन कांस्य गरी १६ पदक जित्यो। तेस्रो भएको उदय मावि‌ले चार स्वर्ण, चार रजत र चार कांस्य गरी १२ पदक हात पारेको छ। विजेताले १५ हजार, उपविजेताले १० हजार र तेस्रो टोलीले सात हजार रुपैयाँ पाएको आयोजकले जनाएको छ। प्रतियोगितामा सहभागी ३८३ जना विद्यार्थीले विभिन्न ३० खेलमा प्रतिस्पर्धा गरेका थिए।

सुभयान पहिलो

हेटौंडा / एसियन खुला रेटिङ हेटौंडा कप बुद्धिचाल प्रतियोगिताको उपाधि भारतका २३९३ रेटेड शीर्ष खेलाडी सुभयान कुन्डुले जितेका छन्। उनले ९ चरणको प्रतिस्पर्धामा ६ जित र ३ बराबरी नतिजा निकाल्दै सर्वाधिक ७.५ अंक जोडे। उनले प्रतियोगितामा अपराजित रही एक लाख २५ हजार रुपैयाँ हात पारे। कुन्डुले अन्तिम खेल बराबर गर्दा उपाधि आफ्नो नाममा रहने निश्चित हुँदा पनि बंगलादेशका एफएम सरिफ होसेनलाई हराउँदै च्याम्पियनसिप उपाधि उचाले। प्रतियोगितामा सात अंक जोड्दै दोस्रो भएका बंगलादेशका आइएम मोहमद मिनहाजले ७५ हजार र तेस्रो भएका भारतका एफएम अरबिन्दर प्रीत सिंहले ४० हजार पाए। यसैगरी उत्कृष्ट स्थानीय खेलाडी झिल्के मोक्तान भए। उत्कृष्ट भट्टान खेलाडी देव कान्तिलाल बनेका छन्। उत्कृष्ट महिला खेलाडी श्रीलंकन सचिनी रानासिंघे महिला घोषित भइन्।

मादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा ,कास्की
गण्डकी प्रदेश, नेपाल

मादी गाउँपालिका

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति :-२०८०/०८/१८

यस कार्यालयको मिति २०८०/०५/१७ गतेको "राजधानी राष्ट्रिय दैनिक" पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धि सूचना (single stage Two envelove) अनुसार निम्न कार्यको लागि E-Bidding मार्फत आह्वान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्ताव मूल्याङकनमा निम्न अनुसारका बोलपत्रदाताहरुले प्राविधिक प्रस्तावको शर्तहरू पूरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८०/०८/२५ गते दिनको १:०० बजे यस कार्यलयमा खोलिने भएको हुँदा सार्वजनिक खरीद नियमावली २०६४ को नियम (३१ ङ) को उपनियम ५ तथा ६ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

ठेक्का नं.	कामको विवरण	प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताहरु	कैफियत
MRM/NCB/ W17/80-081	Construction Of Cold Store at Madi Rural Municipality ward no 12 Bhagwatitar	1. J.P Engineering And Construction Pvt. Ltd, Teku-12, Kathmandu 2. Sita Builders, Pokhara	

प्रमुख प्रशासकिय अधिकृत

अनमोल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
सुर्यबिनायक, भक्तपुर

तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने १५ दिने सूचना

यस अनमोल बचत तथा ऋण सहकारी संस्था लिमिटेड भक्तपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाको संस्थालाई तिर्नु बुझाउनु पर्ने सांवा, व्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवंम मौखीक सूचना गरीयो तर ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस संस्थामा सम्पर्क राखी प्राप्त ऋण कर्जाको सम्पूर्ण सांवा, व्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानून बमोजिम धितो लेखिदिएको चल अचल श्री सम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानूनी कारवाही अवलम्वन गरी संस्थाको लेना रकम असुल उपर गरिनुका साथै कालोसूचिमा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिलाई समेत उपरोक्त व्यहोरा अवगतसाथ अनुरोध गर्दै म्याद भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ।

तपसिल

क.सं	ऋणीको विवरण	साक्षी बस्नेको विवरण	धितो सुरक्षणको विवरण
१)	**नाम : मोहन थापा** ठेगाना: भक्तपुर जिल्ला, सार्विक सिपाडोल गा.वि.स.का वडा नं. ९ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. ८ बाबु: हरि बहादुर थापा बाजे: ठूले थापा पत्नी: अम्बिका थापा ना.प्र.नं.: १०८३६ जारी मिति: २०५३/०३/२७ जि.प्र.का.: भक्तपुर	हरि बहादुर थापाको बुहारी, मोहन थापाको पत्नी, भक्तपुर जिल्ला, सुर्यविनायक न.पा.वडा नं. ८ बस्ने अम्बिका थापा (ना.प्र.नं.६४२९, जारी मिति: २०५८/१२/२२, जिल्ला प्रशासन कार्यालय भक्तपुर)।	मोहन थापाको नाममा भक्तपुर मालपोत कार्यालयमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, सार्विक नखेल गा.वि.स वडा नं. १ख स्थित कित्ता नं. १०६१ को क्षेत्रफल ०-९-०-० को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२)	**नामः पुस्कर के.सी.** ठेगाना: भक्तपुर जिल्ला, सार्विक गुण्डु गा.वि.स.का वडा नं. ४ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. ०७ बाबु: पूर्ण बहादुर के.सी. बाजे: कृष्ण गोपाल के.सी. पत्नी: बबिता के.सी. ना.प्र.नं.: ७८७९ जारी मिति: २०५२/०८/१२ जि.प्र.का.: भक्तपुर	पूर्ण बहादुर के.सी.को बुहारी, पुस्कर के.सी. को पत्नी, भक्तपुर जिल्ला, सुर्यविनायक न.पा.वडा नं. ७ बस्ने बबिता के.सी. (ना.प्र.नं.२९३०१५-३, जारी मिति: २०६३/११/२५, जिल्ला प्रशासन कार्यालय भक्तपुर)।	पुस्कर के.सी.को नाममा भक्तपुर मालपोत कार्यालयमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, सार्विक गुण्डु गा.वि.स वडा नं.४ स्थित कित्ता नं. ६३६ को क्षेत्रफल ०-६-०-० को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०/०८/१८

यस कार्यालयबाट तपशिल बमोजिमको कार्यका लागि प्रकाशित सूचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरुको आर्थिक तथा प्राविधिक मुल्यांकन हुँदा तपशिल अनुसारको बोलपत्रदाताले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही तथा न्युनतम मुल्यांकित समेत भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ एवम दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

तपशिल

सि. नं.	बोलपत्रको नम्बर र कामको विवरण	बोलपत्र दाताको नाम र ठेगाना	कबोल अंक रु. (मु.अ.कर र पि.एस. सहित)	सूचना प्रकाशित पत्रिका र मिति
1	RM/02/2080-081, Upgrading of Saaune Bolang Bolang Barbot Road at Ramechhap Municipality -4	Singhdevi Nirman Sewa Pvt. Ltd., Manthali, Ramechhap.	१,६७,०९,९९२.४२	२०८०/०६/१४ मध्यान्ह राष्ट्रिय दैनिक

प्रमुख प्रशासकीय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com